# नौगाड गाउँपालिका दार्चुला

# मध्यमकालीन खर्च संरचना

## (आ.व. २०८२/८३-२०८४/८५)

**Medium-Term Expenditure Framework**

**FY 2025/26 – 2027/28**


| | |
|---|---|
| **प्रकाशक** | : नौगाड गाउँपालिका, दार्चुला |
| **कार्यपालिकाबाट पारित मिति** | : २०८२ असार ४ गते |
| **सभाबाट अनुमोदन मिति** | : २०८२ असार ८ गते |
| **प्रकाशन मिति** | : २०८२ असार २८ गते |
| **मुद्रण मिति** | : २०८२ असार २८ गते |
| **सर्वाधिकार** | : नौगाड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय |
| **कम्प्युटर लेआउट** | : योजना तथा अनुगमन शाखा, नौगाड गाउँपालिका |
| **मुद्रण** | : १११ प्रति |

पत्र संख्या / Ref. No.: - २०८१/०८२
चलानी नम्बर / Dispatch No.:-

मिति/Date: - २०८२।०३।१० गते
नेपाल सम्बतः ११४५ तछलागा चतुर्दशी मङ्गलवार

## गाउँपालिका अध्यक्षको भनाइ



स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिक, विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने प्रावधान रहेको छ । त्यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको र सोही ऐनको दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा वित्तीय अनुशासन कायम गर्नका लागि वित्त खाका, बजेट खाका र नतिजा खाका समावेश गर्नुपर्ने व्यवस्था रहेको छ । सो प्रावधान अनुसार यस गाउँपालिकाले पनि आगामी तीन वर्षको सार्वजनिक खर्च प्रक्षेपण सहितको मध्यमकालीन र्खच संरचना (२०८२/८३-२०८४/८५) तर्जुमा गरेको छ ।

गाउँपालिकाको एकीकृत आवधिक विकास योजनाले तय गरेको सोच, लक्ष्य र उद्देश्य प्राप्तिका लागि नौगाड गाउँपालिकाले मध्यमकालीन खर्च संरचना (२०८२/८३-२०८४/८५) तर्जुमा गर्ने कार्य सम्पन्न गरेको छ । प्राकृतिक सम्पदाले भरिपूर्ण, धार्मिक, सामाजिक तथा सांस्कृतिक विविधता भएको यस गाउँपालिकाका जनताको आर्थिक, सामाजिक न्याय सहितको समृद्ध समाज निर्माण गर्न र योजनाबद्ध विकास गर्नका लागि मध्यमकालीन खर्च संरचनाले पुलको रूपमा कार्य गर्नेछ । हाम्रो स्रोत र साधनहरूलाई आधारभूत तहमा रहेका जनताहरूको पहुँच र लाभ पुग्ने गरी उपयोग र बिस्तार हुनेछ । समृद्धि सहितको सुशासनलाई संस्थागत विकास गर्न यो मध्यमकालीन खर्च संरचना महत्वपूर्ण दस्तावेजको रूपमा रहनेछ । मध्यमकालीन खर्च संरचना तयार गर्नका लागि प्रत्यक्ष, अप्रत्यक्ष रूपमा योगदान गर्नु हुने सम्पूर्ण शुभचिन्तक, विज्ञ, गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू, विषयगत समितिहरू, सहजिकरणमा संलग्न कर्मचारीहरू, आम जनसमुदाय, सरकारी तथा गैर सरकारी विकास साझेदार संस्थाहरू, राजनीतिक दलका प्रतिनिधि, सुदूरपश्चिम प्रदेश सरकार लगायत सबैलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै मध्यमकालीन खर्च संरचना निर्माणको प्राविधिक सहयोग र सहजिकरण गर्ने सबै विषयगत विज्ञ र सहयोगि संस्था तथा व्यक्ति प्रति विशेष आभार प्रकट गर्न चाहन्छु । अन्तमा यो मध्यमकालीन खर्च संरचनाको सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्न चाहन्छु ।

दलजित सिंह धामी
गाउँपालिका अध्यक्ष

### <u>उपाध्यक्षको भनाई</u>



सर्वप्रथम राष्ट्र निर्माण, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका विभिन्न ऐतिहासिक जनआन्दोलन तथा संघर्षमा अतुलनीय भूमिका निर्वाह गर्ने सम्पूर्णमा उच्च सम्मान प्रकट गर्दछु । संविधान सभा मार्फत असोज ३, २०७२ मा "नेपालको संविधान" जारी भएपछि नेपालमा संघीय शासन प्रणालीको थालनी भयो। जेठ १५, २०६५ मा बसेको संविधान सभाको पहिलो बैठकले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य विधिवत् रूपमा घोषणा गऱ्यो । संविधानले अङ्गीकार गरेको संघ, प्रदेश र स्थानीय सरकार अहिले अभ्यासमा छन् । राज्य पुनः संरचना पश्चात् संघियताको कार्यान्वयनमा गर्न स्थानीय तहलाई सुदृढ गरी जनताका समस्यालाई समाधान गर्न स्थानीय तहलाई स्रोत सम्पन्न बनाउनु पर्ने देखिन्छ ।

स्थानीय स्रोतको व्यापक परिचालनका लागि योजनाबद्ध विकासको स्पष्ट खाँका तयार गरी नौगाडबासी जनताको जीवनस्तरमा दीर्घकालीन दिगो सुधार ल्याउने स्पष्ट उद्देश्य रहेको छ। जनताको नजिकको सरकार भनेको स्थानीय सरकार भएको हुँदा जनता समस्याहरूलाई पनि नजिकबाट स्थानीय सरकार तथा स्थानीय जनप्रतिनिधिहरूले बुझेका हुन्छन्। स्थानीय सरकार तथा जनप्रतिनिधिहरूले स्थानीय स्रोत साधन परिचालन, स्थानीय कला सीप ज्ञानको उन्नतिकरण गरी स्थानीय जनताका समस्या समाधान गर्दै नौगाड बासी जनताको जीवन स्तरमा सुधार ल्याई नौगाडबासी जनतालाई दिगो स्थानीय विकासको अनुभूति गराउने हाम्रो लक्ष्य रहेको छ । सो लक्ष्य प्राप्तिका लागि विभिन्न क्षेत्रको विकासलाई समेट्ने गरी यसै आर्थिक वर्षमा आगामी आर्थिक वर्षबाट लागू हुने प्रथम एकीकृत आवधिक विकास योजना निर्माण गरी आवधिक योजनाले बोकेका सोच, लक्ष्य र उद्देश्य प्राप्त गर्न मध्यमकालीन खर्च संरचना (२०८२/८३-२०८४/८५) तर्जुमा गरी पारित गर्दै गाउँपालिकाको वार्षिक विकास कार्यक्रम कार्यान्वयन गर्न लागेको हुँदा यस मध्यमकालीन खर्च संरचना (२०८२/८३-२०८४/८५) ले समृद्धि सहितको सुशासनलाई संस्थागत विकास गर्न महत्वपूर्ण भूमिका खेल्नेछ । मध्यमकालीन खर्च संरचना (२०८२/८३-२०८४/८५) तयार गर्नका लागि प्रत्यक्ष, अप्रत्यक्ष रूपमा योगदान गर्नु हुने सम्पूर्ण शुभचिन्तक, विज्ञ, गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू, विषयगत समितिहरू, सहजिकरणमा संलग्न कर्मचारीहरू, आम समुदाय, सरकारी तथा गैर सरकारी विकास साझेदार संस्थाहरू, राजनीतिक दलका प्रतिनिधि, सुदूरपश्चिम प्रदेश सरकार लगायत सबैलाई विशेष धन्यवाद दिन चाहन्छु। साथै मध्यमकालीन खर्च संरचना निर्माणमा सहयोग तथा सहजीकरण गर्ने सबै संघ संस्थाप्रति आभार प्रकट गर्दै, अन्तमा मध्यमकालीन खर्च संरचनाको सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्न चाहन्छु ।

जगत सिह ठगुन्ना
गाउँपालिका उपाध्यक्ष

# नौगाड गाउँपालिका
**Naugad Rural Municipality**
# गाउँ कार्यपालिकाको कार्यालय
**Office of the Rural Municipal Executive**
होपरीगाड, दार्चुला
Hoparigad, Darchula
सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpashchim Province, Nepal


पत्र संख्या / Ref. No.: - २०८१/०८२
चलानी नम्बर / Dispatch No.:-

मिति/Date: - २०८२।०३।१० गते
नेपाल सम्बतः ११४५ तछलागा चतुर्दशी मङ्गलवार

## प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य



दार्चुला जिल्लाको उत्तरपूर्व भागमा अबस्थित नौगाड गाउँपालिकाको आफ्नै खालको धार्मिक, राजनैतिक र सामाजिक-साँस्कृति महत्व र विशेषता रहेको छ। यस गाउँपालिकाको प्रथम एकिकृत आवधिक विकास योजना सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना, डोटी आर्थिक तथा प्राविधिक सहयोगमा तयार गरिएको छ। यस गाउँपालिकाको विकास र समृद्धिका लागि पहिचान गरिएका प्राथमिकताहरू, निर्दिष्ट गरिएका कार्यक्रम तथा योजनाहरू साथै विनियोजन भएको बजेटको प्रभावकारिता त्यतिबेला मात्र परिणाममुखी हुनजान्छ जतिबेला यी सबै कार्यक्रमहरूवाट प्रत्यक्ष रूपमा लाभान्वित सरोकारवालाहरू स्वःस्फूर्त रूपमा अधिकतम जनसहभागीताका साथ साझेदारीको हिस्सेदार भई लाभ प्राप्त गर्न सक्नेछन। यही विकासक्रमको जाँच गर्ने कसीको रूपमा आवधिक योजना तयार पारिएको थियो । प्रथम एकिकृत आवधिक विकास योजनाले बोकेका दिर्घकालीन लक्ष्य प्राप्तिलाई जोड्न पुलको रुपमा गाउँपालिकाले मध्यमकालीन खर्च संरचना (२०८२/८३-२०८४/८५) तयार पारेको छ ।

यो मध्यमकालीन खर्च संरचना (२०८२/८३-२०८४/८५) दस्तावेज तयार गर्ने क्रममा गाउँपालिकाको तर्फवाट अत्यन्त उत्साहका साथ सौहार्दपूर्ण वातावरण तयार गर्ने गाउँपालिका अध्यक्ष, उपाध्यक्ष लगायत, सम्पूर्ण मध्यमकालीन खर्च संरचना मस्यौदा समितिका सदस्य ज्यू, नप्रतिनिधिज्यूहरू, विषयगत समितिहरू, कार्यक्रम-योजना, नीति तथा कार्यक्रमको छलफलमा महत्वपूर्ण सहभागीताका साथ उपस्थित राजनैतिक दल, विषयगत निकायका प्रमुख एवं प्रतिनीधि, फिल्डस्तरमा खटिएर योजनाको अभिलेखीकरण गर्ने कर्मचारी, बुद्धिजीवी तथा नागरिक समाज, गाउँ कार्यपालिकाको विभिन्न शाखा अन्तरगत यो कामलाई पूर्णता दिन महत्वपूर्ण भूमिका निर्वाह गर्ने सम्पूर्ण शाखाका प्रमुख तथा कर्मचारी साथीहरूलाई धन्यवाद दिन चाहन्छु। साथै यस मध्यमकालीन खर्च संरचना निर्माणको प्राविधिक राति दिन खटिएका पूर्णता दिनु हुने योजना तथा अनुगमन शाखा, आर्थिक प्रशासन शाखा र अन्य विषयगत शाखाका शाखा प्रमुखज्यूहरू र मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी मस्यौदा निर्माण कार्यदल तथा टिमका सम्पूर्ण सदस्यहरूप्रति विशेष आभार प्रकट गर्न चाहन्छु ।

पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधिकृत

विषयसूची　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　पृष्ठ संख्या


परिच्छेद एकः परिचय........................................................................................................१
१.१ पृष्ठभूमि........................................................................................................१
१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा........................................................................१
१.३ मध्यमकालीन खर्च संरचनाको उद्देश्य........................................................................२
१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू........................................................................२
१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया........................................................................२
परिच्छेद दुईः मध्यमकालीन खर्च संरचना........................................................................६
२.१ पृष्ठभूमि........................................................................................................६
२.२ चुनौती तथा अवसर........................................................................................................६
२.३ सोच, उद्देश्य तथा रणनीति........................................................................................................६
२.३.१ दीर्घकालीन सोच........................................................................................................६
२.३.२ लक्ष्य........................................................................................................७
२.३.३ उद्देश्य........................................................................................................७
२.३.४ समष्टिगत रणनीति........................................................................................................७
२.४ मध्यमकालीन आर्थिक खाका........................................................................................................७
२.५ मध्यमकालीन नतिजा खाका........................................................................................................८
२.६ मध्यमकालीन बजेट खाका........................................................................................................११
२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट........................................................................................................१४
२.८ विषय उपक्षेत्रगत बाँडफाँट........................................................................................................१७
परिच्छेद तीनः आर्थिक वर्ष २०८२/८३ को विकास कार्यक्रम तथा बजेट........................................................................२०
३.१ आर्थिक वर्ष २०८२/८३ विकास कार्यक्रम बजेटको बाँडफाँट........................................................................२०
३.२ उपक्षेत्रगत विकास कार्यक्रम तथा आयोजनाको विवरण........................................................................२२
परिच्छेद चारः आर्थिक क्षेत्र........................................................................................................२४
४.१ कृषि, खाद्य सुरक्षा तथा सिँचाई........................................................................................................२४
४.१.१ पृष्ठभूमि........................................................................................................२४
४.१.२ समस्या तथा चुनौती........................................................................................................२४
४.१.३ सोच........................................................................................................२४
४.१.४ उद्देश्य........................................................................................................२५
४.१.५ रणनीति........................................................................................................२५
४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........................................................................................................२५
४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान........................................................................२६
४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण........................................................................२६
४.१.९ जोखिम पक्ष तथा अनुमान........................................................................................................२८
४.२ पशुपंक्षी विकास तथा सेवा........................................................................................................२९
४.२.१ पृष्ठभूमि........................................................................................................२९
४.२.२ समस्या तथा चुनौती........................................................................................................२९

४.२.३ सोच ....................................................................................................................................२९
४.२.४ उद्देश्य ................................................................................................................................३०
४.२.५ रणनीति..................................................................................................................................३०
४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.............................................................................३०
४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान..............................................................३०
४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण...................................................................................३१
४.२.९ जोखिम पक्ष तथा अनुमान ...................................................................................................३२
४.३ उद्योग, व्यापार तथा व्यवसाय ................................................................................................३३
४.३.१ पृष्ठभूमि..................................................................................................................................३३
४.३.२ समस्या तथा चुनौती ............................................................................................................३३
४.३.३ सोच ......................................................................................................................................३३
४.३.४ उद्देश्य ....................................................................................................................................३३
४.३.५ रणनीति..................................................................................................................................३३
४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...............................................................................३४
४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.................................................................३४
४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण....................................................................................३५
४.३.९ जोखिम पक्ष तथा अनुमान.......................................................................................................३५
४.४ पर्यटन, सम्पदा तथा संस्कृति....................................................................................................३६
४.४.१ पृष्ठभूमि..................................................................................................................................३६
४.४.२ समस्या तथा चुनौती..............................................................................................................३६
४.४.३ सोच.......................................................................................................................................३६
४.४.४ उद्देश्य ....................................................................................................................................३६
४.४.५ रणनीति..................................................................................................................................३६
४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.................................................................................३७
४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.................................................................३७
४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...................................................................................३८
४.४.९ जोखिम पक्ष तथा अनुमान .....................................................................................................३८
४.५ भूमि व्यवस्था, बैङ्क, वित्त तथा सहकारी..................................................................................३९
५.५.१ पृष्ठभूमि..................................................................................................................................३९
४.५.२ समस्या तथा चुनौती..............................................................................................................३९
४.५.३ सोच ......................................................................................................................................३९
४.५.४ उद्देश्य ....................................................................................................................................३९
४.५.५ रणनीति..................................................................................................................................३९
४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.................................................................................३९
४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.................................................................४०
४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...................................................................................४०

४.५.९ जोखिम पक्ष तथा अनुमान ........ ४१
४.६ श्रम, रोजगार तथा गरिबी निवारण ........ ४२
४.६.१ पृष्ठभूमि ........ ४२
४.६.२ समस्या तथा चुनौती ........ ४२
४.६.३ सोच ........ ४२
४.६.४ उद्देश्य ........ ४२
४.६.५ रणनीति ........ ४३
४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४४
४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४४
४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४४
४.६.९ जोखिम पक्ष तथा अनुमान ........ ४५
परिच्छेद पाँचः सामाजिक विकास क्षेत्र ........ ४६
५.१ स्वास्थ्य तथा पोषण ........ ४६
५.१.१ पृष्ठभूमि ........ ४६
५.१.२ समस्या तथा चुनौती ........ ४६
५.१.३ सोच ........ ४६
५.१.४ उद्देश्य ........ ४७
५.१.५ रणनीति ........ ४७
५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४७
५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४९
५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४९
५.१.९ जोखिम पक्ष तथा अनुमान ........ ५१
५.२ शिक्षा, विज्ञान, कला, भाषा तथा साहित्य ........ ५२
५.२.१ पृष्ठभूमि ........ ५२
५.२.२ समस्या तथा चुनौती ........ ५२
५.२.३ सोच ........ ५२
५.२.४ उद्देश्य ........ ५३
५.२.५ रणनीति ........ ५३
५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५३
५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५४
५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५५
५.२.९ अनुमान तथा जोखिम ........ ५८
५.३ खानेपानी तथा सरसरफाई ........ ५९
५.३.१ पृष्ठभूमि ........ ५९
५.३.२ समस्या तथा चुनौती ........ ५९
५.३.३ सोच ........ ५९

५.३.४ उद्देश्य ........ ५९
५.३.५ रणनीति........ ६०
५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ६०
५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६१
५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण........ ६१
५.३.९ जोखिम पक्ष तथा अनुमान ........ ६२
५.४ महिला, बालबालिका तथा लक्षित वर्ग ........ ६३
५.४.१ पृष्ठभूमि........ ६३
५.४.२ समस्या तथा चुनौती ........ ६३
५.४.३ सोच ........ ६३
५.४.४ उद्देश्य ........ ६३
५.४.५ रणनीति........ ६४
५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ६४
५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान........ ६५
५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६५
५.४.९ जोखिम पक्ष तथा अनुमान ........ ६७
५.५ युवा तथा खेलकुद ........ ६८
५.५.१ पृष्ठभूमि........ ६८
५.५.२ समस्या तथा चुनौती........ ६८
५.५.३ सोच........ ६८
५.५.४ उद्देश्य ........ ६८
५.५.५ रणनीति........ ६८
५.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ६९
५.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान........ ६९
५.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ७०
५.५.९ जोखिम पक्ष तथा अनुमान ........ ७०
परिच्छेद छः पूर्वाधार विकास क्षेत्र ........ ७१
६.१ आवास, भवन तथा सहरी विकास ........ ७१
६.१.१ पृष्ठभूमि........ ७१
६.१.२ समस्या तथा चुनौती........ ७१
६.१.३ सोच........ ७१
६.१.४ उद्देश्य ........ ७१
६.१.५ रणनीति........ ७१
६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ७२
६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान........ ७२
६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ७२

६.१.९ जोखिम पक्ष तथा अनुमान ........ ७३
६.२ सडक, पुल तथा यातायात ........ ७४
६.२.१ पृष्ठभूमि ........ ७४
६.२.२ समस्या तथा चुनौती ........ ७४
६.२.३ सोच ........ ७४
६.२.४ उद्देश्य ........ ७४
६.२.५ रणनीति ........ ७४
६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ७५
६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ७५
६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ७५
६.२.९ जोखिम पक्ष तथा अनुमान ........ ७७
६.३ जलस्रोत, विद्युत तथा उर्जा ........ ७८
६.३.१ पृष्ठभूमि ........ ७८
६.३.२ समस्या तथा चुनौती ........ ७८
६.३.३ सोच ........ ७८
६.३.४ उद्देश्य ........ ७८
६.३.५ रणनीति ........ ७८
६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ७९
६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ७९
६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ८०
६.३.९ जोखिम पक्ष तथा अनूमान ........ ८०
६.४ सूचना तथा सञ्चार ........ ८१
६.४.१ पृष्ठभूमि ........ ८१
६.४.२ समस्या तथा चूनौती ........ ८१
६.४.३ सोच ........ ८१
६.४.४ उद्देश्य ........ ८१
६.४.५ रणनीति ........ ८२
६.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ८२
६.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ८२
६.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ८३
६.४.९ जोखिम पक्ष तथा पूर्वानुमान ........ ८३
परिच्छेद सातः वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र ........ ८४
७.१ वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण ........ ८४
७.१.१ पृष्ठभूमि ........ ८४
७.१.२ समस्या तथा चुनौती ........ ८४
७.१.३ सोच ........ ८४

७.१.४ उद्देश्य ...... ८५
७.१.५ रणनीति...... ८५
७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... ८५
७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान...... ८६
७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण...... ८६
७.१.९ जोखिम पक्ष तथा पूर्वानुमान ...... ८७
७.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन...... ८८
७.२.१ पृष्ठभूमि...... ८८
७.२.२ समस्या तथा चुनौती ...... ८८
७.२.३ सोच ...... ८८
७.२.४ उद्देश्य ...... ८८
७.२.५ रणनीति...... ८८
७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य...... ८९
७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान...... ८९
७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण...... ८९
७.२.९ जोखिम पक्ष तथा पूर्वानुमान ...... ९०
७.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन ...... ९१
७.३.१ पृष्ठभूमि ...... ९१
७.३.२ समस्या तथा चुनौती...... ९१
७.३.३ सोच...... ९१
७.३.४ उद्देश्य ...... ९१
७.३.५ रणनीति...... ९१
७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य...... ९२
७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान...... ९२
७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...... ९२
७.३.९ जोखिम पक्ष तथा अनुमान ...... ९३
परिच्छेद आठः संस्थागत विकास तथा सुशासन क्षेत्र ...... ९४
८.१ नीति, कानुन, न्याय तथा सुशासन...... ९४
८.१.१ पृष्ठभूमि...... ९४
८.१.२ समस्या तथा चुनौती ...... ९४
८.१.३ सोच...... ९४
८.१.४ उद्देश्य ...... ९५
८.१.५ रणनीति...... ९५
८.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य...... ९५
८.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान...... ९५
८.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...... ९६

८.१.९ जोखिम पक्ष तथा पूर्वानुमान......९६
८.२ संगठन, मानव संशाधन र सेवा प्रवाह......९७
८.२.१ पृष्ठभूमि......९७
८.२.२ समस्या तथा चुनौती......९७
८.२.३ सोच......९७
८.२.४ उद्देश्य......९७
८.२.५ रणनीति......९७
८.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य......९८
८.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान......९८
८.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण......९८
८.२.९ जोखिम पक्ष तथा पूर्वानूमान......९९
८.३ राजस्व तथा स्रोत परिचालन......१००
८.३.१ पृष्ठभूमि......१००
८.३.२ समस्या तथा चुनौती......१००
८.३.३ सोच......१००
८.३.४ उद्देश्य......१००
८.३.५ रणनीति......१००
८.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य......१००
८.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान......१०१
८.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण......१०१
८.३.९ जोखिम पक्ष तथा पूर्वानुमान......१०१
८.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन......१०२
८.४.१ पृष्ठभूमि......१०२
८.४.२ समस्या तथा चुनौती......१०२
८.४.३ सोच......१०२
८.४.४ उद्देश्य......१०२
८.४.५ रणनीति......१०२
८.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य......१०२
८.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान......१०३
८.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण......१०३
८.४.९ जोखिम पक्ष तथा पूर्वानुमान......१०४
अनुसूची १ मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी गाउँपालिकामा गठित कार्यदल......१०५
अनुसूची २ मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट सीमा निर्धारण र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन, २०८२......१०६
अनुसूची ३ आगामी तीन आर्थिक वर्षको विषय उप-क्षेत्रगत/कार्यक्रम/आयोजना विवरण र बजेट विनियोजन......११४

## तालिका सूची

तालिका २.१ मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य ........ ८
तालिका २.२ मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य (प्रचलित मूल्यमा) ........ ८
तालिका २.३ त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण ........ १२
तालिका २.४ रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण........ १४
तालिका २.५ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ १५
तालिका २.६ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण........ १५
तालिका २.७ लैङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण.... १६
तालिका २.८ जलवायु सङ्केतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण... १६
तालिका २.९ आगामी तीन आ.व.को विषय उपक्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण ........ १७

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

मध्यमकालीन खर्च संरचना (Medium–Term Expenditure Framework – MTEF) सार्वजनिक वित्त व्यवस्थापनको महत्पूर्ण औजार हो । यसले स्थानीय सरकारले अवलम्बन गरेका नीति तथा योजनाहरूले लिएका लक्ष्य र उद्देश्य हासिल गर्न मद्दत गर्दछ । मध्यमकालीन खर्च संरचनाले विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरूलाई आत्मसात गरेको हुन्छ । यसले सरकारले लिएको नीति, आवधिक योजना र वार्षिक नीति कार्यक्रम र बजेट बीच सामञ्जस्यता कायम गराउँछ । जसबाट उपलब्ध सीमित स्रोतको अधिकतम प्रतिफल हासिल हुने गरी बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउँछ । यसले आगामी दिनमा पर्ने दायित्वको पूर्वानुमान तथा स्रोतको सुनिश्चितता समेत गर्दछ ।

मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । यसले त्रिवर्षीय चक्रीय योजनाका रूपमा आगामी तीन वर्षमा खर्च गरिने क्षेत्र, कार्यक्रम, आयोजना र क्रियाकलाप समावेश गरेको हुन्छ । यसका अतिरिक्त कार्यक्रम तथा आयोजनाको प्रति एकाइ लागत, खर्च गरिने क्षेत्र, कार्यक्रम र आयोजनाहरूको प्राथमिकीकरण र खर्चका स्रोत समेत समाविष्ट गरिएको हुन्छ । उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

ऐतिहासिक रूपमा हेर्दा नेपालमा सर्वप्रथम दसौं राष्ट्रिय आवधिक योजनासँगै मध्यमकालीन खर्च संरचना तर्जुमाको अभ्यास सुरुवात भएको थियो । संघीय शासन व्यवस्थाको थालनीसँगै मध्यमकालीन खर्च संरचना नेपालमा कानुनी रूपमा सरकारको अनिवार्य दायित्वका रूपमा रहेको छ । अन्तर—सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सङ्घ, प्रदेश र स्थानीय तहले सार्वजनिक आय—व्ययको विवरण प्रस्तुत गर्दा अनिवार्य रूपमा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने पर्ने प्रावधान रहेको छ । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) ले मध्यमकालीन खर्च संरचना तयारीको विधि, औजार, चरण तथा प्रक्रियालाई स्पष्ट पारेको छ । यस गाउँपालिकाले मध्यमकालीन खर्च संरचना तयारीमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) मा रहेको व्यवस्था एवम् सरोकारवालासँगको छलफलको निष्कर्षलाई मुख्य आधारका रूपमा लिएको छ ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

मध्यमकालीन खर्च संरचनाले समष्टिगत वित्त खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा मूलभूत पक्षहरूलाई समावेश गरेको हुन्छ । पहिलो, मध्यमकालीन वित्त खाकालाई आवधिक योजना, विषय क्षेत्रगत रणनीतिक योजना तथा गुरूयोजनाको लक्ष्य उद्देश्यको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी तयार गरिन्छ । दोस्रो, मध्यमकालीन बजेट खाका स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आकलन गरी कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको तयार गरिन्छ । तेस्रो, मध्यमकालीन नतिजा खाकालाई बजेटको कार्यान्वयनबाट आगामी तीन वर्षमा प्राप्त हुने प्रतिफलको अनुमान गरी तयार गरिन्छ । मध्यमकालीन खर्च संरचनाले चक्रीय रूपमा हरेक आर्थिक वर्षमा तीन आर्थिक वर्षको बजेटको आँकलन गर्दछ । यसमा पहिलो आर्थिक वर्षमा खर्च र स्रोतको अनुमान गरिएको हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि खर्च तथा स्रोतको प्रक्षेपण गरिन्छ । पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिएको हुन्छ । मध्यमकालीन खर्च संरचनाले खर्च तथा श्रोतको यथार्थपरक विश्लेषणबाट बजेट तर्जुमा प्रक्रियालाई वस्तुनिष्ठ बनाउन मद्दत गर्दछ।

### १.३ मध्यमकालीन खर्च संरचनाको उद्देश्य

मध्यमकालीन खर्च संरचना तयारीको मुख्य उद्देश्य विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गर्नु रहेको छ । यसका विशिष्ट उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

- ❖ वार्षिक बजेटलाई आवधिक योजनासँग जोड्नु र स्रोत विनियोजनलाई उपलब्धिमूलक बनाउनु,
- ❖ प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको लागि स्रोतको सुनिश्चितता गर्नु,
- ❖ स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई यथार्थपरक बनाउनु,
- ❖ मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री बनाउनु ।

### १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू

यस गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित विषयलाई प्रमुख आधारको रूपमा लिइएको छ :

- ❖ नेपालको संविधान
- ❖ दिगो विकासका लक्ष्यको अवस्था र मार्ग चित्र (२०१५–२०३०)
- ❖ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- ❖ राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा १६ औं राष्ट्रिय योजना (२०८१/८२–२०८५/८६)
- ❖ सुदूरपश्चिम प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७–२०८०/८१)
- ❖ नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७९/८०)
- ❖ स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- ❖ स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- ❖ स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको सांङ्केतीकरण स्रोत पुस्तिका, २०७९
- ❖ स्थानीय तहको दिगो विकास स्रोत साङ्केतिकरण पुस्तिका, २०७९
- ❖ नौगाड गाउँपालिकाको प्रथम एकिकृत आवधिक विकास योजना (२०८१/०८२–२०८५/८६)
- ❖ गाउँपालिकाका अन्य विषय क्षेत्रगत नीति, रणनीतिक, तथा गुरुयोजना

### १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ तथा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) मा भएको व्यवस्था बमोजिम देहाय अनुसारको मध्यमकालीन खर्च संरचना तर्जमा विधि तथा प्रक्रिया अवलम्बन गरिएको थियो ।

#### चरण १: प्राविधिक सहयोग परिचालन

मध्यमकालीन खर्च संरचना नौगाड गाउँकार्यपालिका कार्यालयमा कार्यरत विषयगत शाखा प्रमुखहरू र केही बाह्य विषयगत विज्ञको सहयोग तथा परिचालन गरियो । यस क्रममा विज्ञको सहजीकरणमा नौगाड गाउँ कार्यपालिका पदाधिकारीहरू तथा कर्मचारीलाई अभिमुखीकरण र कार्यदल गठन गरिएको थियो। मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयार गर्ने कार्यमा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत विषयगत शाखा प्रमुख र अन्य विषयगत बाह्य विज्ञको परिचालन गरिएको थियो ।

#### चरण २: सन्दर्भ सामग्री सङ्कलन तथा समीक्षा

मध्यमकालीन खर्च संरचना तयारीका लागि सान्दर्भिक सङ्घीय, प्रदेश एवम् स्थानीय तहका योजना, नीति, कानुन, दिग्दर्शन र कार्यविधि सहितका दस्तावेजहरू सङ्कलन एवम् अध्ययन गरियो । यसका माध्यमबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा रहेका प्रावधान एवम् आवश्यक सूचना पहिचान तथा विश्लेषण गरियो । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवम् समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्रीहरू देहायबमोजिम प्रस्तुत गरिएको छ:

- ❖ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका प्रतिवेदन तथा सिफारिसहरू
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरण
- नेपाल सरकार, प्रदेश सरकार एवम् गाउँपालिकाको राजस्व सम्बन्धी कानुन र आर्थिक ऐनहरू
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा हाते किताब, २०७७
- राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा १६ औं राष्ट्रिय योजना (२०८१/८२–२०८५/८६)
- स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको सांङ्केतीकरण स्रोत पुस्तिका, २०७९
- स्थानीय तहको दिगो विकास स्रोत साङ्केतिकरण पुस्तिका, २०७९
- सुदूरपश्चिम प्रदेशको आवधिक योजना
- नौगाड गाउँपालिकाको गाउँपालिकाको प्रथम एकिकृत आवधिक विकास योजना
- गाउँपालिकाका विषय क्षेत्रगत नीति, रणनीतिक र गुरूयोजना
- नौगाड गाउँपालिकाको विगत आर्थिक वर्षहरूको नीति कार्यक्रम, बजेट, प्रगति र यथार्थ खर्च प्रतिवेदन

### चरण ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा

गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत विषयगत शाखा प्रमुखहरूको क्रियाशिलता र अन्य बाहिरी विज्ञको प्राविधिक सहजीकरणमा मध्यमकालीन खर्च संरचना तयारीको प्रक्रिया, ढाँचा, औजार र कार्ययोजना तयार गरियो । स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी दिग्दर्शनको व्यवस्था र स्थानीय विशिष्टता एवम् आवश्यकता अनुकूल हुने गरी मध्यमकालीन खर्च संरचना तयारीको ढाँचा, विधि, औजार एवम् कार्ययोजना सम्बन्धमा छलफल गरी समान बुझाई कायम गरिएको थियो । यस छलफलमा प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका पदाधिकारी र शाखाका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

### चरण ४: अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना

मध्यमकालीन खर्च संरचनाको अवधारण र तयारीका, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा सरोकारवाला माझ समान बुझाइ कायम गर्ने उद्देश्यले मध्यमकालीन खर्च संरचना तयारी अभिमुखीकरण तथा प्रारम्भिक कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । प्राविधिक सहयोग टोलीको सहजीकरणमा सम्पन्न सो कार्यशालामा गाउँपालिका पदाधिकारी, विषयगत समितिका पदाधिकारी, विषयगत शाखाका प्रमुख तथा प्रतिनिधि एवम् अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो । कार्यशालामा मध्यमकालीन खर्च संरचना तयारीको अवधारणा, विधि, औजार, संस्थागत व्यवस्था र कार्यसूचीलाई प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरूपता कायम गरियो। सो कार्यशालाबाट मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन र कार्य योजनाको स्वीकृति गरी जिम्मेवारी र भूमिका समेत स्पष्ट गरियो। कार्यदलको विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ।

### चरण ५: विषयगत समिति तथा शाखासँग परामर्शको आयोजना

गाउँपालिकाको आयोजनामा दीर्घकालीन सोच, विषयगत रणनीतिक योजना र वार्षिक नीति, कार्यक्रम तथा आयोजनाको उपलब्धि समीक्षाका लागि विषयगत समिति तथा शाखासँग अन्तरक्रियात्मक गोष्ठी आयोजना गरिएको थियो। सो कार्यक्रममा कार्यपालिका तथा विषयगत समितिका पदाधिकारी र विषयगत शाखा एवम् एकाइका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो । सो गोष्ठीबाट प्रमुख उपलब्धि, चालू, क्रमागत र बहुवर्षीय आयोजना तथा कार्यक्रम, सालवसाली कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान तयार भएका कार्यक्रम तथा आयोजना पहिचान गरियो । यसै छलफलबाट स्रोत सुनिश्चतता गर्नुपर्ने कार्यक्रम तथा आयोजनाको सूची तयारी उपक्षेत्रगत रूपमा श्रोत आवश्यकता निर्धारण गरिएको थियो।

## चरण ६: खर्च तथा स्रोतको अनुमान र त्रिवर्षीय प्रक्षेपण

विगत आर्थिक वर्षहरूको श्रोतको उपलब्धता एवम् भावि सम्भाव्यताका आधारमा आन्तरिक श्रोत, राजस्व बाँडफाँटबाट प्राप्त श्रोत, अन्तर—सरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त श्रोत लगायतका विभिन्न श्रोत समेतलाई बजेट वर्षको लागि अनुमान तथा आगामी दुई आर्थिक वर्षको प्रक्षेपण गरियो । त्यसैगरी, विगत आर्थिक वर्षहरूको खर्चको प्रवृति, चालू तथा बहुवर्षीय आयोजना र प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनका लागि आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । विषय विज्ञको सहयोग र सहजीकरणमा कार्यदलले आगामी तीन आर्थिक वर्षहरूको खर्च तथा स्रोत प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण तथा आगामी आर्थिक वर्षको कार्यक्रम तथा बजेट तर्जुमा मार्गदर्शन तयार गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति मार्फत कार्यपालिकामा पेश गरियो । यस सम्बन्धमा कार्यपालिकामा छलफल तथा निर्णय गरी प्रमुख प्रशासकीय अधिकृतले सबै विषयगत शाखाहरू तथा वडा समितिमा आगामी आर्थिक वर्षको कार्यक्रम तथा बजेट तयारीका लागि उपलब्ध गराइयो ।

## चरण ७: विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचना तर्जुमा

विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखा/इकाइका कर्मचारी तथा विषयगत शाखासँग छलफल तथा अन्तरक्रिया गरियो । छलफलबाट सबै उप—क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना र कार्यक्रमको पहिचान, प्राथमिकता निर्धारण, लागत अनुमान यकिन र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गरियो । त्यसैगरी, विषयगत रूपमा प्राथमिकता निर्धारण, दिगो विकास लक्ष्य, लैङ्गिक तथा जलवायु सङ्केतका आधारमा कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण गरियो ।

## चरण ८: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी

विषयगत समिति, विषयगत शाखा/इकाइसँगको परामर्श र उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा तयार भएको विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई एकीकृत गरी विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरिएको थियो । विषयगत क्षेत्र मध्यमकालीन संरचनाको दस्तावेजलाई विषयगत समितिमा थप छलफल तथा प्रमाणीकरणका लागि पेश गरियो । यस कार्यमा परामर्शदाताको विज्ञ सहयोग परिचालन गरिएको थियो ।

## चरण ९: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी स्वीकृत ढाँचामा मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेज तयार गरियो । प्राविधिक सहयोग टोलीको सहयोगमा विषयगत समितिको छलफलको सुझाव तथा निष्कर्ष र मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग राय परामर्शलाई आधारका रूपमा लिइ मस्यौदा दस्तावेज तयार गरिएको थियो । यस क्रममा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदलबाट आवश्यक सहयोग एवम् बजेट सीमा तथा मार्गदर्शन अनुकूल भए नभएको रूजु गरिएको थियो। मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा समष्टिगत मध्यमकालीन वित्त खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै विषय क्षेत्रगत रूपमा योजना र कार्यक्रम/आयोजनाको सारांश समावेश गरिएको छ ।

## चरण १०: मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला

मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेज माथि सुझाव तथा पृष्ठपोषण हासिल गर्ने उद्देश्यले मध्यमकालीन खर्च संरचना सुझाव सङ्कलन कार्यशाला गोष्ठीको आयोजना गरियो । उक्त गोष्ठीमा कार्यपालिका एवम् विषयगत समितिका पदाधिकारीहरू, विषयगत शाखाका प्रमुख तथा प्रतिनिधिहरू र स्थानीय विकासका सरोकारवालाहरूको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा मस्यौदा दस्तावेजलाई प्रस्तुत गरी कार्यक्रम तथा आयोजना, प्राथमिकता, स्रोत बाँडफाँट, स्रोत विनियोजन तथा साङ्केतिकरण र मध्यमकालीन खर्च संरचनाको समग्र मस्यौदा दस्तावेज माथि सुझाव र पृष्ठपोषण हासिल गरिएको थियो ।

### चरण ११: मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी

मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेजमा प्राप्त सुझाव तथा पृष्ठपोषणका आधारमा परिमार्जन गरी अन्तिम दस्तावेजका रूपमा तयार गरियो । यस क्रममा विषयगत शाखाहरूबाट आवश्यक सूचना तथा विवरण सङ्कलन गरिएको थियो । यसरी तयार भएको मस्यौदालाई परामर्शदातृ संस्था वा सहयोगी संस्था वा विषयगत विज्ञहरूद्वारा अन्तिम रूप प्रदान गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गरिएको थियो ।

### चरण १२: मध्यमकालीन खर्च संरचनाको स्वीकृति

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना दस्तावेज कार्यपालिकाको बैठकमा छलफल गरी स्वीकृत गरिएको थियो । साथै मध्यमकालीन खर्च संरचना दस्तावेज गाउँ सभाबाट अनुमोदन गराउने कार्यपालिकाबाट समेत निर्णय भई गाउँ समक्ष प्रस्तुत भई सभाबाट अनुमोदन गरिएको थियो ।

# परिच्छेद दुईः मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

नौगाड गाउँपालिकाको समग्र विकास, समृद्धि र आर्थिक तथा सामाजिक रूपान्तरणको आकाङ्क्षालाई मूर्तरूप दिनका लागि सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी गराउनु आवश्यक हुन्छ । मध्यमकालीन खर्च संरचना सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण औजार हो । मध्यमकालीन खर्च संरचनाले विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासन कायम गर्न मद्दत पुर्याउँछ । यसका अतिरिक्त प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गरी सरकारले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न उपयुक्त परिवेश तयार गर्दछ । विषयगत नीतिले लिएको लक्ष्य हासिल गर्न प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजनको सुनिश्चितता र सो अनुरूप वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा कार्यमा सहयोग गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नु जरूरी हुन्छ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा सो सम्बन्धी नियमावली लगायतका सङ्घीय कानुनहरूले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ । यस सन्दर्भमा कार्यपालिका, विषयगत समिति, कार्यदल, विषयगत शाखा र वडा समितिका पदाधिकारी तथा कर्मचारीहरूको सहभागितामा यस नौगाड गाउँपालिकाको विगत वर्षहरूको वार्षिक नीति तथा कार्यक्रम र उपलब्ध सूचनालाई आधार मानी आगामी तीन वर्षको खर्चको प्रक्षेपणसहित पहिलो पटक यो मध्यमकालीन खर्च संरचना (२०८२/८३–२०८४/८५) तयार गरिएको छ ।

## २.२ चुनौती तथा अवसर

जलवायु परिवर्तनको प्रभाव न्यून गर्नु, यातायात सुविधामा विश्वसनीय तथा सहज पहुँच कायम गर्नु, जनशक्ति पलायन कम गर्नु, विश्वव्यापी आर्थिक शिथिलताको प्रभाव कम गर्नु विश्वव्यापी तापमान वृद्धिको असर कम गर्नु, सुक्खा, खडेरी तथा पहिरोको जोखिम कम गर्नु, वातावरणीय स्वच्छता कायम गर्नु, विपद् जोखिम न्यूनीकरण गर्नु र विकासमा अन्तर सरकार तथा गैर सरकारी संस्थासँगको साझेदारीमा वृद्धि गर्नु मुख्य चुनौतीका रूपमा रहेका छन् । सडक यातायातका माध्यमबाट प्रदेश राजधानीसँग अन्तर—आबद्धता विस्तार हुनु, कोभिड १९ को महामारी कम भई आर्थिक गतिविधिहरूमा वृद्धि हुँदै जानु, प्राकृतिक स्रोत साधनको पर्याप्त उपलब्धता तथा सोही पहिचानबाट स्थानीय सरकारको नामाकरण हुनु, स्याउ, आलुको पकेट क्षेत्र रूपमा व्यावसायिक उत्पादन तथा बजारीकरण बढ्दै जानु, पर्यटकीय क्षेत्रमा लगानी विस्तार हुँदै जानु, गाउँपालिका क्षेत्रको विकासमा सङ्घीय तथा प्रदेश सरकार, गैसस तथा निजी क्षेत्रबाट लगानी वृद्धि तथा विस्तार हुँदै जानु, सांस्कृतिक तथा प्राकृतिक सम्पदा क्षेत्रका रूपमा राष्ट्रिय अन्तर्राष्ट्रिय चासो बढ्दै जानु यस क्षेत्रका प्रमुख अवसरका रूपमा रहेका छन् ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

नौगाड गाउँपालिकाको दीर्घकालीन सोच तथा विकासको मार्ग चित्रको रूपमा तयार भइ कार्यान्वयनमा रहेको गाउँपालिकाको प्रथम एकिकृत आवधिक विकास योजना २०८१/८२–२०८५/०८६ र चालू तथा विगतका नीति योजना तथा कार्यक्रमलाई प्रस्तुत मध्यमकालीन खर्च संरचनाको आधारको रूपमा लिइएको छ । त्यसबाहेक १६ औं राष्ट्रिय योजना, सुदूरपश्चिम प्रदेश सरकारको प्रथम आवधिक योजना समेतका आधारमा यस मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

### २.३.१ दीर्घकालीन सोच

नेपाल सरकारले लिएको **"समृद्ध नेपालः सुखी नेपाली"** र सुदूरपश्चिम प्रदेश सरकारले लिएको **"आत्मनिर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम"** दीर्घकालीन सोचसँग तादम्यता कायम हुने गरी तयार गरिएको नौगाड गाउँपालिकाको दीर्घकालीन सोच **"समृद्ध नौगाडः सुखि नौगाडबासी"** रहेको छः

**"समृद्ध नौगाडः सुखि नौगाडबासी"** दीर्घकालीन सोचको व्याख्या: कृषिको आधुनिकीकरण तथा उद्योगको विकास र विस्तार, विपद् प्रतिरोधी पूर्वाधारहरूको विकास, शिक्षामा गुणस्तरीयता तथा सुशासन कायम गरी गाउँपालिका भित्रै पर्याप्त रूपमा आकर्षक रोजगारी र आम्दानी वृद्धिका अवसरहरू सिर्जना गर्दै समृद्ध गाउँपालिका, सुखि नागरिक तयार गर्ने विषयलाई समग्र विकास निर्माणको दीर्घकालीन गन्तव्यका रूपमा परिकल्पना गरिएको ।

### २.३.२ लक्ष्य

नौगाड गाउँपालिकाबासीको जीवनस्तरमा दिगो र गुणात्मक सुधार गर्ने ।

### २.३.३ उद्देश्य

- सेवा, उत्पादन, रोजगारी, आयमा समतामूलक, गुणात्मक र दिगो वृद्धि गर्नु,
- स्वस्थ, शिक्षित र दक्ष मानव स्रोतको विकास र सामाजिक न्यायको प्रवर्द्धन गर्नु,
- बसोबास, सेवा सुविधा र अन्तर–आबद्धता सहज, व्यवस्थित र उत्थानशील बनाउनु,
- जैविक विविधता तथा वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा विपद् उत्थानशिलतामा अभिवृद्धि गर्नु,
- सेवा प्रवाह र विकास प्रक्रियालाई सहज, समावेशी, नतिजामूलक र जवाफदेही बनाउनु ।

### २.३.४ समष्टिगत रणनीति

- प्रकृति र संस्कृतिमा आधारित पर्यटन पूर्वाधार, सेवा तथा सुविधाको विकास, विस्तार र स्तरोन्नति गर्ने,
- कृषि, पशु र वनजन्य उपजको व्यवसायिकरण, विविधीकरण र औद्योगीकरण गर्ने,
- प्रारम्भिक बाल विकास, गुणस्तरीय शिक्षा, स्तरीय स्वास्थ्य सेवा, सुदृढ खानेपानी तथा सरसफाइ सुविधा, सामाजिक संरक्षणमा सहज पहुँच र उपभोग सुनिश्चित गर्ने,
- दिगो तथा उत्थानशील यातायात र बजार, सुरक्षित आवास, स्वच्छ ऊर्जा र सञ्चारका पूर्वाधारको विस्तार र स्तरोन्नति गर्ने,
- विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, हरित, उत्थानशील र दिगो बनाउने,
- अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यमा अभिवृद्धि गर्ने ।

## २.४ मध्यमकालीन आर्थिक खाका

**"समृद्ध नेपाल र सुखी नेपाली"** को राष्ट्रिय सोच तथा संकल्प, सुदूरपश्चिम प्रदेशको **"आत्मनिर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम"** को दीर्घकालीन सोच र गाउँपालिकाको **"समृद्ध नौगाड, सुखी नौगाड बासी"** को सोच, लक्ष्य तथा उद्देश्य अनुरूप आगामी तीन आर्थिक वर्षको समष्टिगत आर्थिक खाका तयार गरिएको छ । मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ ।

आर्थिक खाका तर्जुमा गर्दा सार्वजनिक वित्तको कुशल, समन्वयात्मक, नतिजामूलक व्यवस्थापन, निजी तथा सहकारी क्षेत्रको लगानी, उत्पादन, रोजगारीमा प्रोत्साहन सहित सबल स्थानीय अर्थतन्त्र निर्माणमा जोड दिइएको छ । यस अवधिमा विश्व राजनीतिमा आएको परिवर्तन र विश्वका विभिन्न देशहरूको बीचमा चलिरहेको लामो युद्धका कारण राष्ट्रिय अर्थतन्त्रमा पर्ने असर र सोही अनुसार गाउँपालिकाको आन्तरिक राजस्व तथा स्थानीय अर्थतन्त्रमा पर्ने असर र सोको पुनरुत्थानको आवश्यकता मध्यनजर गर्दै आगामी आ.व. २०८२/८३ को स्थानीय अर्थतन्त्र अवस्था अनुमान गरी सो बमोजिम लक्ष्य निर्धारण गरिएको छ । सो अनुसार उत्पादन, रोजगारी र आय लगायतका आर्थिक सूचकहरूको लक्ष्य निर्धारण गरिएको छ । दोस्रो तथा तेस्रो वर्षको लक्ष्य विगतको प्रवृत्तिको आधारमा लक्ष्य निर्धारण गरिएको छ । सो अनुसार आगामी ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ।

**तालिका २.१ : मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य (प्रचलित मूल्यमा)**

| क्र.सं. | सूचक | एकाइ | गत आ.व.को उपलब्धि | चालू आ.व.को लक्ष्य | चालू आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| १ | वार्षिक उत्पादन | रू. लाखमा | ४३९९ | ४७०० | ४६५६.४७ | ४८८३ | ५०६० | ५२७१ |
| १.१ | कृषि | रू. लाखमा | ३१७० | ३३०० | ३२३७.९२ | ३३२० | ३३३८ | ३३७३ |
| १.२ | गैर कृषि (उद्योग र सेवा) | रू. लाखमा | १२२९ | १४३० | १४१८.५५ | १५६३ | १७२२ | १८९७ |
| २ | औषत पारिवारिक आय | रू. लाखमा | ०.११ | ०.१२ | ०.१२ | ०.१३ | ०.१३ | ०.१३ |
| ३ | उद्योग, व्यापार र व्यावसाय | संख्या | ३५१ | ३९० | ३८६ | ४०५ | ४२५ | ४४६ |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | कार्यदिन | २०८३ | २१५० | २१२४ | २१६७ | २२१० | २२५४ |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ८० | ८३ | ८२ | ८५ | ८८ | ९० |

*स्रोत : नौगाड गाउँपालिका*

## २.५ मध्यमकालीन नतिजा खाका

नेपाल सरकारको १६ औं राष्ट्रिय आवधिक योजना, सुदूरपश्चिम प्रदेशको प्रथम पञ्चवर्षीय आवधिक योजनाको दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ । सो खाका विगत आर्थिक वर्षहरूको उपलब्धि र आर्थिक वर्ष २०८०/८१ को अनुमान र उपलब्धिको आधारमा आ.व. २०८२/८३ को लक्ष्य निर्धारण गरिएको छ। नतिजा खाकाको दोस्रो र तेस्रो वर्षको लक्ष्य , विद्यमान अवस्था र विगत वर्षहरूको उपलब्धिको आधारमा निर्धारण गरिएको छ । मध्यमकालीन समष्टिगत नतिजा खाका तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २.२: मध्यमकालीन समष्टिगत सूचक नतिजा लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | आ.व. ८०/८१ सम्मको उपलब्धि | चालू आर्थिक वर्षको लक्ष्य | चालू आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ८१/८२ | ८२/८३ | ८३/८४ |
| १ | प्रति व्यक्ति खाद्यान्न उत्पादन | के.जी. | २८८ | ३५५ | ३५० | ४०० | ६५० | १००० |
| २ | १२ है महिना सिंचाई हुने क्षेत्र | हेक्टर | ३० | ४० | ३५ | ४२ | ४३ | ४५ |
| ३ | व्यावसायिक पशुपालनमा संलग्न कृषक | संख्या | ८० | ११० | १०० | १२० | १४० | १८० |

| क्र.सं. | सूचक | एकाइ | आ.व. ८०/८१ सम्मको उपलब्धि | चालू आर्थिक वर्षको लक्ष्य | चालू आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ८१/८२ | ८२/८३ | ८३/८४ |
| ४ | पर्यटकीय संख्यामा वद्धि | प्रतिशत | १.५ | २ | २.२ | २.५ | २.७ | २.९ |
| ५ | उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | २८ | ५० | ७५ | १२० | १३० | १४० |
| ६ | वित्तीय साक्षरता कार्यक्रमबाट लाभान्वित जनसंख्या | संख्या | ५०० | ६०० | ५५० | ६५० | ८०० | १००० |
| ७ | विभिन्न रोजगार कार्यक्रमबाट सिर्जित रोजगारी | जना | ७०० | ८५० | ९०० | १००० | ११०० | १२०० |
| ८ | स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | ८२.४० | ८४ | ८३ | ८५ | ९० | ९५ |
| ९ | ५-१२ वर्ष उमेर समूहका विद्यालय वाहिर रहेका बालबालिका | संख्या | ३६ | २४ | २४ | १८ | १२ | ० |
| १० | ४-५ वर्ष समूहका प्रारम्भिक वाल विकास केन्द्रमा भर्ना हुने बालबालिका | संख्या | ७९ | ८० | ८० | ८३ | ८४ | ८५ |
| ११ | कक्षा ११-१२ पुरा गर्ने विद्यार्थी | संख्या | १५५० | १९०० | १८०० | २१०० | २२०० | २५०० |
| १२ | एक घर एक धारा हुने घरपरिवार | प्रतिशत | ६५ | ६८ | ६५ | ७० | ८० | १०० |
| १३ | सुरक्षित शौचालय सुविधा प्रयोग गर्ने परिवार | प्रतिशत | ९४।०८ | ९५ | ९४।१० | ९६ | ९८ | १०० |
| १४ | वार्षिक लैंगिक तथा बाल हिंसाका घटना | संख्या | १५ | १२ | १० | ६ | ५ | ३ |
| १५ | अन्तराष्ट्रिय/राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | जना | १ | ४ | २ | ४ | ४ | ४ |
| १६ | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | ४५ | ५० | ४८ | ६० | ७० | ८० |
| १७ | कुल सडक लम्बाई | कि.मि. | ५३ | ५४ | ५४ | ६५ | ७० | ८० |
| १८ | विद्युतमा पहुँच भएका जनसङ्ख्याको अनुपात | प्रतिशत | ८९ | ९० | ८९ | ९० | ९५ | ९८ |

| क्र.सं. | सूचक | एकाइ | आ.व. ८०/८१ सम्मको उपलब्धि | चालू आर्थिक वर्षको लक्ष्य | चालू आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ८१/८२ | ८२/८३ | ८३/८४ |
| १९ | कम्प्युटर, इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहुँच भएका जनसंख्या | प्रतिशत | ६० | ६५ | ६४ | ७० | ७५ | ८० |
| २० | वनले ढाकेको वा हरियाली क्षेत्र | हेक्टर | ३५०३ | ३५१० | ३५०८ | ३५५० | ३५७० | ३५८० |
| २१ | स्रोतमै फोहर वर्गीकरण र व्यवस्थापनको अभ्यास गर्ने परिवार | संख्या | १२० | १३० | १२५ | २३५ | ३४० | ५५० |
| २२ | वार्षिक विपदबाट प्रभावित हुने घरपरिवार | संख्या | १० | ५ | ८ | ५ | २ | ० |
| २३ | नीति, कानून, निर्णय र सेवा प्रवाह सन्तुष्ट सेवाग्राही | प्रतिशत | ४० | ६० | ५० | ६५ | ७० | ८० |
| २४ | संस्थागत स्वमूल्यांकनको प्राप्तांक प्रतिशत | प्रतिशत | ९१.२५ | ९० | ८३ | ८५ | ८८ | ९० |
| २५ | बार्षिक आन्तरिक आय रकम | रु.लाखमा | ३५।८९ | ५० | ४८ | ५० | ५५ | ६० |
| २६ | समयमा सम्पन्न आयोजना तथा कार्यक्रम | प्रतिशत | ९५ | ९६ | ९५ | ९८ | ९९ | ९९.८ |

*स्रोतः नौगाड गाउँपालिकाको दस्तावेज र विषयगत विवरण*

## २.६ मध्यमकालीन बजेट खाका

त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा नौगाड गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित विगतका वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय तुलनात्मक लाभका क्षेत्र तथा प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य आधार लिइएको छ। गाउँपालिकामा पहिलो पटक तयार भएको यस मध्यमकालीन खर्च संरचनामा वित्तीय संघियताको कार्यान्वयन, पर्यटकीय सेवा तथा सुविधा, स्थानीय उत्पादन, रोजगारी, तीब्र आर्थिक सामाजिक र सन्तुलित विकासका लागि सो अनुरूपका विकास कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ । माथि उल्लिखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत रूपमा प्राप्त हुने नतिजाका आधारमा खर्च तथा स्रोतको अनुमान गरिएको छ । यसका साथै कोभिड १९ लगायतका महामारी, विश्वव्यापी आर्थिक मन्दीबाट पर्ने प्रभाव र जलवायुजन्य विपद् पश्चातको सामाजिक आर्थिक पुनरूत्थानलाई प्राथमिकता दिइएको छ । महामारी, आर्थिक संकट र विपद्ले सिर्जना गरेका विकासका अवसरको उपयोग गर्ने कार्यक्रम, आयोजना तथा क्रियाकलापहरूलाई प्राथमिकता दिइएको छ ।

गाउँ गौरवका आयोजना, चालू तथा क्रमागत आयोजना, विस्तृत अध्ययन भइ तयारी अवस्थामा रहेका, स्रोत सुनिश्चितता भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ । क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ । मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, कोभिड १९ महामारी, अन्य विपद् तथा आर्थिक सङ्कटबाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरूमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरूलाई ध्यान दिइएको छ । त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषयगत शाखा, एकाइलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन अनुसूची २ मा प्रस्तुत छ।

आर्थिक वर्ष २०८१/८२ को राजस्व तथा विनियोजन र असार मसान्त सम्मको उपलब्धिका आधारमा खर्च संरचनाको पहिलो वर्षको आय तथा व्यय अनुमान गरिएको छ । दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको आवधिक योजनाले लिएको लक्ष्य, नीति तथा कार्यक्रम र सो अनुसार सञ्चालन हुने कार्यक्रम, आयोजना तथा क्रियाकलापले हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ । प्रक्षेपणका क्रममा गाउँपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई पर्याप्त स्रोतको व्यवस्था गरिएको छ । आन्तरिक श्रोत, राजस्व बाँडफाँट तथा उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँट स्वरूप प्राप्त हुने रकम, रोयल्टी र आन्तरिक श्रोत समेतका आधारमा गाउँपालिकालाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान रकम गत विगतको आयका आधारमा अनुमान गरिएको छ ।

आन्तरिक आयको तथ्याङ्क विश्लेषणका लागि गाउँपालिकाको राजस्व सुधार योजनालाई आधारको रूपमा लिइएको छ । त्यस्तै गाउँपालिकाको राजस्व सुधार योजना, राजश्व परामर्श समितिको प्रतिवेदन तथा SuTRA मा प्रविष्ट सूचनालाई आधार मानी आन्तरिक आयको विवरण विश्लेषण गरी स्रोत अनुमान तथा प्रक्षेपण गरिएको छ । उल्लेखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा नौगाड गाउँपालिकाको कुल बजेट **रू. १ अर्ब ३४ करोड ७५ लाख ६५** हजार हुने प्रक्षेपण गरिएको छ । यस सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

## तालिका २.३ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रू. हजारमा)

| क्र स | शीर्षक/ बजेटका स्रोतहरू | आ.व. ७८/७९ को यथार्थ | आ.व. ७९/८० को यथार्थ | आ.व. ८०/८१ को यथार्थ | आ.व. ८१/८२ को अनुमानित | अनुमान तथा प्रक्षेपण | | | ३ बर्षको प्रक्षेपण कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ | |
| क. | आय अनुमान | ४८६०४३ | ४२७८६६ | ३८६३१७ | ४२०१५८ | ४४८४८६ | ४४९१८९ | ४४९८९० | १३४७५६५ |
| १ | आन्तरिक आय | ४३३२ | ४३२६ | ३५९० | ५००० | ५००० | ५०२९ | ५०५० | १५०७९ |
| | सम्पत्ती कर | ० | ५० | २० | ० | २०० | २०१ | २०२ | ६०३ |
| | भूमिकर/मालपोत | ३४७ | २९९ | २०५ | ४०० | २६९ | २७० | २७१ | ८१० |
| | घर जग्गा रजिष्ट्रेशन | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | वहाल कर | २६७ | ५४३ | ४९० | ३०० | ३६१ | ३६३ | ३६४ | १०८८ |
| | वहाल विटौरी शुल्क | ० | ० | ० | ० | १० | १० | १० | ३० |
| | साना सवारी कर | ० | ० | ० | १० | ६० | ६१ | ६१ | १८२ |
| | मनोरञ्जन कर | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोबारमा लाग्ने कर | ० | ० | ० | ० | ११४ | ११५ | ११५ | ३४४ |
| | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ० | ० | ० | २५०० | १००५ | १०१० | १०१५ | ३०३० |
| | पर्यटन शुल्क | ० | ० | ० | १० | ० | ० | ० | ० |
| | अखेटोपहारमा लाग्ने कर | ० | ० | ० | ० | ५ | ५ | ६ | १६ |
| | अन्य कर | ० | ० | ० | ० | ४५ | ४६ | ४६ | १३७ |
| | सरकारी सम्पत्तीको विक्रीबाट प्राप्त रकम | ० | ० | ११ | ५ | २० | २० | २० | ६० |
| | अन्य विक्रीबाट प्राप्त रकम | ० | ० | ११ | ५ | ४८० | ४८५ | ४८६ | १४५१ |
| | अन्य सेवा शुल्क तथा विक्री | २२९४ | १८१७ | १४१२ | १० | १८० | १८१ | १८२ | ५४३ |
| | न्यायिक दस्तुर | ० | २८ | ० | ५ | १ | १ | १ | ३ |
| | शिक्षा क्षेत्रको आम्दानी | ० | ० | १ | १० | १० | ११ | १२ | ३३ |
| | विद्युत् सेवा | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | परीक्षा शुल्क | ० | ० | ३४ | १० | ७० | ७१ | ७१ | २१२ |
| | अन्य प्रशासनिक सेवा शुल्क | ० | २५ | ३०६ | ४२५ | ४२६ | ४२९ | ४३० | १२८५ |
| | पार्किङ शुल्क | ० | ० | २४१ | ० | ० | ० | ० | ० |
| | नक्शापास दस्तुर | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | सिफारिश दस्तुर | १९८ | ३२४ | ० | ३०० | ३५७ | ३५८ | ३५९ | १०७३ |
| | व्यक्तिगत घटना दस्तुर | २६१ | १९१ | १६६ | २५० | २०० | २०१ | २०२ | ६०३ |
| | नाता प्रमाणित दस्तुर | ० | २ | ३९ | ४० | ५५ | ५५ | ५६ | १६७ |
| | अन्य दस्तुर | ५२३ | ७५७ | २९५ | ८० | १७० | १७१ | १७२ | ५१३ |

| क्र स | शीर्षक/ बजेटका स्रोतहरू | आ.व. ७८/७९ को यथार्थ | आ.व. ७९/८० को यथार्थ | आ.व. ८०/८१ को यथार्थ | आ.व. ८१/८२ को अनुमानित | अनुमान तथा प्रक्षेपण | | | ३ बर्षको प्रक्षेपण कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ | |
| | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ३२० | ८६ | ३५७ | ४०० | ७०१ | ७०१ | ७०२ | २१०४ |
| | प्रशासनिक दण्ड जरिवाना र जफत | ० | ० | ३ | १० | १६ | १७ | १८ | ५१ |
| | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ० | ० | ० | ० | २५ | २६ | २६ | ७७ |
| | अन्य क्षेत्रको आय | ० | ० | ० | ० | २४ | २५ | २५ | ७४ |
| | न्यायिक दण्ड, जरिवाना र जफत | ० | ० | ० | ० | १७ | १८ | १८ | ५३ |
| | अन्य राजस्व | ० | ० | ० | ० | १२२ | १२३ | १२३ | ३६८ |
| | व्यवसाय कर | १२२ | २०४ | ० | २३० | ५७ | ५८ | ५८ | १७२ |
| | बेरुजु | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | राजस्व बाँडफाँडबाट प्राप्त आय | ६५३८१ | ७१५९० | ७२०९८ | ९०१४५ | ९३९१५ | ९३९३० | ९४०१५ | २८१८६० |
| | नेपाल सरकार (भ्याट र अन्तशुल्क) | ६४०९३ | ६९९८९ | ७०५९५ | ८८४०० | ९१३३६ | ९१३५० | ९१४२५ | २७४१११ |
| | प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्ट्रेशन, मनोरञ्जन कर आदि) | १२८८ | १६०१ | १५०४ | १७४५ | २५७९ | २५८० | २५९० | ७७४९ |
| ३ | रोयल्टी बाँडफाँटबाट प्राप्त राजस्व | २१५२ | ६३५ | १४१५ | ० | ० | ० | ० | ० |
| | वन रोयल्टी | २२२ | ४७० | ४२३ | ० | ० | ० | ० | ० |
| | खानी तथा खनिज रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | पर्वतारोहण रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | विद्युत रोयल्टी | १९३० | १६६ | ९९२ | ० | ० | ० | ० | ० |
| | पानी तथा अन्य प्राकृतिक स्रोत | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | नेपाल सरकार वित्तीय हस्तान्तरण | ३९०३१८ | ३१८८१६ | २७४३४९ | २९३८९६ | ३१६३०० | ३१६८०० | ३१७३०० | ९५०४०० |
| | वित्तीय समानीकरण अनुदान | १०८९०० | १०७८५५ | ९५०४६ | १०२५०० | १०४१०० | १०४१५० | १०४२०० | ३१२४५० |
| | सशर्त अनुदान | २३००४१ | १८३३०७ | १५४५५८ | १७६३९६ | १६६००० | १६६१०० | १६६२०० | ४९८३०० |
| | समपुरक अनुदान | १५९०० | १३३१७ | ५९६७ | ० | ५२०० | ५५०० | ५८०० | १६५०० |
| | विशेष अनुदान | ३५४७७ | १४३३८ | १८७७८ | १५००० | ४१००० | ४१०५० | ४११०० | १२३१५० |
| ५ | प्रदेश सरकार वित्तीय हस्तान्तरण | २२२७० | २८६२० | २४८६८ | २८६१७ | ३०७७० | ३०८३० | ३०८७५ | ९२४७५ |
| | वित्तीय समानीकरण अनुदान | ७७७२ | ८२०२ | ८६६० | ९२३२ | ९७७० | ९७८० | ९७८५ | २९३३५ |
| | सशर्त अनुदान | ५५०७ | १४००० | ३८१६ | ५७६० | ५००० | ५०२५ | ५०५० | १५०७५ |

| क्र स | शीर्षक/ बजेटका स्रोतहरू | आ.व. ७८/७९ को यथार्थ | आ.व. ७९/८० को यथार्थ | आ.व. ८०/८१ को यथार्थ | आ.व. ८१/८२ को अनुमानित | अनुमान तथा प्रक्षेपण | | | ३ बर्षको प्रक्षेपण कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ | |
| | समपुरक अनुदान | ३९९१ | ४००० | ४९३३ | ६६२५ | ८५०० | ८५१० | ८५२० | २५५३० |
| | विशेष अनुदान | ५००० | २४१८ | ७४५९ | ७००० | ७५०० | ७५१५ | ७५२० | २२५३५ |
| ६ | अन्य अनुदान | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | अन्तर स्थानीय तह साझेदारी रकम | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | जनसहभागिता | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | आन्तरिक ऋण | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | मौज्दात रकम | १५९१ | ३८७८ | ९९९७ | २५०० | २५०१ | २६०० | २६५० | ७७५१ |
| ख. | जम्मा खर्च | ४८२१६५ | ४१८८८९ | ३८३५०९ | ४२०१५८ | ४४८४८६ | ४४९१८९ | ४४९८९० | १३४७५६५ |
| १ | चालू खर्च | २८८५३५ | २९१८४८ | २८६१३० | ३२२९६८ | ३२१७८९ | ३१४४३२ | ३१०४२४ | ९४६६४५ |
| २ | पुँजीगत खर्च | १९३६३० | १२७०४१ | ९७३७८ | ९७१९० | १२६६९७ | १३४७५७ | १३९४६६ | ४००९२० |
| ३ | वित्तीय व्यवस्था (सावा भुक्तानी र शेयर लगानी) | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ग. | बचत (-) न्यून (+) | ३८७८ | ८९७७ | २८०८ | ० | ० | ० | ० | ० |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ:

**क. रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण**

यस गाउँपालिकाको आवधिक योजनामा तर्जुमा नभएकोले रणनीतिक स्तम्भको आधारमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण समावेश गरिएको छैन । तर जानकारीका लागि नमुना तालिका नं. २.४ मा प्रस्तुत गरिएको छः

**तालिका २.४ : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण**

**(रू. हजारमा)**

| रणनीतिक सङ्केत | रणनीतिक स्तम्भ | कार्यक्रम/ आयोजना संख्या | २०८२/८३ को अनुमान | | २०८३/८४ को प्रक्षेपण | | २०८४/८५ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | रणनीति १ | २५ | ६०४१५००० | १३.४७ | ६२४३७२७१ | १३.९० | ६४५१४२२६ | १४.३४ |
| २ | रणनीति २ | १८ | २७९४३१००० | ६२.३१ | २७८१३७८२९ | ६१.९२ | २८००५६५२५ | ६२.२५ |
| ३ | रणनीति ३ | १७ | २४०००००० | ५.३५ | २७४९०३६७ | ६.१२ | २८४७८०३७ | ६.३३ |
| ४ | रणनीति ४ | ६ | ११०५५००० | २.४६ | १२०८३१८४ | २.६९ | १२९५६८३२ | २.८८ |
| ५ | रणनीति ५ | ७ | ७३५८५००० | १६.४१ | ६९०४०३४९ | १५.३७ | ६३८८४३८० | १४.२० |
| कुल जम्मा | | ७३ | ४४८४८६००० | १०० | ४४९१८९००० | १०० | ४४९८९०००० | १०० |

### ख. प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.५ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

(रू. हजारमा)

| प्राथमिकता सङ्केत | प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | ८२/८३ को अनुमान | | ८३/८४ को प्रक्षेपण | | ८४/८५ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| P1 | प्राथमिकता पहिलो (P1) | ४५ | २८५०८५ | ६४ | २९१९७२.८५ | ६५ | ३०१४२६.३ | ६७ |
| P2 | प्राथमिकता दोश्रो (P2) | २८ | १६३४०१ | ३६ | १५७२१६.१५ | ३५ | १४८४६३.७ | ३३ |
| | जम्मा | ७३ | ४४८४८६ | १०० | ४४९१८९ | १०० | ४४९८९० | १०० |

### ग. दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.६: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

(रू. हजारमा)

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | आयोजना/ कार्यक्रम संख्या | २०८२/८३ को अनुमान | | २०८३/८४ को प्रक्षेपण | | २०८४/८५ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| SDG-1 | गरिबीको अन्त्य | ५ | १४८९४ | ३.३२ | १४९५८ | ३.३३ | १५०२६ | ३.३४ |
| SDG-2 | शून्य भोकमरी | ३ | १०१३० | २.२६ | १०१९७ | २.२७ | १०१६८ | २.२६ |
| SDG-3 | स्वस्थ जीवन | ७ | ३०६९० | ६.८४ | ३०६३५ | ६.८२ | ३०७७२ | ६.८४ |
| SDG-4 | गुणस्तरीय शिक्षा | १२ | १८०८२२.५ | ४०.३२ | १७९६७६ | ४०. | १८०८५६ | ४०.२ |
| SDG-5 | लैङ्गिक समानता | ६ | २२१४ | ०.४९ | २०२१ | ०.४५ | २०६९ | ०.४६ |
| SDG-6 | स्वच्छ पानी र सरसफाइ | ४ | ३८४४.५ | ०.८६ | ३८१८ | ०.८५ | ३८६९ | ०.८६ |
| SDG-7 | आधुनिक ऊर्जामा पहुँच | २ | १८९० | ०.४२ | २०२१ | ०.४५ | २०२५ | ०.४५ |
| SDG-8 | समावेशी आर्थिक वृद्धि,मर्यादित काम | ५ | ६६८२ | १.४९ | ६७३८ | १.५ | ५३९९ | १.२ |
| SDG-9 | उद्योग नविन खोज र पूर्वाधार | ९ | २२०८५ | ४.९२ | २२०१० | ४.९ | २१५९५ | ४.८ |
| SDG-10 | असमानता न्यूनीकरण | ० | ३४०१ | ०.७६ | ३१४४ | ०.७ | ३५९९ | ०.८ |
| SDG-11 | दिगो शहर र बस्ती | ३ | १४४३.५५ | ०.३२ | १३४८ | ०.३ | १८०० | ०.४ |
| SDG-12 | दिगो उपभोग र उत्पादन | ० | १२५० | ०.२८ | १२५८ | ०.२८ | १२६० | ०.२८ |

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | आयोजना/ कार्यक्रम संख्या | २०८२/८३ को अनुमान | | २०८३/८४ को प्रक्षेपण | | २०८४/८५ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| SDG-13 | जलवायु परिवर्तन अनुकुलन | १० | ४१६५५ | ९.२९ | ४२६७३ | ९.५ | ४३१८९ | ९.६ |
| SDG-14 | सामुद्रिक स्रोतको उपयोग | ० | ० | ० | ० | ० | ० | ० |
| SDG-15 | भूसतह स्रोतको उपयोग | १ | ० | ० | ८९८ | ०.२० | ९४५ | ०.२१ |
| SDG-16 | शान्ति, न्याय र सबल संस्था | ६ | १२७४८४.४५ | २८.४३ | १२७७९४ | २८.४५ | १२७३१९ | २८.३ |
| SDG-17 | दिगो विकासको लागि साझेदारी | ० | ० | ० | ० | ० | ० | ० |
| | **कुल जम्मा** | ७३ | ४४८४८६ | १०० | ४४९१८९ | १०० | ४४९८९० | १०० |

### घ. लैंङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

लैंङ्गिक सङ्केत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत छ।

**तालिका २.७: लैंङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

**(रू. हजारमा)**

| सङ्केत नम्बर | लैंङ्गिक उत्तरदायी सङ्केत | आयोजना/ कार्यक्रम संख्या | २०८२/८३ को अनुमान | | २०८३/८४ को प्रक्षेपण | | २०८४/८५ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | निर्दिष्ट | ९ | ३७५९० | ८.३८ | ५१५९० | ११ | ५२५९० | १२ |
| २ | सहयोगी | २१ | ९२८११ | २०.६९ | ९२८११ | २१ | १०२८११ | २३ |
| ३ | तटस्थ | ४३ | ३१८०८५ | ७०.९२ | ३०४७८८ | ६८ | २९४४८९ | ६५ |
| | कुल जम्मा | ७३ | ४४८४८६ | १०० | ४४९१८९ | १०० | ४४९८९० | १०० |

### ङ. जलवायु सङ्केतको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

जलवायु सङ्केत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत छ।

**तालिका २.८ : जलवायु सङ्केतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

**(रू. हजारमा)**

| सङ्केत नम्बर | जलवायू सङ्केत | आयोजना/ कार्यक्रम संख्या | २०८२/८३ को अनुमान | | २०८३/८४ को प्रक्षेपण | | २०८४/८५ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | अत्यन्त सान्दर्भिक | ११ | १५१०० | ३.४ | १६५०० | ३.६७ | १८५०० | ४.११ |
| २ | सान्दर्भिक | १९ | ९२८११ | २०.६ | ९०११४ | २०.०६ | ९२८११ | २०.६३ |
| ३ | तटस्थ | ४३ | ३४२५७५ | ७६.० | ३४२५७५ | ७६.२७ | ३३८५७९ | ७५.२६ |
| | कुल जम्मा | ७३ | ४५०४८६ | १०० | ४४९१८९ | १०० | ४४९८९० | १०० |

## २.८ विषय उपक्षेत्रगत बाँडफाँट

विषय उपक्षेत्रगत रूपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.९ मा प्रस्तुत गरिएको छ । विषय उपक्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण अनुसूची ३ समावेश गरिएको छ ।

**तालिका २.९: आगामी तीन आ.व.को विषय उपक्षेत्रगत खर्चको बाँडफाँटको प्रक्षेपण**

(रकम रू. हजारमा)

| क्र.सं. | विषयगत उपक्षेत्र/ कार्यक्रम/ आयोजना | आ.व. २०८२/८३ को विनियोजन | | | | आ.व. २०८३/८४ को प्रक्षेपण | | | | आ.व. २०८४/८५ को प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था |
| क) | आर्थिक विकास क्षेत्र | | | | | | | | | | | | |
| १ | कृषि, खाद्य सुरक्षा, जलस्रोत तथा सिंचाइ | ३९९९० | ५६४० | ३४३५० | ० | ४३२१२ | ८६२४ | ३४५८८ | ० | ४४०८९ | ८९९८ | ३५०९१ | ० |
| २ | पशुपंक्षी सेवा | १२५० | १२५० | ० | ० | ११६८ | ११२३ | ४५ | ० | १२१५ | ११२५ | ९० | ० |
| ३ | पर्यटन तथा संस्कृति | ७८८० | ३२८० | ४६०० | ० | ३२३४ | २६९५ | ५३९ | ० | ३५९९ | २६९९ | ९०० | ० |
| ४ | उद्योग, व्यापार तथा व्यवसाय | ३७८० | ३०० | ३४८० | ० | ७८६१ | २२५ | ७६३६ | ० | ८५४८ | २२५ | ८३२३ | ० |
| ५ | भूमि व्यवस्था, बैङ्क, वित्तीय तथा सहकारी | १४०० | २०० | १२०० | ० | १३९२ | १३५ | १२५८ | ० | १४८५ | १३५ | १३५० | ० |
| ६ | श्रम, रोजगारी तथा गरिवी निवारण | ६११५ | ५५११ | ६०४ | ० | ५५७० | ४९४१ | ६२९ | ० | ५५७९ | ४९४९ | ६३० | ० |
| ख) | सामाजिक विकास | | | | | | | | | | | | |
| ७ | शिक्षा, विज्ञान, कला, भाषा तथा साहित्य | १९३६७९ | १६८५५६ | २५१२३ | ० | १९१३५५ | १६६२०० | २५१५५ | ० | १९२५५३ | १६६४५९ | २६०९४ | ० |
| ८ | स्वास्थ्य तथा पोषण | ६६८४५ | ४७२४५ | १९६०० | ० | ६४५९३ | ४४९१९ | १९६७४ | ० | ६५२३४ | ४४९८९ | २०२४५ | ० |
| ९ | खानेपानी, सरसरफाई तथा स्वच्छता | २९३० | ३३६ | २५९५ | ० | ५३९० | २६९५ | २६९५ | ० | ५३९९ | २६९९ | २६९९ | ० |

| क्र.सं. | विषयगत उपक्षेत्र/ कार्यक्रम/ आयोजना | आ.व. २०८२/८३ को विनियोजन | | | | आ.व. २०८३/८४ को प्रक्षेपण | | | | आ.व. २०८४/८५ को प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था |
| १० | महिला, बालबालिका तथा लक्षित वर्ग | १३२७७ | १३१९७ | ८० | ० | १२७५७ | १२५७७ | १८० | ० | १२८२२ | १२५९७ | २२५ | ० |
| ११ | युवा तथा खेलकूद | | | | | | | | | | | | |
| ग) | पूर्वाधार विकास | | | | | | | | | | | | |
| १२ | आवास, भवन तथा सहरी विकास | १३१५ | ० | १३१५ | ० | ३१८९ | ४५ | ३१४४ | ० | ३७७९ | १८० | ३५९९ | ० |
| १३ | सडक, पुल तथा यातायात | २०९८५ | ० | २०९८५ | ० | २१६५१ | ९० | २१५६१ | ० | २२७१९ | २२५ | २२४९५ | ० |
| १४ | जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा | १६४० | ० | १६४० | ० | २४७१ | २२५ | २२४६ | ० | १८४५ | ४५ | १८०० | ० |
| १५ | सूचना तथा सञ्चार प्रविधि | ६० | ६० | ० | ० | १८० | १३५ | ४५ | ० | १३५ | ९० | ४५ | ० |
| घ) | वन, वातावरण तथा विपद् व्यवस्थापन | | | | | | | | | | | | |
| १६ | वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण | ४५ | ४५ | ० | ० | २७० | १८० | ९० | ० | २२५ | १३५ | ९० | ० |
| १७ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | १००० | १००० | ० | ० | ५८४ | ४४९ | १३५ | ० | ५८५ | ५४० | ४५ | ० |
| १८ | विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन | १००१० | ४६१० | ५४०० | ० | ११२३० | ४४९२ | ६७३८ | ० | १२१४७ | ४४९९ | ७६४८ | ० |
| ङ) | संस्थागत विकास तथा सुशासन क्षेत्र | | | | | | | | | | | | |
| १९ | स्थानीय नीति, कानुन, न्याय तथा सुशासन | ८९९० | ८९९० | ० | ० | ९६५८ | ८९८४ | ६७४ | ० | ९४४८ | ८९९८ | ४५० | ० |

| क.सं. | विषयगत उपक्षेत्र/ कार्यक्रम/ आयोजना | आ.व. २०८२/८३ को विनियोजन | | | | आ.व. २०८३/८४ को प्रक्षेपण | | | | आ.व. २०८४/८५ को प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था |
| २० | संगठन, मानव संशाधन र सेवा प्रवाह | ५८५३५ | ५३०३५ | ५५०० | ० | ५२६४५ | ४७१६५ | ५४८० | ० | ४८१३८ | ४२७४० | ५३९९ | ० |
| २१ | राजस्व तथा स्रोत परिचालन | ७०० | ० | ७०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२ | तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन | ५३६० | ५३६० | ० | ० | ६७३८ | ६७३८ | ० | ० | ६२९८ | ६२९८ | ० | ० |
| कुल जम्मा | | ४४८४८६ | ३२११०५ | १२७३८१ | ० | ४४९१८९ | ३१४४३२ | १३४७५७ | ० | ४४९८९० | ३१०४२४ | १३९४६६ | ० |

आर्थिक वर्ष २०८२/८३ को विनियोजन र आगामी दुई वर्षको प्रक्षेपण विषय उपक्षेत्रगत नतिजा, विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय उपक्षेत्रगत अनुमानित बजेट परिच्छेद ४ देखि परिच्छेद ८ सम्म प्रस्तुत गरिएको छ ।

## परिच्छेद तीनः आर्थिक वर्ष २०८२/८३ को विकास कार्यक्रम तथा बजेट

समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका साथै यस गाउँपालिकामा आगामी आर्थिक वर्ष सञ्चालन हुने विकास कार्यक्रम तथा आयोजनालाई मध्यमकालीन खर्च संरचनाको अभिन्न अङ्गको रूपमा वार्षिक विकास कार्यक्रमलाई समावेश गरिएको छ । यसले मध्यमकालीन खर्च संरचना थप प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

### ३.१ आर्थिक वर्ष २०८२/८३ विकास कार्यक्रम बजेटको बाँडफाँट

आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन हुने विकास कार्यक्रम तथा आयोजनाको बजेट बाँडफाँट देहायअनुसार प्रस्तुत गरिएको छः

**क) खर्चका आधारमा विकास कार्यक्रमको विनियोजित बजेट**

आर्थिक वर्ष २०८२/८३ लागि प्रस्तावित बजेटको चालू खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको विनियोजित बजेट विवरण तालिका ३.१ मा उल्लेख गरिएको छ । विकास कार्यक्रमको विषय उपक्षेत्रगत विवरण रणनीतिक स्तम्भ, दिगो विकास लक्ष्य लैङ्गिक सङ्केत, जलवायु सङ्केतका आधारमा विस्तृत विवरण अनुसूचीमा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१ : आर्थिक वर्ष २०८२।८३ को चालू, पुँजीगत र वित्तीय व्यवस्था खर्च प्रक्षेप**

| क्र.सं. | खर्च | बजेट (रू. हजारमा) | |
|---|---|---|---|
| | | रकम | प्रतिशत |
| १ | चालू | ३२,१८,०४,९५०।०० | ७१.७५ % |
| २ | पुँजीगत | १२,६६,८१,०५०।०० | २८.२५ % |
| ३ | वित्तीय व्यवस्था | ०।०० | ० |
| | **कुल जम्मा** | ४४,८४,८६।०० | १००.०० % |

**ख) रणनीतिक स्तम्भका आधारमा विकास कार्यक्रमको विनियोजित बजेट**

प्रथम आर्थिक वर्षको विनियोजित बजेटको विवरण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३.२ : रणनीतिक स्तम्भका आधारमा कार्यक्रम तथा आयोजना संख्यात्मक विवरण तथा बजेट**

| रणनीतिक स्तम्भ | कार्यक्रम/ आयोजना संख्या | २०८२/८३ को अनुमान | |
|---|---|---|---|
| | | रकम | प्रतिशत |
| आर्थिक क्षेत्र | १८ | ६,०४,१५,०००।०० | १३.४७ |
| सामाजिक क्षेत्र | २८ | २७,९४,३१,०००।०० | ६२.३१ |
| भौतिक पूर्वाधार | १५ | २,४०,००,०००।०० | ५.३५ |
| वन वातावरण तथा विपद् व्यवस्थापन | ७ | १,१०,५५,०००।०० | २.४६ |
| संस्थागत सुशासन तथा सेवा प्रवाह | ५ | ७,३५,८५,०००।०० | १६.४१ |
| **कुल जम्मा** | **७३** | ४४,८४,८६,०००।०० | १०० |

**ग) प्राथमिकताको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट**

प्राथमिकताको आधारमा गरिएको विनियोजित बजेट तालिकामा प्रस्तुत गरिएको छः

**तालिका ३.३ : प्राथमिकताका आधारमा कार्यक्रम तथा आयोजना संख्यात्मक विवरण तथा बजेट**

| प्राथमिकता सङ्केत | प्राथमिकता क्रम | आयोजना/ कार्यक्रम संख्या | २०८२/८३ को अनुमान | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| P1 | प्राथमिकता पहिलो (P१) | ४५ | २८५०८५००० | ६४% |
| P2 | प्राथमिकता दोश्रो (P२) | २८ | १६३४०१००० | ३६% |
| | **जम्मा** | **७३** | **४४८४८६०००** | **१००%** |

**घ) दिगो विकास लक्ष्यको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट**

दिगो विकास लक्ष्यको आधारमा गरिएको विनियोजित बजेट देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

**तालिका ३.४ : दिगो विकास लक्ष्यको आधारमा कार्यक्रम तथा आयोजना संख्यात्मक विवरण तथा बजेट**

**(रकम रु. हजारमा)**

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | आयोजना/ कार्यक्रम संख्या | २०८२/८३ को अनुमान | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| SDG-1 | गरिबीको अन्त्य | ५ | १४८९४ | ३.३२ |
| SDG-2 | शून्य भोकमरी | ३ | १०१३० | २.२६ |
| SDG-3 | स्वस्थ जीवन | ७ | ३०६९० | ६.८४ |
| SDG-4 | गुणस्तरीय शिक्षा | १२ | १८०८२२.५ | ४०.३२ |
| SDG-5 | लैङ्गिक समानता | ६ | २२१४ | ०.४९ |
| SDG-6 | स्वच्छ पानी र सरसफाइ | ४ | ३८४४.५ | ०.८६ |
| SDG-7 | आधुनिक ऊर्जामा पहुँच | २ | १८९० | ०.४२ |
| SDG-8 | समावेशी आर्थिक वृद्धि,मर्यादित काम | ५ | ६६८२ | १.४९ |
| SDG-9 | उद्योग नविन खोज र पूर्वाधार | ९ | २२०८५ | ४.९२ |
| SDG-10 | असमानता न्यूनीकरण | ० | ३४०१ | ०.७६ |
| SDG-11 | दिगो शहर र बस्ती | ३ | १४४३.५५ | ०.३२ |
| SDG-12 | दिगो उपभोग र उत्पादन | ० | १२५० | ०.२८ |
| SDG-13 | जलवायु परिवर्तन अनुकुलन | १० | ४१६५५ | ९.२९ |
| SDG-14 | सामुद्रिक स्रोतको उपयोग | ० | ० | ० |
| SDG-15 | भूसतह स्रोतको उपयोग | १ | ० | ० |
| SDG-16 | शान्ति,न्याय र सबल संस्था | ६ | १२७४८४.४५ | २८.४३ |
| SDG-17 | दिगो विकासको लागि साझेदारी | ० | ० | ० |
| | **कुल जम्मा** | ७३ | ४४८४८६ | १०० |

### ङ) लैङ्गिक सङ्केतको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट

लैङ्गिक सङ्केतको आधारमा गरिएको विनियोजित बजेट देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

**तालिका ३.५ : लैङ्गिक सङ्केतको आधारमा कार्यक्रम तथा आयोजना संख्यात्मक विवरण तथा बजेट**

(रकम रु. हजारमा)

| सङ्केत नम्बर | लैङ्गिक सङ्केत | कार्यक्रम/ आयोजना संख्या | २०८२/८३ को अनुमान | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| १ | निर्दिष्ट | ९ | ३७५९० | ८.३८ |
| २ | सहयोगी | २१ | ९२८११ | २०.६९ |
| ३ | तटस्थ | ४३ | ३१८०८५ | ७०.९२ |
| | **कुल जम्मा** | ७३ | ४४८४८६ | १०० |

### च) जलवायु सङ्केतको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट

जलवायु सङ्केतको आधारमा गरिएको विनियोजित बजेट देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

**तालिका ३.६ : जलवायु सङ्केतको आधारमा कार्यक्रम तथा आयोजना संख्यात्मक विवरण तथा बजेट**

(रकम रु. हजारमा)

| सङ्केत नम्बर | जलवायु सङ्केत | कार्यक्रम/ आयोजना संख्या | २०८२/८३ को अनुमान | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| १ | अत्यन्त सान्दर्भिक | ११ | १५१०० | ३.३७ |
| २ | सान्दर्भिक | १९ | ९२८११ | २०.६९ |
| ३ | तटस्थ | ४३ | ३४०५७५ | ७५.९४ |
| | **कुल जम्मा** | ७३ | ४४८४८६ | १०० |

## ३.२ उपक्षेत्रगत विकास कार्यक्रम तथा आयोजनाको विवरण

आर्थिक वर्ष २०८२/८३ मा विभिन्न शाखा, उपशाखा, वडा कार्यालय र एकाइ केन्द्रबाट जम्मा ६३ वटा कार्यक्रम, आयोजना तथा क्रियाकलापहरू सञ्चालन हुनेछन् । विषय उपक्षेत्रका आधारमा रणनीतिक स्तम्भ, प्राथमिकता क्रम, दिगो विकास लक्ष्य, लैङ्गिक र जलवायु सङ्केत अनुसार कार्यक्रम तथा आयोजनाको सङ्ख्यात्मक विवरण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

**तालिका ३.७ : जलवायु सङ्केतको आधारमा कार्यक्रम तथा आयोजना संख्यात्मक विवरण**

| क्र.सं. | विषय उपक्षेत्र | रणनीतिक स्तम्भ | | | | | प्राथमिकताक्रम | | लैंगिक सङ्केत | | | जलवायु सङ्केत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | P1 | P2 | १ | २ | ३ | १ | २ | ३ |
| १ | कृषि, खाद्य सुरक्षा तथा सिंचाइ | ५ | ० | ० | ० | ० | २ | ३ | ० | १ | ४ | ० | ३ | २ |
| २ | पशुपंक्षी सेवा | २ | १ | ० | ० | ० | २ | १ | ० | २ | १ | ० | ३ | ० |
| ३ | उद्योग र व्यापार ब्यवसाय | १ | १ | ० | ० | ० | १ | १ | ० | १ | १ | ० | १ | १ |
| ४ | पर्यटन, सम्पदा तथा संस्कृति | ० | ० | १ | १ | ० | १ | १ | ० | ० | २ | ० | १ | १ |
| ५ | भूमि व्यवस्था, सहकारी र वित्तसेवा | २ | ० | ० | ० | १ | १ | २ | ० | १ | २ | ० | १ | २ |

| क्र.सं. | विषय उपक्षेत्र | रणनीतिक स्तम्भ | | | | | प्राथमिकताक्रम | | लैंगिक सङ्केत | | | जलवायु सङ्केत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | P1 | P2 | १ | २ | ३ | १ | २ | ३ |
| ६ | श्रम, रोजगारी तथा गरिबी निवारण | ३ | 0 | 0 | 0 | 0 | 3 | 0 | 0 | 0 | 3 | 0 | १ | २ |
| ७ | स्वास्थ्य सेवा तथा पोषण | ० | ६ | ० | ० | ० | ५ | १ | ० | ६ | ० | ० | २ | ४ |
| ८ | शिक्षा, विज्ञान, कला, भाषा साहित्य | १० | ० | ० | ० | ० | ६ | ४ | ० | २ | ८ | ० | २ | ८ |
| ९ | खानेपानी तथा सरसफाइ | ० | ४ | ० | ० | ० | ४ | ० | ३ | १ | ० | ४ | ० | ० |
| १० | महिला, बालबालिका र समावेशी | ० | ६ | ० | ० | ० | २ | ४ | ६ | ० | ० | ० | ० | ६ |
| ११ | युवा तथा खेलकुद | ० | ० | २ | ० | ० | २ | ० | ० | ० | २ | ० | ० | २ |
| १२ | बस्ती विकास भवन सहरी | ० | ० | ३ | ० | ० | २ | १ | ० | ० | ३ | ० | ० | ३ |
| १३ | सडक तथा यातायात | ० | ० | ७ | ० | ० | २ | ५ | ० | ० | ७ | ० | ० | ७ |
| १४ | जलस्रोत विद्युत् र स्वच्छ ऊर्जा | ० | ० | ३ | ० | ० | २ | १ | ० | ० | ३ | ० | ३ | ० |
| १५ | सूचना, सञ्चार प्रविधि | ० | ० | १ | १ | ० | १ | १ | ० | ० | २ | ० | ० | २ |
| १६ | वन हरियाली, भूसंरक्षण नदी | २ | ० | ० | ० | ० | २ | ० | ० | २ | ० | २ | ० | ० |
| १७ | वातावरण फोहोरमैला व्यवस्थापन | ० | ० | ० | ० | २ | २ | ० | ० | २ | ० | २ | ० | ० |
| १८ | विपद् तथा जलवायु परिवर्तन | ० | ० | ० | ० | ३ | २ | १ | ० | ३ | ० | ३ | ० | ० |
| १९ | नीति, कानुन, न्याय तथा सुशासन | ० | ० | ० | २ | ० | १ | १ | ० | ० | २ | ० | २ | ० |
| २० | संगठन, जनशक्ति र क्षमता विकास | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | १ | ० | ० | १ |
| २१ | राजस्व सुधार परिचालन | ० | ० | ० | १ | ० | ० | १ | ० | ० | १ | ० | ० | १ |
| २२ | तथ्याङ्क, योजना र विकास व्यवस्थापन | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | १ | ० | ० | १ |
| | जम्मा | २५ | १८ | १७ | ७ | ६ | ४५ | २८ | ९ | २१ | ४३ | ११ | १९ | ४३ |

# परिच्छेद चारः आर्थिक क्षेत्र

कृषि तथा खाद्य सुरक्षा, जलस्रोत तथा सिँचाई, पशुपंक्षी विकास, उद्योग तथा व्यापार, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था तथा सहकारी, श्रम रोजगारी तथा गरिबी निवारण जस्ता उपक्षेत्रहरू यस परिच्छेदमा समेटिएको छ । यस परिच्छेदमा आर्थिक क्षेत्र अन्तर्गतका हरेक उपक्षेत्रको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण, अनुमान तथा जोखिम पक्षहरू समावेश गरिएका छन् ।

## ४.१ कृषि, खाद्य सुरक्षा, जलस्रोत तथा सिँचाई

### ४.१.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले खाद्य सम्बन्धी अधिकारलाई मौलिक हकको रूपमा प्रत्याभूति गरेको छ । देशको अर्थतन्त्र सुदृढ गर्न राज्यले कृषि क्षेत्रमा विशेष जोड समेत दिएको छ । कृषिको व्यावसायिकरण, औद्योगिकीकरण र विविधीकरणका लागि भू-उपयोग नीति अवलम्बन गर्न आवश्यक छ जसले कृषि उत्पादकत्व अभिवृद्धि गर्न महत्वपूर्ण सहयोग गर्ने छ । आधुनिकीकरण, भूमिको उत्पादनशीलता, प्रकृति र वातावरणीय सन्तुलनका आधारमा भू-उपयोग गर्ने र कृषि सामग्री तथा उपजहरूको उचित मूल्य निर्धारण र बजार पहुँचको सहज व्यवस्थापन पक्षलाई राष्ट्रको निर्देशक सिद्धान्तले समेत स्वीकार गरेको छ । त्यसैगरी १६ औं पञ्चवर्षीय योजनाको दीर्घकालीन लक्ष्यले उच्च र दिगो उत्पादन र उत्पादकत्व अभिवृद्धिलाई र तीव्र, दिगो तथा रोजगारमूलक आर्थिक वृद्धिलाई राष्ट्रिय रणनीतिका रूपमा ग्रहण गरेको छ ।

कृषि क्षेत्रको लगानी र विकासलाई दिगो विकास लक्ष्यको प्रमुख पक्षका रूपमा अङ्गीकार समेत गरिएको छ । तसर्थ कृषिमा आधुनिकीकरण र औद्योगिकीकरण गरी आय आर्जन वृद्धि र रोजगारी सृजनामा योगदानको आधार बनाउन आवश्यक छ जसले भोकमरी अन्त्य तथा खाद्य सुरक्षा र पोषणको सुनिश्चितता गर्दै गरिबी निवारणमा समेत योगदान पुग्नेछ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले ठोस रूपमा कृषि क्षेत्रलाई सम्बोधन गर्ने गरी कृषि उत्पादन र व्यवस्थापन, बजार तथा हाटबजार पूर्वाधार निर्माण, साना सिँचाइ, प्राविधिक सेवा, कृषि सामग्री आपूर्ति, कृषक क्षमता विकास, प्रकोप तथा महामारी नियन्त्रण, पशु चिकित्सकको व्यवस्था, नस्ल सुधार, आहार, बीमा तथा कर्जा सहजीकरण, चरन क्षेत्रको विकास तथा व्यवस्थापन, उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन आदि कार्यहरू स्थानीय तहले गर्ने गरी निर्दिष्ट गरेको छ ।

### ४.१.२ समस्या तथा चुनौती

कृषि तथा पशुपंक्षी क्षेत्रमा अनुदान पाएको कृषकले सम्बन्धी पेशामा लगानी नगरी अन्यत्र लगानी गर्नु, प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रोजगारी सिर्जना भए तापनि प्रयाप्त बजेट नहुनु, बैङ्क तथा वित्तीय संस्थाहरूमा किसानहरूको पहुँच कमजोर हुनु, ठूला बजार र व्यापारिक केन्द्रमा यहाँका किसानहरूको पहुँच कमजोर, कृषि प्राविधिकहरू अभावका कारण पनि अपेक्षित सेवा दिन नसक्नु, नवीनतम व्यवसायका लागि दक्ष प्राविधिक र इक्युबेशन सेवाहरू सहितको उद्यमिशलतालाई प्रवर्द्धन गर्ने कार्यक्रमहरूको अभाव हुनु, प्रभावकारी शासन व्यवस्थाको अभाव र राजनीतिक अस्थिरता हुनु र प्रविधिमैत्री कृषि कार्यक्रमहरू नहुनु जस्ता प्रमुख समस्याहरू छन् । भिरालो भूभाग र सीमित खेती योग्य जमिनलाई उर्वर बनाउनु, बाढी-पहिरो जस्ता प्रकोपहरूको जोखिम न्यूनीकरण गर्नु, आधुनिक कृषि अभ्यासहरूमा किसानहरूलाई रूपान्तरण गर्नु, व्यावसायिक कृषि उपजहरूको सहज बजार पहुँचमा राखु र किसानहरूले जलवायु परिवर्तनका असरहरूको अनुकूलन गर्न सक्नु जस्ता चुनौतीहरू रहेका छन्।

### ४.१.३ सोच

"जैविक कृषि उत्पादनको प्रयासः नौगाडबासीलाई दिगो आम्दानी र स्वस्थ जीवनको आभास"

### ४.१.४ उद्देश्य

- कृषिको वैज्ञानिकीकरण प्रवर्द्धन गर्नु ।
- कृषिलाई गाउँपालिकाको अर्थतन्त्रको मुख्य स्रोतको रूपमा विकास गर्नु ।
- कृषिलाई आधुनिक, व्यवसायिक र जलवायु अनुकूल बनाउँदै स्थानीय उत्पादनमा वृद्धि गर्नु
- वर्षैभरि पर्याप्त सिंचाइको सुविधा पुऱ्याई उत्पादन क्षमतामा सुधार गर्नु
- खाद्य उत्पादन, भण्डारण तथा वितरण प्रणाली सुधार गरी खाद्य सुरक्षा सुनिश्चित गर्नु
- कृषकहरूको सीप अभिवृद्धि, प्राविधिक सेवा पहुँच र बजारिकरणमा पहुँच विस्तार गर्नु ।
- खाद्य पोषण सुरक्षालाई ध्यानमा राखी स्थानीय र पोषिलो बाली तथा विविधिकरण प्रवर्द्धन गर्नु ।
- वडास्तरमा बाँध, तटबन्ध, ताल, पम्पिङ सुविधाधारी सिँचाइ प्रणाली स्थापना गर्नु

### ४.१.५ रणनीति

- कृषि बजारमा कृषकको पहुँच विस्तार गर्ने ।
- कृषि तथा पशुपंक्षी पालन व्यवसायलाई प्रविधिसँग अन्तरनिहित गरिने
- कृषि सम्बन्धी प्राविधिकहरूको प्रभावकारी परिचालन गर्ने।
- कृषि व्यवसाय प्रवर्द्धन गर्दै जलवायुमैत्री कृषि प्रविधिको प्रवर्द्धन गर्ने।
- बीउ, बिजनहरूको स्थानीय उत्पादन र आधुनिक कृषि औजारहरूको वितरण प्रणाली विकास गर्ने।
- कृषिमा युवाहरूको संलग्नता बढाउन आकर्षक कार्यक्रम (कृषि स्टार्टअप, युवा उद्यम) ल्याउने।
- कृषि अनुसन्धान तथा विस्तार सेवाको सुदृढीकरण (स्थानीय ज्ञान र प्राविधिक समन्वय) गर्ने।
- पशुपालन, मत्स्यपालन र बहुउद्देश्यीय बगैंचा कार्यक्रम विस्तार गर्ने।
- स्थानीय तहमा खाद्य भण्डारण तथा आपतकालीन सञ्चिती प्रणाली स्थापना गर्ने।
- साना किसान तथा विपन्न समुदायलाई लक्षित खाद्य वितरण कार्यक्रम सञ्चालन गर्ने।
- मौसमी नदी, खोल्सा, लिफ्ट तथा साना सिँचाई प्रणालीको निर्माण र विस्तार गर्ने।
- वडास्तरमा बाँध, तटबन्ध, ताल, पम्पिङ सुविधाधारी सिँचाइ प्रणाली स्थापना गर्ने
- वर्षा पानीको सञ्चय र साना जलाशय निर्माणमा प्राथमिकता दिने ।

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| प्रति व्यक्ति खाद्यान्न उत्पादन | के.जी. | २८८ | ३५५ | ३५० | ४०० | ६५० | १००० |
| आफ्नो आयको दुई तिहाइ भन्दा वढी खानामा खर्च गर्ने जनसङ्ख्या | प्रतिशत | ६० | ५५ | ५० | ३५ | ३० | २५ |
| साना स्तरका कृषक औसत वार्षिक आय | रु. हजार | १०० | १२० | १५० | २०० | ३०० | ४०० |
| कृषि क्षेत्रमा संलग्न समूह र सहकारी | संख्या | ३०० | ३२० | ३३० | ३५० | ३७० | ४०० |

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| कुल कृषि भूमि मध्ये खेति गरिएको भूमि | प्रतिशत | २० | ३० | ४० | ५० | ६० | ७० |
| खाद्यान्न बालीको औसत उत्पादकत्व प्रति हेक्टर | मे/हे | २.७ | २.८ | २.७ | ३ | ३.१ | ३.२ |
| व्यावसायिक उत्पादनमा संलग्न कृषक | संख्या | ३०० | ४०० | ३५० | ५०० | ७०० | १००० |
| वार्षिक खाद्यान्न उत्पादन | मे.ट. | २३५६४ | २५००० | २८००० | ३२००० | ३६००० | ४२००० |
| वार्षिक तरकारी उत्पादन | मे.ट. | ६८४४ | ७००० | ७५०० | ७८०० | ८२०० | ९००० |
| १२ है महिना सिँचाई हुने क्षेत्र | हेक्टर | ३० | ४० | ३५ | ४२ | ४३ | ४५ |
| कृषि फर्म | संख्या | १७८ | २०० | २२५ | ४०० | ७०० | १०० |
| अगुवा कृषक | संख्या | २२०० | २४०० | २५०० | ३००० | ३३०० | ३५०० |
| कृषि पेशामा आबद्ध जनसंख्या | संख्या | ३००० | ३५०० | ३२०० | ४००० | ४५०० | ५००० |

*स्रोतः कृषि तथा पशुपन्छी विकास शाखा*

### ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालू | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ८२/८३ | ३९९९०००० | ५६४०००० | ३४३५०००० | ० | ५०००० | ३४०४०००० | ५९००००० | ० |
| ८३/८४ | ४३२११९८२ | ८६२४४२९ | ३४५८७५५३ | ० | ५००७८ | ३७२५२६५५ | ५९०९२४८ | ० |
| ८४/८५ | ४४०८९२२० | ८९९७८०० | ३५०९१४२० | ० | ५०१५७ | ३८१२०५९३ | ५९१८४७० | ० |

### ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | विषयगत उपक्षेत्र/ कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरू समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | कृषि यान्त्रीकरण कार्यक्रम | कृषि सम्बन्धी आधुनिक प्रविधि हस्तान्तरण र प्रवर्द्धन गर्नु | २०८२/८३-२०८४/८५ | २०००० | स्थानीय कृषि उत्पादन बृद्धि, कृषकको समय र लागतमा न्यून, कृषि पेशाप्रति आकर्षण बढ्ने |
| २ | बृहत तरकारी खेती प्रवर्धन योजना ६ वटै वडामा | तरकारी खेती व्यवसाय प्रवर्द्धन गर्नु | २०८२/८३-२०८४/८५ | १०००० | व्यावसायिक रूपमा आधुनिक तरकारी खेती गर्ने कृषकहरूको आयस्तरमा बृद्धि भएको |

| क्र.सं. | विषयगत उपक्षेत्र/ कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरू समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३ | कृषि प्रसार तथा प्रवर्द्धन कार्यक्रम | कृषि सम्बन्धी सूचना, प्राविधिक सहयोग तथा प्रविधि हस्तान्तरण र प्रवर्द्धन गर्नु | सालबसाली | ४०००० | वार्षिक २४ वटा उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी कृषि उद्यम तथा व्यवसाय नयाँ स्थापना वा स्तरोन्नति वा सुचारू हुने |
| ४ | धुलिगडा खोला मसानघाटदेखि काठाबगरसम्म पक्की तटबन्ध निर्माण आयोजना | खोला किनारका बस्ती, कृषि योग्य जमिन, स्कूल/स्वास्थ्य चौकीजस्ता पूर्वाधार कटान तथा बाढीबाट जोगाउनु। | २०८०/८१-२०८२/८३ | ५०००० | मसानघाटदेखि काठाबगरसम्म क्षेत्रहरूमा जमिन तथा बस्ती कटान नियन्त्रण गर्न ५०० मि. तटबन्ध निर्माण हुने |
| ५ | वैकल्पिक तथा साना सिंचाइ विकास तथा विस्तार कार्यक्रम | सिंचाइ सुविधा विस्तार गर्नु | सालबसाली | ७२९२ | वार्षिक ४ हेक्टर क्षेत्रफलमा १२ हैं सिंचाइ सुविधा उपलब्ध हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८२/८३ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहाय बमोजिम रहेका छन् :

| क्र.सं. | विषयगत उपक्षेत्र/ कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ.व. २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| १ | कृषि यान्त्रीकरण कार्यक्रम | हाल सम्म अगुवा कृषकहरूलाई मिनी टिलर, थ्रेसर, कर्न सेलर, कृषि उपकरण अनुदानमा वितरण गरेको | आगामी तीन वर्ष भित्र ६ वटै वडामा ३०० जना कृषक र ६० जना कृषि समूहहरू–लाई कृषि यान्त्रिकरण कार्यक्रम लाभान्वित भएका हुनेछन् । | थ्रेसर खरिद तथा वितरण कार्यक्रम,मिनि टिलर खरिद तथा वितरण कार्यक्रम, कर्न सेलर खरिद तथा वितरण कार्यक्रम, घाँस काट्ने र अन्य कृषि उपकरण खरिद तथा विवरण कार्यक्रम |
| २ | बृहत तरकारी खेती प्रवर्धन योजना ६ वटै वडामा | २४ जनालाइ व्यावसायिक कृषकको रूपमा विकास गरिएको तथा ४५ वटा कृषिमा आधारित व्यवसाय स्थापना तथा स्तरोन्नति भएको | ४५ वटा उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी कृषि उद्यम तथा व्यवसाय नयाँ स्थापना वा स्तरोन्नति वा सुचारू हुने | तरकारी, मसला, नगदे, फलफूल र खाद्यान्न बाली उत्पादन र बीउ प्रवर्द्धन, पुष्पखेती प्रवर्द्धन प्राङगारिक खेती प्रवर्द्धन, कृषि बजार संरचना निर्माण तथा प्रवर्द्धन, तालिम, प्रदर्शन, भ्रमण र क्षमता विकास, कृषी यान्त्रीकीकरण तथा आधुनिकीकरण, रैथाने बाली प्रवर्द्धन, नयाँ बाली र प्रविधि विस्तार, नमूना फार्म स्थापना, उत्पादनमा आधारित अनुदान, सहकारी/ समूह/ युवा लक्षित कार्यक्रम, कृषि उद्योग तथा प्रशोधन, |

| क्र.सं. | विषयगत उपक्षेत्र/ कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ.व. २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| | | | | जलवायुमैत्री खेती प्रविधि प्रवर्द्धन, माटो परीक्षण, वाली संरक्षण सेवा, डिजिटल प्रविधिमा आधारित सेवा प्रवाह, कृषी तथ्याङ्क व्यवस्थापन, |
| ३ | कृषि प्रसार तथा प्रवर्द्धन कार्यक्रम | ६० जनालाइ व्यावसायिक कृषकको रूपमा विकास गरिएको तथा ६० वटा कृषिमा आधारित व्यवसाय स्थापना तथा स्तरोन्नति भएको | ४० वटा उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी कृषि उद्यम तथा व्यवसाय नयाँ स्थापना वा स्तरोन्नति वा सुचारू हुने | तरकारी, मसला, नगदे, फलफूल र खाद्यान्न बाली उत्पादन तथा बीउ प्रवर्द्धन, पुष्पखेती प्रवर्द्धन प्राङगारिक खेती प्रवर्द्धन, कृषि बजार संरचना निर्माण तथा प्रवर्द्धन, तालिम, प्रदर्शन, भ्रमण र क्षमता विकास, कृषी यान्त्रीकीकरण तथा आधुनिकीकरण, रैथाने बाली प्रवर्द्धन, नयाँ बाली (ड्रागन फ्रुट, किवी, मेकाडिमिया आदि) तथा प्रविधि विस्तार, नमूना फार्म स्थापना, उत्पादनमा आधारित अनुदान, सहकारी/समूह/करार खेती, युवा लक्षित कार्यक्रम, कृषि उद्योग तथा प्रशोधन, जलवायुमैत्री खेती प्रविधि प्रवर्द्धन, माटो परीक्षण, वाली संरक्षण सेवा, डिजिटल प्रविधिमा आधारित सेवा प्रवाह, कृषी तथ्याङ्क व्यवस्थापन, |
| ४ | धुलिगडा खोला मसानघाटदेखि काठाबगरसम्म पक्की तटबन्ध निर्माण आयोजना | २०० मिटर पक्की तटबन्ध निर्माण भएको सोही ठाउँमा सिँचाई सुविधा विस्तार भएको | ५०० मिटर पक्की तटबन्ध निर्माण भई बस्ती सुरक्षित र विपद्को जोखिम न्यून भएको हुनेछ | नौगाड गाउँपालिका वडा नं. ६ धुलिगडा खोलाको किनारमा मसानघाटदेखि काठाबगरसम्म ३०० मिटर पक्की तटबन्ध निर्माण |
| ५ | वैकल्पिक तथा साना सिंचाइ विकास तथा विस्तार कार्यक्रम | ३ हेक्टर क्षेत्रफलमा सिंचाइ सुविधा उपलब्ध भएको | ३ हेक्टर क्षेत्रफलमा १२ हैं सिंचाइ सुविधा उपलब्ध हुने | कुलो निर्माण तथा मर्मत, सिंचाइ पोखरी निर्माण मर्मत, वाट लिफ्टिङ, पम्सेट/मोटर/पाइप, पुनभरण पोखरी निर्माण, थोपा सिंचाइ प्रविधि, वर्षात पानी संकलन (रेनवटार हार्वेष्टिङ) |

### ४.१.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा रहेका व्यावसायिक तथा अन्य कृषकहरूको सङ्ख्या वृद्धि भई कृषि उत्पादन बढ्ने र कृषि उत्पादन प्रशोधन, विविधीकरण र बजारीकरण प्रणाली सुदृढ हुनेछ । कृषि उत्पादनमा उन्नत प्रविधि, मल, गुणस्तरीय बीउ, सिँचाइ सुविधा र संरक्षित कृषि प्रणाली, मूल्य श्रृंखला र बजार अन्तरसम्बन्ध विकास गर्न नसकेमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ । यसैगरी कृषिजन्य उत्पादनमा जलवायु परिवर्तन नकारात्मक असर तथा नयाँ प्रकोपहरूको समेत जोखिम रहको छ ।

## ४.२ पशुपंक्षी विकास तथा सेवा

### ४.२.१ पृष्ठभूमि

नौगाड गाउँपालिका पहाडी भौगोलिक बनावट भएको क्षेत्र हो जहाँ अधिकांश जनसङ्ख्या कृषि तथा पशुपालन व्यवसायमा आधारित जीवन यापन गर्छन् । पशुपालन यहाँको प्रमुख पारम्परिक पेशा हो, जसले घरपरिवारको आर्जन, पोषण, मल उत्पादन र कृषिको पूरक स्रोतका रूपमा योगदान पुऱ्याउँछ । यद्यपि, परम्परागत प्रविधि, रोगव्याधि, बजार अभाव र प्राविधिक सेवाको पहुँच अभावले पशुपालनको सम्भावना पूर्ण रूपमा उपयोग हुन सकेको छैन । पशु पालन व्यवसायको व्यावसायिकरण र विविधीकरणका लागि पशु पालन व्यवसाय प्रवर्द्धनात्मक नीति अवलम्बन गर्न आवश्यक छ जसले पशु पालन व्यवसाय अभिवृद्धि गर्न महत्वपूर्ण सहयोग गर्ने छ । आधुनिकीकरण, प्रकृति र वातावरणीय सन्तुलनका आधारमा प्राकृतिक चरण क्षेत्र उपयोग गर्ने र पशु पालनका लागि आवश्यक सामग्री तथा पूर्वाधार निर्माण गर्ने र पशुजन्य उत्पादनको उचित बजार मूल्य निर्धारण र बजार पहुँचको सहज व्यवस्थापन पक्षलाई राष्ट्रको निर्देशक सिद्धान्तले समेत स्वीकार गरेको छ ।

त्यसैगरी १६ औं आवधिक योजनाको दीर्घकालीन सोच र लक्ष्यले उच्च र दिगो उत्पादन र उत्पादकत्व अभिवृद्धिलाई र तीव्र, दिगो तथा रोजगारमूलक आर्थिक वृद्धिलाई राष्ट्रिय रणनीतिका रूपमा ग्रहण गरेको छ । पशु सेवा विकास क्षेत्रमा लगानी र विकासलाई दिगो विकास लक्ष्यको प्रमुख पक्षका रूपमा अङ्गीकार समेत गरिएको छ । तसर्थ पशु पालन व्यवसायमा आधुनिकीकरण र व्यावसायिकरण गरी आय आर्जन वृद्धि र रोजगारी सृजनामा योगदानको आधार बनाउन आवश्यक छ जसले भोकमरी अन्त्य तथा खाद्य सुरक्षा र पोषणको सुनिश्चितता गर्दै गरिबी निवारणमा समेत योगदान पुग्नेछ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले ठोस रूपमा पशु सेवा विकास सम्बोधन गर्ने गरी पशुहरूमा हुने प्रकोप तथा महामारी नियन्त्रण, पशु चिकित्सकको व्यवस्था, नस्ल सुधार, आहार, बिमा तथा कर्जा सहजीकरण, चरन क्षेत्रको विकास तथा व्यवस्थापन, पशुपालन व्यवसायको प्रवर्द्धन, पशु बधशाला र शीत भण्डारण व्यवस्थापन र नियमन, पशुपालन र पशु स्वास्थ्य सम्बन्धी आदि कार्यहरू स्थानीय तहले गर्ने गरी निर्दिष्ट गरेको छ। नौगाड गाउँपालिकामा पशुपालन र कुखुरापालन कृषकहरूको पूरक आयको मुख्य स्रोतको रूपमा विकास हुँदै गइरहेको छ। स्थानीय स्रोत, भूगोल, जलवायु र परम्परागत सीपको उपयोग गर्दै आत्मनिर्भर, व्यावसायिक र वातावरणमैत्री पशुपंक्षी उत्पादन प्रणालीको विकास गर्ने सोच लिई पशुपंक्षी सेवा प्रवाहलाई प्रभावकारी, पहुँचयोग्य र समावेशी बनाइनेछ।

### ४.२.२ समस्या तथा चुनौती

कृषि तथा पशुपंक्षी क्षेत्रमा अनुदान पाएको कृषकले सम्बन्धी पेशामा लगानी नगरी अन्यत्र लगानी गर्नु, प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रोजगारी सिर्जना भए तापनि प्रयाप्त बजेट नहुनु, बैङ्क तथा वित्तीय संस्थाहरूमा किसानहरूको पहुँच कमजोर हुनु, ठूला बजार र व्यापारिक केन्द्रमा यहाँका किसानहरूको पहुँच कमजोर, दक्ष पशु तथा कृषि प्राविधिकहरू अभावका कारण पनि अपेक्षित सेवा दिन नसक्नु, नवीनतम व्यवसायका लागि दक्ष प्राविधिक र इक्युबेशन सेवाहरू सहितको उद्यमिशलतालाई प्रवर्द्धन गर्ने कार्यक्रमहरूको अभाव हुनु, प्रभावकारी शासन व्यवस्थाको अभाव र राजनीतिक अस्थिरता हुनु र प्रविधि मैत्री कृषि कार्यक्रमहरू नहुनु जस्ता प्रमुख समस्याहरू छन् । भिरालो भूभाग र सीमित खेतीयोग्य जमिनलाई उर्बर बनाउनु, बाढी-पहिरो जस्ता प्रकोपहरूको जोखिम न्यूनीकरण गर्नु, आधुनिक कृषि अभ्यासहरूमा किसानहरूलाई रूपान्तरण गर्नु, व्यावसायिक कृषि उपजहरूको सहज बजार पहुँचमा राख्नु र किसानहरूले जलवायु परिवर्तनका असरहरूको अनुकूलन गर्न सक्नु जस्ता चुनौतीहरू रहेका छन्।

### ४.२.३ सोच

"व्यावसायिक पशुपालनमा वृद्धि: उत्पादनमा आत्मनिर्भरता बनाउँछौं नौगाडबासीको जीवन समृद्धि"

### ४.२.४ उद्देश्य

- स्थानीय उत्पादनलाई बढावा दिई दुग्ध, मासु, अण्डा र पोल्ट्री उत्पादनमा आत्मनिर्भरता हासिल गर्नु ।
- किसानहरूको सीप विकास र पहुँच सुनिश्चित गरी व्यावसायिक पशुपालन प्रवर्द्धन गर्नु ।
- पशुपंक्षीसम्बन्धी रोग नियन्त्रण, खोप कार्यक्रम र उपचार सेवामा सुधार गर्नु ।
- विपन्न, महिला, दलित र अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित पशुपालन कार्यक्रम सञ्चालन गर्नु ।
- नस्ल सुधार र उन्नत पशुपालनमा जोड दिनु ।

### ४.२.५ रणनीति

- उत्पादन र उत्पादकत्व वृद्धिको प्रवर्द्धन गर्ने ।
- रोग नियन्त्रण र पशु स्वास्थ्य सेवा सुदृढीकरण गर्ने ।
- संस्थागत तथा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन गर्ने ।
- उन्नत जातको गाई, भैंसी, बाख्रा, सुँगुर, कुखुरा लगायत वितरण कार्यक्रम सञ्चालन गर्ने ।
- कृत्रिम गर्भाधान सेवा विस्तार गर्ने ।
- दुग्ध सङ्कलन केन्द्रको स्थापना र सुधार गर्ने ।
- पशु आहार उत्पादन प्रवर्द्धन र व्यवस्थापन गर्ने ।

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| व्यावसायिक पशुपालनमा संलग्न कृषक घरपरिवार | संख्या | ८० | ११० | १०० | १२० | १४० | १८० |
| व्यावसायिक फर्मको संख्या | संख्या | ११४ | १५० | १४० | १५५ | १७० | २०० |
| वार्षिक दुधको उत्पादन | लि. | ४००० | ४४०० | ४३०० | ४५०० | ४६६६ | ४७३१ |
| वार्षिक मासु उत्पादन | मे.ट. | २१ | २२ | २१.५ | २३ | २४ | २५ |
| सुधारिएको मासु पसल/कोल्डस्टोर | संख्या | ६ | ६ | ६ | ७ | ८ | ९ |
| घाँस रोपण गरिएको क्षेत्रफल | रोपनी | २० | २२ | २१ | २५ | ३० | ४० |
| व्यावसायिक माछापालन पोखरी, रेसवे र ब्लक | संख्या | ६ | ८ | ६ | ९ | १० | १२ |

### ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालू | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ८२/८३ | १२५०००० | १२५०००० | ० | ० | ० | १०००००० | २५०००० | ० |
| ८३/८४ | ११६७८९१ | ११२२९७३ | ४४९१९ | ० | ० | ९१७५०० | २५०३९२ | ० |
| ८४/८५ | १२१४७०३ | ११२४७२५ | ८९९७८ | ० | ० | ९६३९२० | २५०७८३ | ० |

### ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरू समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पशुपंक्षी व्यवसाय प्रवर्द्धन कार्यक्रम | पशुपंक्षी पालनलाई व्यावसायीकरण तथा पशुपंक्षीजन्य उत्पादन र उत्पादकत्व वृद्धि गर्नु | सालबसाली | १००० | वार्षिक २५ वटा पशुपंक्षीपालन (१०), संकलन र प्रशोधन (१५) सम्बन्धी फर्म, उद्योग व्यवसाय सिर्जना, स्तरोन्नति र सञ्चालन हुने |
| २ | पशुपालन व्यवसाय प्रवर्द्धन | पशुपालन व्यवसाय प्रवर्द्धन गर्नु | २०८२/८३-२०८४/८५ | १२१६ | गाई, भैसी, बङ्गुरपालन, खरायो, भेडाबाखा पालन व्यवसायबाट कृषकहरुको आयस्तरमा बृद्धि भएको हुनेछ । |
| ३ | पशुपंक्षी स्वास्थ्य सेवा, प्रसार र अन्य सालबसाली कार्यक्रम | पशुपन्छी उपचार सेवा, प्राविधिक ज्ञान, प्रविधि विकास र विस्तार गर्नु | सालबसाली | १४३२ | वार्षिक ५०,००० जना कृषकले सहज रूपमा पशुपंक्षी उपचार सेवा, पशु प्रसार सेवा तथा टेवा प्राप्त गरेका हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८२/८३ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् ।

| क्र.सं. | विषयगत उपक्षेत्र/ कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| १ | पशुपंक्षी व्यवसाय प्रवर्द्धन कार्यक्रम | ६ वटा व्यवसायिक पशुपंक्षीपालन सम्बन्धी फर्म, उद्योग व्यवसाय स्थापना, स्तरोन्नति र सञ्चालन | १२ वटा व्यावसायिक पशुपंक्षीपालन फर्म, उद्योग व्यवसाय स्थापना, स्तरोन्नति र सञ्चालनमा रहेका | कुखुरापालन व्यवसाय अनुदान वितरण, आवश्यक प्रविधि हस्तान्तरण, व्यावसायिक क्षमता विकास तालिम सञ्चालन |
| २ | पशुपालन व्यवसाय प्रवर्द्धन | कृषि व्यवसाय प्रवर्द्धन ऐन जारी गरेको, किसानहरुलाई आवश्यक प्रविधि हस्तान्तरण गरेको | गाउँपालिका भरीमा व्यावसायिक रुपमा भैसि, गाई, बाख्रा, भेडा पालन व्यवसाय गर्ने कृषकको संख्या ३६ पुऱ्याईएको हुनेछ। | पकेट विस्तार कार्यक्रम (बाख्रा, गाई, भैसी, कुखुरा र माछा), उत्पादन तथा व्यवसायमा आधारित तथा अनुदान, कृत्रिम गर्भाधान तथा नश्ल सुधार बोका, साँढे, राँगो), गोठ, खोर र भकारो सुधार, पशुपंक्षी प्रविधि तथा नवप्रवर्तन कार्यक्रम, घाँस खेती तथा पशु आहार प्रवर्द्धन, सुधारिएको भैसी गोठ निर्माण गर्ने, भैसीको नश्ल सुधार, डाले घाँस खेती विस्तार, घाँस काट्ने मेसिन खरिद तथा वितरण गर्ने । |

| क्र.सं. | विषयगत उपक्षेत्र/ कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| ३ | पशुपंक्षी स्वास्थ्य सेवा, प्रसार र अन्य सालबसाली कार्यक्रम | वार्षिक ३४०० जना कृषकले पशुपंक्षी उपचार सेवा, पशु प्रसार सेवा तथा टेवा प्राप्त गरेका | वार्षिक ३४०० जना कृषकले सहज रूपमा पशुपंक्षी उपचार सेवा, पशु प्रसार सेवा तथा टेवा प्राप्त गरेका हुने | पशुपक्षीको रोग तथा परजीवि नियन्त्रण, पशुपंछी उपचार, बन्ध्याकरण तथा प्रयोगाशाला सेवा, पशुपंक्षी स्वास्थ्य शिविर, कृषक तालिम, प्रर्दशन तथा प्रोत्साहन कार्यक्रम, कार्यालयमा पशु सेवा यन्त्र व्यवस्थापन, पशु शेवा करार प्राविधिक तलव भत्ता, पशुपंक्षी स्वास्थ्य सेवा तथा प्रसार, योजना, तथ्याङ्क संकलन तथा कार्यविधि निर्माण, सामुदायिक पशु व्यवस्थापन, क्षमता विकास तथा तालिम, पशु पोषण |

### ४.२.९ जोखिम पक्ष तथा अनुमान

आधुनिक तवरबाट पशुपालन व्यवसाय सञ्चालन गर्नका लागि कृषकहरु आकर्षित नहुनु तथा ठुलो लगानि गर्दा बजार अभावका कारणले व्यवसाय फस्टाउनुको साटो घाटा हुने जोखिम देखिन्छ । त्यसैगरी पशुपालन व्यवसायमा युवा पुस्ताले नयाँ प्रविधिका साथ यस क्षेत्रमा लगानी गर्न मञ्जुर नहुनु पनि यस क्षेत्रमा रहेको समस्या हो ।

## ४.३ उद्योग, व्यापार तथा व्यवसाय

### ४.३.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले अर्थ, उद्योग र वाणिज्य लाई राज्यको निर्देशक सिद्धान्तको रूपमा अङ्गीकार गरेको छ। यस अनुसार साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने, तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास, विस्तार एवं उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने एवं सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीति ग्रहण भएको छ । त्यसैगरी १६ औं राष्ट्रिय योजनामा दीर्घकालीन राष्ट्रिय रणनीतिका रूपमा तीव्र दिगो र रोजगारमूलक आर्थिक वृद्धिलाई अङ्गीकार गरिएको छ भने उद्यमशील कार्य संस्कृति विकासलाई रूपान्तरणका प्रमुख सम्वाहकका रूपमा र उद्योगजन्य पूर्वाधारको विकास, उत्पादन र उत्पादकत्वमा अभिवृद्धि, रोजगारीका थप अवसरहरूको सिर्जना, स्थानीय श्रम र सीमा आधारित उद्योगको प्रवर्द्धन र विकासका साथै निर्यात प्रवर्धन र आयात व्यवस्थापन गर्ने गरी उद्योग क्षेत्रको समग्र विकास गर्ने परिकल्पना गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय बजार व्यवस्थापन, स्थानीय वस्तुहरूको उत्पादन तथा आपूर्ति व्यवस्था, व्यापार प्रवर्द्धनमा सहजीकरण, स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन तथा अभिलेखीकरण, स्थानीय वस्तुहरूको गुणस्तर परीक्षण, स्थानीय व्यापार तथा वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण लगायतका जिम्मेवारीहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ४.३.२ समस्या तथा चुनौती

अल्लोको स्रोतको पूर्ण उपयोगका लागि प्रविधि, पूर्ण दक्षता, मेसिन औजार र विद्युतीकरणको समस्या,नवीनतम पेशाप्रति नयाँ पिँढीहरूमा अरूचि, नौगाडमा उत्पादन हुने बेसार, खुर्सानी र अन्य मसला बाली प्रशस्त भए तापनि उद्यमशीलतामा परिणत गर्न नसकिएको, नौगाडमा उत्पादन हुने धागोलाई व्यावसायिकरण गर्न नसकिएको, यस क्षेत्रमा प्रशस्त पाइने च्युउरीलाई प्रशोधन गरी व्यवसायको रूपमा प्रवर्द्धन गर्न नसकिएको, स्थानीय सरकारबाट स्पष्ट औद्योगिक नीति र प्रोत्साहनको अभाव, स्थानीय उद्यमशीलता र उद्योगहरू नहुनु, होटल, साना व्यवसायलाई प्रवर्द्धन गर्न नसिकएको आदि प्रमुख समस्याहरू रहेका छन्। स्थानीय उद्यमीहरूका लागि वित्तीय स्रोत र ऋण सुविधामा पहुँच बढाउनु, विभिन्न समुदायहरू बीचको सम्पत्ति र स्रोतहरूमा पहुँचको असमानता हटाउनु, आयातित वस्तुमा परनिर्भरता घटाउनु, युवा जनशक्तिलाई उद्योग व्यवसायमा आकर्षित गर्दै उद्यमशीलता विकास गर्नु , स्थानीय साधन स्रोतमा आधारित लघु, घरेलु तथा साना उद्योगहरूको बजार विकास गर्नु, उद्योग, व्यवसायमा निजी तथा सहकारी क्षेत्रको लगानी वृद्धि गर्नु आदि प्रमुख चुनौतीहरू रहेका छन् ।

### ४.३.३ सोच

"कृषि, जडीबुटी र पर्यटनमा आधारित उद्यम व्यापार, स्थानीय दिगो विकासको आधार"

### ४.३.४ उद्देश्य

- सबै नागरिकको व्यावसायिक क्षमता अभिवृद्धि गरी उद्यम विकासका लागि अभिप्रेरित गर्नु ।
- सबै नागरिकलाई आर्थिक विकास पब्लिक लिमिटेड कम्पनीमा सहभागी गराई कम्पनीका माध्यमबाट विभिन्न उद्योग सञ्चालन गर्नु ।

### ४.३.५ रणनीति

- औद्योगिक नीति निर्माण गरी कार्यान्वयन गर्ने
- उद्यम तथा औद्योगिक विकासका लागि गाउँपालिकाको ५० प्रतिशत शेयर र कम्तीमा पनि ७५ प्रतिशतभन्दा बढी घरपरिवार सहभागी रहेको नौगाड पब्लिक लिमिटेड कम्पनी स्थापना गरी सञ्चालनको वातावरण बनाउने ।

- उद्यम विकासका लागि स्थानीय स्तरमै क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- उद्योग तथा व्यापार गुरुयोजना तयार गर्ने ।
- नयाँ व्यवसायमा युवाहरूलाई संलग्न गराउने वातावरण बनाउने ।
- स्थानीय रैथाने उद्यमशिलताको प्रवर्द्धन गर्ने ।
- अल्लो प्रशोधन तथा भांगो उद्योगलाई प्रोत्साहन गर्ने ।
- उत्पादनको व्यापारीकरणका लागि बजारीकरणको विकास गर्ने ।
- युवा र महिला उद्यमशील सम्मान कार्यक्रम सञ्चालन गर्ने ।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | २०८३/८४ | २०८४/८५ |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | २८ | ५० | ७५ | १२० | १३० | १४० |
| सुचारु उद्योग, व्यापार तथा व्यवसाय | संख्या | ९ | १०० | ६० | १०० | १५० | २०० |
| दर्ता/सूचीकृत भएका उद्योग, व्यापार तथा व्यवसाय | संख्या | ४१ | ८० | ३५ | ५० | ८० | १२० |
| व्यावसायिक प्राविधिक सीप युक्त दक्ष व्यक्ति | संख्या | ० | ४५ | ६० | ६० | १०० | १५० |
| व्यवसाय कर बाट सङ्कलित राजस्व | रू. हजारमा | २०० | १५० | ३०० | ३५० | ४०० | ४५० |
| उत्पादन र बजारीकरण सहकारी संस्था | संख्या | ६ | ६ | ६ | ७ | ८ | ९ |
| उद्यम सृजना र विकास सम्बन्धी तालिम लिने उद्यमी | संख्या | ८० | ६० | ५० | ८० | १२० | १५० |
| उद्योग, व्यापार तथा व्यवसाय क्षेत्रको वार्षिक कारोवार | रू. लाखमा | २०० | ३०० | ४०० | ५०० | ६०० | ७०० |

### ४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिकवर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालू | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ८२/८३ | ७८८०००० | ३०००००० | ७५८०००० | ० | ० | ७५३०००० | ३५०००० | ० |
| ८३/८४ | ७८६०८०८ | २२४५९५ | ७६३६२१३ | ० | ० | ७५१०२५९ | ३५०५४९ | ० |
| ८४/८५ | ८५४७९१० | २२४९४५ | ८३२२९६५ | ० | ० | ८१९६८१४ | ३५१०९६ | ० |

### ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | विषयगत उपक्षेत्र/ कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरू समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उद्योग, व्यापार, व्यवसाय तथा तथा बजार प्रवर्द्धन कार्यक्रम | सेवा, उत्पादन र रोजगारी वृद्धि गर्नु | सालबसाली | ४२८८ | वार्षिक २४ वटा उद्यम व्यापार तथा व्यवसाय दर्ता, नविकरण र स्तरोन्नति हुने |
| २ | गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) | लघु उद्यमको सिर्जना र विकास द्धारा न्यून आय भएका तथा विपन्नवर्गको गरिबी घटाउनु | सालबसाली | २०००० | वार्षिक ६० वटा लघु उद्यम तथा व्यवसाय सिर्जना र स्तरोन्नति हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हाल सम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८२/८३ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहाय बमोजिम रहेका छन्।

| क्र.सं. | विषयगत उपक्षेत्र/ कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| १ | उद्योग, व्यापार, व्यवसाय तथा तथा बजार प्रवर्द्धन कार्यक्रम | ३०४ वटा उद्यमव्यापार तथा व्यवसाय दर्ता, नविकरण र स्तरोन्नति हुने | दर्ता, नविकरणतथा नियमन, बजार अनुगमन, उद्यम तथा सीप (फाइबर झोला, सिलाइकटाइ मेशिन मर्मत, ह्याण्डिक्राफ्ट, विकास तालिम), उपभोक्ता सचेतना प्रचार प्रसार, वैठक, अध्ययनतथा अनुगमन | २४ वटा व्यवसाय नयाँ दर्ता तथा २२० नविकरण |
| २ | गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) | वार्षिक ४ वटा लघु उद्यम तथा व्यवसाय सिर्जना र स्तरोन्नति हुने | सामाजिकपरिचालन, संभाव्यता अध्ययन, व्यवसाय छनौट, उद्यमशीलता तथा सीप विकास तालिम, वित्तीय पहुँच, गतिशिल प्रविधि हस्तान्तरण, बजार र बजारीकरण र स्तरोन्नति | वार्षिक २१० वटा लघु उद्यम तथा व्यवसाय सिर्जना रस्तरोन्नति हुने |

### ४.३.९ जोखिम पक्ष तथा अनुमान

संघीय सरकार, प्रदेश सरकार, गाउँपालिका, निजी क्षेत्र तथा नागरिक समाजको साझेदारीमा सामाजिकपरिचालन, संभाव्यता अध्ययन, व्यवसाय छनौट, उद्यमशीलता तथा सीप विकास तालिम, वित्तीय पहुँच, गतिशिल प्रविधि हस्तान्तरण, बजार र बजारीकरण र स्तरोन्नति हुन सक्नेछ । उत्पादन र सेवा व्यवसायको व्यवसायका सरकारको तीनै तहका सरकारको भूमिका नरहेमा व्यवसायी र व्यवसायको अवस्थामा सुधार र विस्तार हुन सक्ने छैन । आर्थिक अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन सक्दछ।

## ४.४ पर्यटन, सम्पदा तथा संस्कृति

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले पर्यटन प्रवर्द्धनलाई राज्यको निर्देशक सिद्धान्तको रूपमा ग्रहण गरेको छ । यसको विकासका लागि ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पुरातात्विक सम्पदा एवं प्राकृतिक स्रोतहरूको पहिचान, संरक्षण, प्रवर्द्धन र प्रसार-प्रसार गरी राष्ट्रिय अर्थतन्त्रको एक महत्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल हुने गरी पर्यटन उद्योग विकास गर्दै प्राप्त लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने नीति संविधानमा उल्लेख भएको छ। त्यसैगरी १६ औं राष्ट्रिय योजनाले पर्यटनलाई विशेष महत्त्व दिँदै गुणस्तरीय पर्यटन सेवाको विकास र विस्तारलाई रूपान्तरणका प्रमुख सम्वाहकका रूपमा ग्रहण गरिएको छ । त्यसैगरी नेपाललाई आकर्षक, सुरक्षित, मनोरञ्जनात्मक पर्यटकीयमैत्री गन्तव्यको रूपमा स्थापित गर्ने, नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान, विविधीकरण, पूर्वाधार विकासमा निजीक्षेत्रको प्रवर्द्धन गर्दै रोजगारीका अवसरहरू वृद्धि भई जनताको जीवनस्तरमा सुधार ल्याउने परिकल्पना भएको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन, नियमन गर्ने साथै ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्त्वका सम्पदा, प्राचीन स्मारकको संरक्षण गर्ने, स्थानीय मौलिक झल्किने सांस्कृतिक रीतिरिवाजको संरक्षण, प्रवर्द्धन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ४.४.२ समस्या तथा चुनौती

धार्मिक तथा पर्यटकीय स्थलहरू सम्म आवतजावत गर्न सडक सञ्जाल नहुनु, सडक पुगेको ठाउँसम्म पनि धुलाम्य सडक हुनु, ऐतिहासिक क्षेत्रहरूलाई पनि पर्यटकिय गन्तव्यका रूपमा प्राथमिकता दिन नसकिनु, अन्य क्षेत्र को तुलनामा पर्यटन क्षेत्रलाई प्राथमिकता नदिनु, पछिल्लो समयमा हाम्रो मौलिक संस्कृति प्रति नयाँ पुस्तामा ध्यान कम हुनु, पश्चिमी संस्कृतितर्फ देखासिकी बढ्नु, संस्कृति कला ऐतिहासिक पहिचान झल्काउने परम्परागत पहिचान संरक्षणका लागि सांस्कृतिक सङ्ग्रहालय बनाउन नसकिएको, दीर्घकालीन पर्यटन विकास गुरुयोजना तर्जुमा नभएको, धार्मिक, साँस्कृतिक पर्यटन प्रवर्द्धनमा गाउँपालिकाबाट यथेष्ट सम्बोधनको अभाव तथा न्यून प्राथमिकता आदि प्रमुख समस्या तथा चुनौतीहरूको रूपमा रहेका छन् ।

### ४.४.३ सोच

"समुदायमा आधारित दिगो पर्यटनः नौगाड गाउँपालिकाको पहिचान"

### ४.४.४ उद्देश्य

- दिगो पर्यटन प्रवर्द्धन गर्न र रोजगारी तथा आय आर्जनका अवसर वृद्धि गर्नु ।
- गुणस्तरीय तथा जिम्मेवार पर्यटन व्यवसाय प्रवर्द्धन गर्नु ।
- सहभागितामा आधारित पर्यटन विकास गरी स्थानीय वातावरण तथा प्रकृति संरक्षण गर्नु ।

### ४.४.५ रणनीति

- आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने ।
- पर्यटनसम्बन्धी पूर्वाधार र सेवाहरू विकास-अभिवृद्धि गर्ने ।
- पर्यटकीय आकर्षण विस्तार गर्ने र सहज पहुँच बढाउने ।

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | २०८३/८४ | २०८४/८५ |
| पर्यटन तथा संस्कृति क्षेत्रमा रोजगार | जना | २ | २ | २ | ६ | ८ | १२ |
| प्रवर्द्धित तथा स्तरोन्नति पर्यटकीय सम्पदा र गन्तव्य | संख्या | ८ | ११ | १० | १२ | १५ | २० |
| भ्रमण गर्ने आन्तरिक पर्यटक | संख्या | १००० | १२५० | १२०० | २००० | २५०० | ४००० |
| आगमन हुने वार्षिक बाह्य पर्यटक | संख्या | २०० | २७५ | २५० | ४०० | ६०० | १००० |
| संरक्षित र प्रवर्द्धित सांस्कृतिक सम्पदा | संख्या | ३ | ६ | ५ | ७ | १० | १२ |
| उपलब्ध पर्यटकीय सेवा तथा सुविधाको प्रकार | संख्या | ३ | ३ | ३ | ३ | ४ | ५ |
| पर्यटन सम्बन्धी अध्ययन र अनुसन्धान (वार्षिक) | संख्या | १ | २ | १ | २ | ३ | ४ |
| पर्यटनमा क्रियाशिल संरचना र संस्था | संख्या | २ | २ | २ | २ | ३ | ३ |
| होमस्टे सञ्चालन भएका स्थान | संख्या | २ | २ | २ | ३ | ३ | ५ |
| कला तथा संस्कृतिमा क्रियाशिल स्रष्टा | जना | १० | १२ | १२ | १८ | २४ | ३० |

### ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालू | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ८२/८३ | ३७८०००० | ३२८०००० | ५००००० | ० | ० | २७८०००० | १०००००० | ० |
| ८३/८४ | ३२३४१६१ | २६९५१३४ | ५३९०२७ | ० | ० | २२३२५९३ | १००१५६७ | ० |
| ८४/८५ | ३५९९१२० | २६९९३४० | ८९९७८० | ० | ० | २५९५९८९ | १००३१३१ | ० |

### ४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | विषयगत उपक्षेत्र/ कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरू समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | छिपुलथान पर्यटीय पदमार्ग निर्माण नौगाड-२ | पर्यटकीय गन्तव्यको रूपमा विकास गर्नु र जैविक विविधताको संरक्षण तथा प्रवर्द्धन गर्नु | २०८२/८३-२०८४/८५ | २००० | बहुउद्देश्यिय पर्यटकीय पूर्वाधारको निर्माण र वार्षिक रूपमा कम्तिमा ३६०० जना आन्तरिक तथा बाह्य पर्यटक भित्र्याइएको हुनेछ । |
| २ | संस्कृति तथा सम्पदा संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | संस्कृति तथा सम्पदा संरक्षण र प्रवर्द्धन गरी पर्यटनसँग जोड्नु | सालबसाली | ८६१४ | संस्कृति तथा सम्पदाको संरक्षण र व्यवस्थापन हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८२/८३ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् ।

| क.सं. | विषयगत उपक्षेत्र/ कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| १ | छिपुलथान पर्यटीय पदमार्ग निर्माण नौगाड-२ | छिपुलथान डाइभर्सिटी पार्क सम्म जाने घोरेटो बाटो निर्माण सम्पन्न भएको | रेलिङसहितको स्तरीय पर्यटकिय बाटो निर्माण भएको हुने | पहुँच मार्ग पहिचान तथा रेलिङसहितको २ कि.मि. पर्यटकीय पहुँच मार्ग निर्माण तथा विस्तार गर्ने |
| २ | संस्कृति तथा सम्पदा संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | स्थानीय धार्मिक पर्यटकीय स्थलहरूको पहुँच मार्ग बनाएको । | धार्मिक, सांस्कृतिक, सम्पदाहरूको संरक्षण तथा प्रवर्द्धन गरिएको हुनेछ | कला, संस्कृति, धार्मिक स्थलहरूको संरक्षण तथा पर्यटन व्यवसाय प्रवर्द्धन गर्ने |

### ४.४.९ जोखिम पक्ष तथा अनुमान

संघीय सरकार, प्रदेश सरकार, गाउँपालिका, निजी क्षेत्र तथा नागरिक समाजको साझेदारीमा पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सेवा सुविधाको विकास र विस्तार हुन सक्नेछ । कोभिड १९ लगायतका महामारी, आर्थिक सङ्कट र राजनीतिक अस्थिरताले पर्यटन क्षेत्रको अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन सक्दछ ।

### ४.५ भूमि व्यवस्था, बैङ्क, वित्त तथा सहकारी

#### ५.५.१ पृष्ठभूमि

यस गाउँपालिकाको भूमिको नक्साङ्कन, राष्ट्रिय भू-उपयोग नीति अनुसार भूमिको वर्गीकरण गरी भू-उपयोग योजना तर्जुमा गरिएको छ । यस प्रकार तयार भू-उपयोग योजना अनुसार कृषि क्षेत्र, आवास क्षेत्र, व्यापारिक तथा क्षेत्र, वन तथा संरक्षित क्षेत्रहरू पहिचान गरिएका छन् । भूस्वरूपमा परिवर्तनको कारण कृषि क्षेत्र खुम्चँदै गएको देखिएको यसको संरक्षणमा विशेष ध्यान दिन आवश्यक देखिएको छ । यस गाउँपालिकामा ग्लोबल आई.एम.ई बैङ्क लि, निर्धन लघु वित्त वित्तीय संस्थाहरूबाट वित्तीय सेवा उपलब्ध भइरहेको छ । यसका साथै गाउँपालिकाको अभिलेख अनुसार जम्मा ११ वटा सहकारी संस्थाहरू सञ्चालनमा रहेका छन् ।

#### ४.५.२ समस्या तथा चुनौती

वैज्ञानिक आधारमा भूमिको वर्गीकरण अनुसार तयार भू-उपयोग योजना कार्यान्वयन र यसको मापदण्डको नियमन भूमि व्यवस्थाको प्रमुख चुनौती रूपमा रहेको छ भने गाउँपालिकामा क्षेत्रमा बसोबास गरी रहेका अव्यवस्थित बसोबासीहरूको लागि जग्गा व्यवस्था गरी आवासको अधिकार र बसोबासलाई व्यवस्थित बनाउनु अर्को प्रमुख चुनौती हो । वित्तीय साक्षरतामा कार्यक्रम सञ्चालनमा कमी, सहकारिता विकास र विस्तारमा कमी, भूमिको वर्गीकरण गरी भू-उपयोग योजना तयार र सो अनुसार नियमनको कमी रहेको छ । वित्तीय सेवाको उपलब्धता बजार क्षेत्रमा मात्र रहनु र वित्तीय सेवाका निमित्त आवश्यक इन्टरनेट सुविधाको कमी प्रमुख समस्याहरू हुन । बैङ्किङ तथा वित्तीय सेवा विस्तार गर्नु, वैज्ञानिक भू-उपयोगको अभ्यास थालनी गर्नु, सहकारी शिक्षा प्रदान गर्नु र सहकारी क्षेत्रले सार्वजनिक क्षेत्र र निजी क्षेत्रसँग सहकार्य बढाउनु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

#### ४.५.३ सोच

“भूमि तथा स्थानीय स्रोतको दिगो उपयोग: वित्तीय स्रोतको सदुपयोग”

#### ४.५.४ उद्देश्य

- भू-उपयोग योजनाको परिपालनामा अभिवृद्धि गर्नु ।
- वित्तीय सेवा तथा लगानीमा वृद्धि गर्नु ।
- सहकारिता, स्थानीय उत्पादन र सेवा व्यवसायमा वृद्धि गर्नु ।

#### ४.५.५ रणनीति

- उत्पादनशील क्षेत्रमा सहकारिताको विकास र विस्तार गर्ने,
- सहकारी, वित्तीय तथा बैंकिङ्ग सेवाको विस्तार गर्ने,
- उत्पादन र सेवामूलक व्यावसायिक गतिविधि केन्द्रित वित्तीय सेवाको पहुँच वृद्धि गर्ने,
- गाउँपालिका भित्रका सहकारीहरूको संस्थागत क्षमता अभिवृद्धि गर्न आवश्यक सहयोग गर्ने ।

#### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | ०८३/८४ | ०८४/८५ |
| सेवा सुचारु बैङ्क शाखा र वित्तीय सेवा प्रदायक | संख्या | ६ | ७ | ६ | ९ | १० | १२ |

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | ०८३/८४ | ०८४/८५ |
| वित्तीय साक्षरता कार्यक्रमबाट लाभान्वित संख्या | जना | ५०० | ६०० | ५५० | ६५० | ८०० | १००० |
| बैङ्क र वित्तीय संस्थाबाट औद्योगिक, व्यावसायिक क्षेत्रमा लगानी रकम | रू. लाखमा | ० | ० | ० | १०० | २०० | ३०० |
| बैकमा खाता हुने वा सेवा उपयोग गर्ने परिवार | प्रतिशत | ५५ | ६० | ५८ | ६५ | ७० | ७५ |
| वार्षिक घुम्ती बैंकिङ प्रणाली सञ्चालन | पटक | १ | २ | १ | ३ | ३ | ४ |

### ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालू | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ८२/८३ | १४००००० | २००००० | १२००००० | ० | ० | ४००००० | १०००००० | ० |
| ८३/८४ | १३९२४८६ | १३४७५७ | १२५७७२९ | ० | ० | ३९०९१८ | १००१५६७ | ० |
| ८४/८५ | १४८४६३७ | १३४९६७ | १३४९६७० | ० | ० | ४८१५०६ | १००३१३१ | ० |

### ४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | विषयगत उपक्षेत्र/ कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरू समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सहकारी प्रबर्द्धन कार्यक्रम | उत्पादन, सेवा तथा वित्तीय सेवामा सहकारीको परिचालन अभिवृद्धि गर्नु | सालबसाली | २२७८ | सहकारीको क्षेत्रको विकास तथा विस्तार र वित्तीय सेवामा सर्वसाधारणको सहज पहुँच कायम हुनेछ । |
| २ | वित्तीय साक्षरता र वित्तीय पहुँच अभिवृद्धि कार्यक्रम | वित्तीय संस्थाको क्षमता अभिवृद्धि, वित्तीय साक्षरता तथा नियम पालनामा वृद्धि गर्नु | सालबसाली | १००० | वार्षिक ५२४ जनाले वित्तीय साक्षरता सहभागि भइ वित्तीय सेवामा पहुँच हुने |
| ३ | भूमि व्यवस्थापन कार्यक्रम | सार्वजनिक जग्गाको संरक्षण, परिचालन र अव्यस्थित बसोबासी व्यवस्थापनमा सहजीकरण गर्नु | सालबसाली | १००० | पहिचान तथा अभिलेखीकरण भएका सुकुम्बासी तथा अव्यवस्थित बसोबासीका जग्गा तथा बसोबासको व्यवस्था भएको हुनेछ |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८२/८३ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् ।

| क्र.सं. | विषयगत उपक्षेत्र/ कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| १ | सहकारी प्रवर्द्धन कार्यक्रम | ११ वटा विभिन्न प्रकारका सहकारी स्थापना भइ सञ्चालन रहेका | २ वटा उत्पादन, बजारीकरण र रोजगारी सिर्जना सहकारी स्थापना तथा स्तरोन्नति हुने | सहकारी तालिम (पल्स्, कोपोमिस, लेखा व्यवस्थापन, प्रस्ताव लेखन, कर्जा जोखिम, सहकारी व्यवस्थापन), सहकारी संस्था अनुगमन, निमयन, बैठक, समन्वय तथा साझेदारी, |
| २ | वित्तीय साक्षरता र वित्तीय पहुँच अभिवृद्धि कार्यक्रम | उद्यम व्यवसाय सञ्चालन र स्तरोन्नति २०० जनाले वित्तीय साक्षरता तथा पहुँच प्राप्त गरेका | १२० जना उद्यमी तथा व्यवसायीले वित्तीय साक्षरता र पहुँच प्राप्त गरेका हुने | वित्तीय साक्षरता कार्यक्रम, बैंक तथा वित्तिय संस्था र इच्छुक उद्यमी बीच अन्तरक्रिया, व्यवसाय योजना तयारी तथा नवीकरण, विद्युतीय भुक्तानी प्रणाली |
| ३ | भूमि व्यवस्थापन कार्यक्रम | अव्यवस्थित बसोबासी भूमिहिन दलित र सुकुम्बासी लाई बसोबास तथा जग्गा व्यवस्थाको लागि लाभग्राही तथा स्थान पहिचान, लगत तयारी कार्य भैरहेको | पहिचान तथा अभिलेखीकरण भएका सुकुम्बासी तथा अव्यवस्थित बसोबासीका जग्गा तथा बसोबासको व्यवस्था भएको हुने | अव्यवस्थित बसोबासी, भूमिहीन दलित तथा सुकुम्बासी लागि जग्गा पहिचान, नक्शाङ्कन र सर्वेक्षणमा सहजीकरण, लाभग्राही रुजू र लगत अद्यावधिकरण भूमि तया बसोबास व्यवस्थाका लागि संवाद तथा पैरवी |

### ४.५.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा न्यून संख्यामा अव्यवस्थित बसोबासी रहेका छन् । गाउँपालिका क्षेत्रको पर्यटन तथा अन्य व्यापार व्यवसायको वृद्धिसँगै अव्यवस्थित बसोबासीको संख्या वृद्धि हुने जोखिम रहेको छ । नौगाडबासीमा वित्तीय साक्षरता तथा सेवा विस्तार भएको हुनेछ । वित्तीय संस्थाहरू उत्पादनमूलक, व्यवसायमूलक कार्य तथा स्थानीय उत्पादनको बजारीकरण बढी क्रियाशिल हुनेछन् । वित्तीय संस्थाहरूको खराब कर्जा बढ्न सक्ने जोखिम रहेको छ।

## ४.६ श्रम, रोजगार तथा गरिबी निवारण

### ४.६.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले श्रम तथा रोजगारीको हकलाई मौलिक हकको रूपमा ग्रहण गरेको छ भने १६ औं राष्ट्रिय योजनाले उत्पादनशील रोजगारी, मर्यादीत श्रम र दिगो सामाजिक सुरक्षालाई प्रमुख सम्वाहकको रूपमा लिएको छ ।नेपालमा, स्थानीय स्तरमा थप रोजगारीका अवसरहरू सिर्जना गर्ने, कार्य शक्तिको सीप अभिवृद्धि गर्ने, निष्पक्ष श्रम अभ्यासहरू सुनिश्चित गर्ने र समावेशी र दिगो विकासलाई प्रवर्द्धन गर्ने जस्ता विषयहरू स्थानीय तहले पनि गर्ने गरी विभिन्न कानुनहरूले विभिन्न प्रावधानहरू राखेका छन् । श्रम ऐन, २०१७, सामाजिक सुरक्षा ऐन, २०१७, वैदेशिक रोजगार ऐन, २००७, औद्योगिक उद्यम ऐन, २०२०, र स्थानीय सरकार सञ्चालन ऐन, २०१७ जस्ता कानुनले यी लक्ष्यहरूका लागि स्पष्ट व्यवस्था र प्रावधानहरू उल्लेख गरेका छन् । यी कानुनहरूले मर्यादीत रोजगारी, उचित पारिश्रमिक, सुरक्षित कामको अवस्था, सामाजिक सुरक्षा लाभहरू, आप्रवासी कामदारहरूका लागि सुरक्षा, र साना तथा मझौला उद्योगहरूको प्रवर्द्धनलाई जोड दिएको छ। यी प्रावधानहरूले स्थानीय सरकारहरूलाई स्थानीय आवश्यकताहरू अनुरूप आर्थिक विकास गर्न सशक्त बनाउने अपेक्षा गरिएको छ। यद्यपि, प्रभावकारी कार्यान्वयनमा स्रोतको कमी, समन्वयका समस्याहरू र थप सचेतना र अनुपालनको अभावका कारण स्थानीय सरकारहरूले विभिन्न चुनौतीहरूको सामना गर्नु परेको छ ।

### ४.६.२ समस्या तथा चुनौती

काम अनुसारको दक्षता अभाव, सीपयुक्त जनशक्तिको अभाव, उत्पादनशील रोजगारीको अभाव, न्यून पारिश्रमिक, असुरक्षित वैदेशिक रोजगारी, वैदेशिक रोजगारीमा युवाहरूको बढ्दो मोह, वैदेशिक रोजगारीमा सिकेको सीपको उपयोग हुन नसकेको, उच्च बेरोजगारी दर, अनौपचारिक क्षेत्रमा कामको सुरक्षाको अभाव, अपर्याप्त पारिश्रमिक, खराब कामको अवस्था, अपर्याप्त व्यावसायिक तालिम सुविधा, श्रम अधिकार बारे चेतनाको कमी, अपर्याप्त स्रोत, स्थानीय, प्रदेश र केन्द्र सरकार बीच समन्वय कमी आदि प्रमुख समस्याहरू रहेका छन् भने बाल श्रम कम गर्नु, श्रम कानुनको कार्यान्वयन गर्नु, ग्रामीण क्षेत्रमा लगानी आकर्षित, लैङ्गिक समानतामा सांस्कृतिक अवरोधहरू, अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई औपचारिक अर्थतन्त्रमा एकीकृत गर्ने, असुरक्षित वैदेशिक रोजगारी र पुराना व्यावसायिक तालिम कार्यक्रमहरूको स्तरोन्नति गर्ने, अनौपचारिक श्रमिकहरूलाई सामाजिक सुरक्षा प्रदान गर्ने जस्ता चुनौतीहरू विद्यमान रहेका छन् ।

### ४.६.३ सोच

"मर्यादित श्रम, उत्पादनशील रोजगारी, वैज्ञानिक सीप विकास तालिम मार्फत गरिबी निवारण"।

### ४.६.४ उद्देश्य

- आन्तरिक रोजगारीको प्रवर्द्धन गर्नु ।
- उत्पादनशील रोजगारीको अवसरमा वृद्धि गर्नु ।
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन वैदेशिक रोजगार सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको माग अनुरूप सीप युक्त श्रमशक्ति उत्पादन गर्नु ।
- युवा लक्षित सीप विकास तालिम सञ्चालन गरी स्वरोजगार बन्नमा उत्प्रेरित गर्नु ।
- परम्परागत सीपको प्रवर्द्धन, व्यावसायिकता तथा बजारीकरण गर्नु ।

### ४.६.५ रणनीति

- न्यूनतम रोजगारीको प्रत्याभूति हुने गरी राष्ट्रिय रोजगार कार्यक्रम अझ प्रभावकारी रूपमा अघि बढाउन सामुदायिक आयोजनाहरूमा गाउँपालिकाको सत प्रतिशत ज्यालामा लागत साझेदारी गरिनेछ, वडा तहमा समेत लागत साझेदारी कायम गरी रोजगारीको प्रवर्द्धन गरी भौतिक पूर्वाधारको विकास गर्ने ।
- स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनको लागि सार्वजनिक निर्माण कार्यहरूमा सम्भव भए सम्म श्रममूलक प्रविधिको प्रयोग गरी रोजगारीको अवसर सृजनामा जोड दिने ।
- बेरोजगार व्यक्तिको तथ्याङ्क सङ्कलन विश्लेषण गरी रोजगार व्यवस्थापन प्रणालीमा बेरोजगारको सूची अद्यावधिक गरि गाउँपालिका भित्र उपलब्ध रोजगारीका अवसरहरूको पहिचान सूचना प्रवाह गर्ने ।
- संघ तथा प्रदेशले ल्याएका रोजगार मूलक कार्यक्रममा अपनत्व कायम गरी रोजगारीको क्षेत्र विस्तार गर्दै गरिबी न्यूनिकरण तथा रोजगारीका अवसरको वृद्धि गर्ने ।
- आन्तरिक रोजगारी सृजना गर्न सरोकारवाला निकाय, निजी, सहकारी तथा गैरसरकारी क्षेत्र सँग समन्वय, सहकार्य र साझेदारीमा जोड दिने।
- कुनै काम सानो वा ठूलो हुँदैन, समान कामका लागि समान ज्याला, श्रमको सम्मान राष्ट्रको अभियान, न्यूनतम रोजगार नागरिकको अधिकार जस्ता अभिमुखिकरण कार्यक्रमहरू सञ्चालन गरी कामको सम्मान गर्ने भावना जागृत गराई स्वरोजगार उन्मुख जीवन शैली, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको रोजगारी प्रदान गर्ने।
- संघ, प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्ने ठूला विकास निर्माणका आयोजनाहरूमा ५० प्रतिशत दक्ष तथा अदक्ष श्रमिक रोजगार सेवा केन्द्र बाट माग गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने।
- नविनतम युवा लक्षित व्यवसायलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइने छन्, जसमा नविनतम व्यवसाय गर्ने युवाहरूलाई नवप्रवर्द्धनकारी व्यवसाय प्रस्तावका आधारमा प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने ।
- कामको अनुभवबाट प्राप्त (अनौपचारिक सीप) सिकाइलाई पूर्व सिकाइको मान्यता (Recognition of Prior Learning) विधिबाट औपचारिक सिकाई (प्रमाणपत्र) प्रदान गर्नमा सहयोग गरिनेछ ।
- दक्ष तथा सक्षम जनशक्ति विकासका लागि सीपमूलक तालिम पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिइ स्वरोजगार बन्न उत्प्रेरित गर्ने ।
- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सीप तथा क्षमताको स्थानीय स्तरमै प्रयोग गर्न आवश्यक नीति तथा कार्यक्रम बनाएर समन्वय गर्ने।
- नौगाड गाउँपालिकामा स्थापना गरिएको सीप विकास तालिम केन्द्रलाई व्यवस्थित तथा प्रभावकारी बनाई एकीकृत तथा एकद्वार प्रणाली बाट तालिम प्रदान गर्ने पद्धतिको विकास गर्ने ।
- स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको माग अनुरूपका सीप बिकास तालिमका विषयहरू समावेश गर्ने।
- परम्परागत सीप जस्तै आरन, डोको, डाला, सुप्पा, मोट्टा, मदानी, भाडा वर्तन आदी सीपको प्रर्वद्धन गर्न **"मेरो सीप मेरो गौरव"** कार्यक्रम सञ्चालन गरिनेछ । जसमा परम्परागत सीपको गर्ने व्यक्तिको सूचीकरण, व्यावसायिकरण, उत्पादन, तथा बजारीकरण गर्न गाउँपालिकाले आर्थिक, प्राविधिक तथा नीतिगत सहयोग गर्ने।
- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको प्राप्त गरेको ज्ञान र सीप समेटिएको व्यवस्थित वडागत तथ्याङ्क प्रणालीको व्यवस्थापन गर्ने।

- वैदेशिक रोजगारीमा जान चाहने युवा लक्षित अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने ।
- श्रम स्वीकृती तथा पुनः श्रम स्वीकृतीका आवेदनलाई सरल, शुलभ तथा व्यवस्थित सहजिकरण सेवा प्रदान गर्न रोजगार सेवा केन्द्रलाई सुदृढिकरण गर्ने ।
- वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित तथा सहज बनाउन सम्मान र सुरक्षाको प्रत्याभूती गराउँदै वैदेशिक रोजगारीका अवसरहरू प्राप्त गर्न सहजिकरण गर्ने ।
- वैदेशिक रोजगारीमा गएका श्रमिक तथा तिनका परिवार लक्षित कल्याणकारी सेवालाई सहजिकरण गर्ने।

### ४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना | संख्या | २५ | २० | २१ | २२ | २६ | ३० |
| कार्यक्रमबाट सिर्जित रोजगारी | कार्य दिन | ७०० | ८५० | ९०० | १००० | ११०० | १२०० |
| वार्षिक सीप, प्रविधि र सहयोग प्राप्त गर्ने युवा | जना | ६० | ६० | १०० | १५० | २०० | ३०० |

### ४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालू | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ८२/८३ | ६११५००० | ५५११४५० | ६०३५५० | ० | ४८०००० | ५६३५००० | ० | ० |
| ८३/८४ | ५५६९९४४ | ४९४१०७९ | ६२८८६५ | ० | ४८०७५२ | ५०८९१९१ | ० | ० |
| ८४/८५ | ५५७८६३६ | ४९४८७९० | ६२९८४६ | ० | ४८१५०३ | ५०९७१३३ | ० | ० |

### ४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | विषयगत उपक्षेत्र/ कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरू समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | रोजगारी प्रवर्द्धन कार्यक्रम | विकास आयोजनाको कार्यमा संलग्न गराइ सूचीकृत वेराजगारलाई रोजगारी प्रदान गर्ने | सालबसाली | १५००० | न्युन आय भएका वार्षियक १२०४ जनाले वार्षिक १०० दिनको रोजगारी प्राप्त गर्ने |

| क्र.सं. | विषयगत उपक्षेत्र/ कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरू समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | रोजगार प्रवर्द्धन कार्यक्रम | वैदेशिक रोजगारीमा जान चाहने, गएका र फर्किएका व्यक्तिहरूलाई सूचना परामर्श, वित्तीय साक्षरता तथा सीपमूलक तालिम प्रदान गर्ने | सालबसाली | २६३ | आप्रवासी २०० जनालाई कार्यक्रमा समावेश गर्ने |
| ३ | श्रम, रोजगार, सुरक्षित आप्रावासन तथा गरिबी निवारण अन्य कार्यक्रम | सुरक्षित आप्रावसान सम्बन्धी सूचना, जानकारी प्रदान गर्नु तथा बेरोजगारलाई मौसमी रोजगार प्रदान गरी वार्षिक आयमा वृद्धि गर्नु | सालवसाली | २००० | श्रम, रोजगार, सुरक्षित आप्रावासन तथा गरिबी निवारण अन्य कार्यक्रम |

उल्लेखित कार्यक्रम तथा आयोजनाको हाल सम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८२/८३ सञ्चालन हुने प्रमुख क्रियाकलाप देहाय बमोजिम रहेका छन्।

| क्र.सं. | विषयगत उपक्षेत्र/ कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| १ | राष्ट्रिय रोजगार कार्यक्रम | सूचीकृत २०० जनाले विभिन्न कार्यक्रम र आयोजनाबाट रोजगारी प्राप्त गरेका | सूचीकृत ६०० जनाले विभिन्न कार्यक्रम र आयोजना बाट रोजगारी प्राप्त गर्नेछन् | आन्तरिक रोजगारी, सीप तथा उद्यमशिलता बिकास, सुरक्षित, मर्यादित र व्यवस्थित वैदेशिक रोजगारी |
| २ | रोजगार प्रवर्द्धन कार्यक्रम | वैदेशिक रोजगारीमा फर्किएका व्यक्तिहरू रोजगारीमुलक कार्यक्रम सञ्चालन भएको | वैदेशिक रोजगारीमा गई फर्किएका १० जना व्यक्तिहरूले व्यवसाय सञ्चालन गरेका हुनेछन् | व्यवसाय सञ्चालनका लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिने |
| ३ | श्रम, रोजगार, सुरक्षित आप्रावासन तथा गरिबी निवारण अन्य कार्यक्रम | न्युन आय भएका वार्षिक ६० जनाले रोजगारी, व्यवसाय आय आर्जनको लागि सीप, उद्यमशीलता, परामर्श र पूँजी तथा प्रविधि प्राप्त गर्नेछन् । | गाउँपालिकाका १८०० जना न्यून आय भएका बेरोजगारले सम्मानजनक रोजगारी प्राप्त गरेका हुनेछन् | बढीमा ६०० जना न्यून आय भएका बेरोजगार व्यक्तिहरुले गाउँपालिका भित्र सम्मानजनक रोजगारी प्राप्त गरेका हुने |

### ४.६.९ जोखिम पक्ष तथा अनुमान

रोजगारी सिर्जना सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ । गरिबी निवारण सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ । गाउँपालिकामा रोजगारी तथा गरिबी निवारण सम्बन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ । गरिबी निवारण नीति तथा कार्यक्रममा निरन्तरता नभएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ । अनौपचारिक क्षेत्रको रोजगारको स्वरूपमा परिवर्तन हुँदै जाने भएकोले स्थानीय तवरमा तयार भएका दक्ष श्रमिकले बजार नपाउने जोखिम रहन सक्नेछ ।

## परिच्छेद पाँचः सामाजिक विकास क्षेत्र

यस परिच्छेदमा स्वास्थ्य तथा पोषण, शिक्षा, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उपक्षेत्रहरू समेटिएका छन् । प्रत्येक खण्डमा पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ ।

### ५.१ स्वास्थ्य सेवा तथा पोषण

#### ५.१.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले स्वास्थ्यलाई मौलिक हकको रूपमा राखेको छ । धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने हक हुने छ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनी स्पष्ट उल्लेख छ ।संविधानले भेदभावविना स्वास्थ्य सेवामा समान पहुँचमा जोड दिएको छ र स्वास्थ्य सेवा जोखिममा परेका र सीमान्तकृत समूहलगायत सबै व्यक्तिको पहुँचमा हुने छ भनी सुनिश्चित गरेको छ। राष्ट्रिय स्वास्थ्य नीति २०७६ ले गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँचलाई जोड दिँदै विश्वव्यापी स्वास्थ्य कभरेज प्रदान गर्ने लक्ष्य राखेको छ। मुख्य उद्देश्यहरूमा मातृ र बाल स्वास्थ्य सुधार, सरूवा र नसर्ने रोगहरूको रोकथाम र नियन्त्रण, र स्वास्थ्य पूर्वाधारको वृद्धि आदी छन् । सार्वजनिक स्वास्थ्य सेवा ऐनले निवारक, प्रवर्द्धनात्मक, उपचारात्मक र पुनर्स्थापना स्वास्थ्य सेवाहरूमा ध्यान केन्द्रित गर्दै सार्वजनिक स्वास्थ्य सेवाहरू उपलब्ध गराउने सरकारको जिम्मेवारीहरू स्पष्ट गरेको छ। यसले अत्यावश्यक औषधिको उपलब्धता र विभिन्न प्रशासनिक तहमा स्वास्थ्य संस्थाहरूको स्थापनालाई अनिवार्य गर्दछ।

त्यसैगरी १६ औं राष्ट्रिय योजनामा सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चित गर्ने पक्षलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रूपमा ग्रहण गरिएको छ भने औसत आयु वृद्धि गर्ने, गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको समतामूलक पहुँच एवं उपभोग सुनिश्चित गर्ने, स्वस्थ, सवल, उत्पादनशील, एवं सुखी र स्वास्थ नागरिक बनाउने परिकल्पना समेत भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य, पोषण सेवा, महिला तथा बालबालिकाको कुपोषण, परिवार नियोजन तथा मातृशिशु कल्याण एवं रक्तसञ्चार सेवा सञ्चालन, ग्रामीण तथा सहरी स्वास्थ्य सेवा स्थापना, सञ्चालन र स्वास्थ्य सम्बन्धी पूर्वाधार निर्माण, जनचेतनाको अभिवृद्धि गर्ने जिम्मेवारीहरू स्थानीय तहमा निहित गरिएको छ ।

#### ५.१.२ समस्या तथा चुनौती

पालिकामा आधारभूत अस्पताल सञ्चालनमा आएता पनि दक्ष चिकित्सक र स्वास्थ्य कर्मीको अभावमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न नसकिएको अवस्था छ । ६ वटै वडाका विभिन्न स्थानमा गरी ८ वटा बर्थिङ सेन्टर सन्चालनमा रहेतापनि दक्ष र प्रयाप्त स्वास्थ्यकर्मी अभाव छ । पर्याप्त सुविधा सम्पन्न भवन, कोठाहरू र स्वास्थ्य सामग्री तथा आधुनिक उपकरणहरूको अभाव, घुम्ती शिविर तथा गाउँघर जनस्वास्थ्य सेवाका लागि कार्यक्रम नहुनु, स्वास्थ्य कर्मी तथा सरसफाइ कर्मीहरूलाई क्षमता अभिवृद्दि तालिम नहुनु स्वास्थ्य क्षेत्रका विशेष समस्याहरू हुन्। स्वास्थ्य संस्थाहरूमा पूर्वाधार विकास, उपकरणहरू व्यवस्था र दक्ष चिकित्सकको व्यवस्था गर्नु, योग्य स्वास्थ्य विज्ञहरू आकर्षित गर्ने र निरन्तर कायम गर्नु, धेरै मानिसहरूलाई सहभागी गराइ पुर्ण खोप सुनिश्चित गर्नु, प्रभावकारी स्वास्थ्य अभियानहरू सञ्चालन गर्नु, दुर्गम स्वास्थ्य-चौकीहरूमा औषधि र चिकित्सा उपकरणहरूको निरन्तर आपूर्ति सुनिश्चित गर्न यातायात कठिनाइहरू सहज बनाउनु मुख्य चुनौती रहेका छन् ।

#### ५.१.३ सोच

"समान पहुँच, गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा, निरोग व्यक्ति, स्वास्थ्य व्यवस्था"

### ५.१.४ उद्देश्य

- ❖ आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नु ।
- ❖ स्वास्थ्य क्षेत्रमा लगानी बढाइ सर्व सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रवर्द्धन गर्नु ।
- ❖ सबै नौगाडबासीलाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्नु ।
- ❖ बालबालिका, सुत्केरी महिला, किशोरी तथा लक्षित समूहको पोषण स्थिति सुधार गर्नु ।
- ❖ गाउँपालिकामा स्वास्थ्य पूर्वाधार, जनशक्ति र औषधि व्यवस्थापनमा सुदृढता ल्याउनु ।
- ❖ रोग नियन्त्रण, जनचेतना तथा डिजिटल स्वास्थ्य प्रणाली विकास गर्नु ।

### ५.१.५ रणनीति

- ❖ आवश्यकता अनुसार एम्बुलेन्स, औषधी, उपकरण र दक्ष स्वास्थ्य कर्मी सहितको प्रभावकारी एवम् जवाफदेही पूर्ण स्वास्थ्य सेवा प्रणाली विकास गर्ने ।
- ❖ गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बीमा कार्यक्रम लागू गर्ने ।
- ❖ सर्ने र नसर्ने रोगका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- ❖ स्वास्थ्य क्षेत्रमा सुशासन कार्ययोजना बनाइ लागू गर्ने ।
- ❖ स्वास्थ्य कर्मीहरूको क्षमता अभिवृद्धिका लागि क्षमता अभिवृद्धि तालिम कार्यक्रम सञ्चालन गर्ने ।
- ❖ मोबाइल स्वास्थ्य सेवा र टेलिमेडिसिन जस्ता डिजिटल स्वास्थ्य सेवाको कार्यक्रम सञ्चालन गर्ने ।
- ❖ मातृ तथा बाल स्वास्थ्य, पोषण, सरसफाइ केन्द्रित व्यापक स्वास्थ्य शिक्षा अभियानहरू सञ्चालन गर्ने ।
- ❖ स्वास्थ्य प्रवर्द्धन गतिविधिहरूमा समुदायका समाजसेवी, बुद्धिजीवी, नेताहरू र स्थानीय स्वयंसेवकहरूलाई परिचालन गर्ने ।
- ❖ स्वास्थ्य चौकी, केन्द्र र अस्पतालहरूको स्तरोन्नति तथा सेवा सुदृढ गर्ने ।
- ❖ मातृ—शिशु स्वास्थ्य सेवा, सुरक्षित सुत्केरी सेवा र पोषण कार्यक्रमलाई सशक्त प्रभावकारी बनाउने ।
- ❖ पोषण—मैत्री कार्यक्रमहरूमार्फत समुदायमा पोषण चेतना अभिवृद्धि गर्ने ।
- ❖ स्थानीय जनशक्ति (स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका) को क्षमता अभिवृद्धि गर्ने ।

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | २०८३/८४ | २०८४/८५ |
| स्वास्थ्य संस्थामा प्रसूति गराउने गर्भवती महिला | प्रतिशत | ८२.४ | ८४ | ८३ | ८५ | ९० | ९५ |
| भिटामिन ए खाने गर्भवती महिला | प्रतिशत | ९९.६ | १०० | १०० | १०० | १०० | १०० |
| बच्चालाई ६ महिलासम्म स्तनपान गराउने महिला | प्रतिशत | ६५.९ | ७१ | ७० | ७४ | ७८ | ८२ |

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | २०८३/८४ | २०८४/८५ |
| २ वर्ष सम्मका नियमित वृद्धि अनुगमन गरिएका बालबालिका | प्रतिशत | ७.१ | ९ | १२ | १३ | १५ | १७ |
| परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर | प्रतिशत | ३० | ३२ | ३१ | ३३ | ३४ | ४० |
| कम तौल भएका नवजात शिशु | प्रतिशत | १.६ | १.६ | १.६ | १.५ | १.४ | १.३ |
| प्रोटोकल अनुसार चार पटक पूर्वप्रसुति सेवा प्राप्त गर्ने महिला जीवित) (जन्ममा | प्रतिशत | ६४.२ | ६६ | ६६ | ७० | ७५ | ८० |
| वृद्धि अनुगमन गरिएका मध्ये कु पोषित २३ महिनाभन्दा कम उमेरका बाल बालिका | प्रतिशत | ३ | २.७ | २.५ | २.४ | २.२ | २ |
| प्रोटोकल अनुसार बच्चाको जन्मपछि तीन पटक उत्तर प्रसूति सेवा प्राप्त महिला | प्रतिशत | ६३ | ६८ | ६५ | ७० | ७५ | ८० |
| घरबाट स्वास्थ्य संस्थामा पुग्न ३० मिनेट वा सो भन्दा कम समय लाग्ने परिवार | प्रतिशत | १५ | १२ | १० | ९ | ८ | ७ |
| गर्भावस्थाको अवधिभरि १८० आइरन चक्की खाने गर्भवती महिला | प्रतिशत | ५५.३ | ७२ | ७१ | ७५ | ८० | ८४ |

## ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालू | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ८२/८३ | ६६८४५००० | ४७२४५००० | १९६००००० | ० | ४४३०००० | ५८११५००० | ४३००००० | ० |
| ८३/८४ | ६४५९३३७८ | ४४९१८९०० | १९६७४४७८ | ० | ४१३२५३९ | ५६१५४०९९ | ४३०६७४० | ० |
| ८४/८५ | ६५२३४०५० | ४४९८९००० | २०२४५०५० | ० | ४०९३९९९ | ५६८२६५९० | ४३१३४६१ | ० |

## ५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | विषयगत उपक्षेत्र/ कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरू समाप्ति) | कुल लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य उपकरण खरिद योजना | स्वास्थ्य संस्थाहरूलाई आधुनिक प्रविधिमैत्री बनाई आधारभूत स्वास्थ्य सेवा प्रभावकारी बनाउनु | ८२।८३-८४।८५ | १५५०० | गाउँपालिकाका स्वास्थ्य संस्थाहरू (आधारभूत अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाइ) मा आवश्यक स्वास्थ्य उपकरणको उपलब्धता भएको हुनेछ । |
| २ | जेष्ठ नागरिक तथा सुत्केरी महिला निःशुल्क एम्बुलेन्स सेवा कार्यक्रम | ७० वर्ष माथिका विपन्न जेष्ठ नागरिक र स्थानीय अस्पतालमा सुत्केरी ब्यथा लागि सुत्केरी हुन नसकि प्रेषण गरिएका बिरामीलाई गाउँपालिकाले स्वास्थ्य सुरक्षा प्रदान गर्नु | सालबसाली | १५०० | जेष्ठ नागरिक र सुत्केरी महिलाको स्वास्थ्य सेवामा पहुँच वृद्धि भएको हुनेछ । मातृमृत्युको जोखिम कम भएको हुनेछ । शिशु मृत्य हुन सक्ने जोखिम कम भएको हुनेछ । संस्थागत सुत्केरी दरमा वृद्धि भएको हुनेछ । |
| ३ | सुत्केरी स्याहार कोसेली तथा पोषण कार्यक्रम | सुनौला १००० दिनका विपन्न पिछडिएका आमाहरूको स्वास्थ्य र पोषण अवस्थामा सुधार गर्नु | सालबसाली | ३०० | ३०० जना सुनौला १००० दिनका विपन्न महिलाहरूको स्वास्थ्य र पोषणको अवस्थामा सुधार भई आमा तथा बच्चा स्वास्थ्य सेवाको पहुँचमा वृद्धि भएको हुनेछ । |
| ४ | स्वास्थ संस्थाहरूको भवन निर्माण आयोजना | सुरक्षित स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक भौतिक संरचना निर्माण गर्नु | ८२।८३-८४।८५ | | सबै स्वास्थ्य संस्थाहरूमा सुरक्षित स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण भएको हुनेछ । |

| क्रस | विषयगत उपक्षेत्र/ कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरू समाप्ति) | कुल लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ५ | पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम | सबै नौगाड बासीको स्वास्थ्य र पोषण अवस्थामा सुधार गर्नु | सालबसाली | ६००० | सबै गाउँपालिका बासीको स्वास्थ्य र पोषणको अवस्थामा सुधार भई हरेक नागरिक महिला, बाल बालिकाको स्वास्थ्य सेवा र पोषणको अवस्थामा वृद्धि भएको हुनेछ । |
| ६ | आधारभूत स्वास्थ्य सेवा प्रवाह तथा कार्यक्रम | प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपरात्मक, पुनर्स्थानात्क र आधारभूत स्वास्थ्य सेवा सहज उपलब्ध गराउनु | सालबसाली | ४०००० | १५५२८ लाभाग्राहीहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वार्षिक आधारभूत स्वास्थ्य सेवा सहज प्राप्त गरेका हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८२/८३ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् ।

| क्र.सं. | विषयगत उपक्षेत्र/ कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व.२०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| १ | स्वास्थ्य उपकरण खरिद योजना | स्वास्थ्य संस्थामा केही स्वास्थ्य उपकरण जडान भएको | सबै स्वास्थ्य संस्थामा आवश्यक आधुनिक प्रविधिमैत्री उपकरण जडान भई प्रभावकारी रुपमा स्वास्थ्य सेवा प्रवाह हुनेछ । | स्वास्थ्य संस्थाहरूका लागि आवश्यक स्वास्थ्य उपकरण कार्यक्रम |
| २ | जेष्ठ नागरिक तथा सुत्केरी नि:शुल्क एम्बुलेन्स सेवा | एम्बुलेन्स सेवा सुचारु भएको | जेष्ठ नागरिक र सुत्केरी महिलाको स्वास्थ्य सेवाको पहुँच वृद्धि | सुत्केरी नि: शुल्क एम्बुलेन्स सेवा कार्यक्रम, जेष्ठ नागरिक नि: शुल्क एम्बुलेन्स सेवा कार्यक्रम |
| ३ | सुत्केरी स्याहार कोसेली तथा पोषण कार्यक्रम | सुत्केरी स्याहार कार्यक्रम कार्यान्वयन भएको | सुनौला १००० दिनका महिलाहरूको स्वास्थ्य र पोषणको अवस्थामा सुधार भएको हुनेछ । | सुत्केरी स्याहार कोसेली तथा पोषण कार्यक्रम |
| ४ | आधारभूत स्वास्थ सेवा प्रवाहका लागि पूर्वाधार निर्माण आयोजना | सुरक्षित रुपमा स्वास्थ्य सेवा प्रवाह गर्न अधिकांश स्वास्थ्य संस्थाका लागि भवन भएको | गाउँपालिकाका सबै स्वास्थ्य संस्थामा आवश्यक आधुनिक प्रविधिमैत्री उपकरण भएका सुविधा सहितका भवन हुनेछन् | आधारभूत स्वास्थ्य सेवा केन्द्र सुण्डमुण्डको भवन निर्माण, घोरकट्या खोपेकेन्द्र निर्माण, स्वास्थ्य संस्थाहरूका आवश्यक फर्निचर खरिद, आधारभूत अस्पतालका लागि आवश्यक फर्निचर खरिद |

| क्र.सं. | विषयगत उपक्षेत्र/ कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व.२०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| ५ | पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम | पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम प्रारम्भ भएको | पोषण र पौष्टिक आहारको बारेमा चेतना स्तर बृद्धि भई नौगाड बासीको स्वास्थ्य र पोषण अवस्थामा सुधार भएको हुनेछ । | महिला समूह, आमा समूह र बालबालिकाहरूलाई सचेतना, पोषण सप्ताह, पोषण सम्बन्धी विद्यालयहरूमा अभिमुखिकरण, स्वास्थ्य संस्थाहरूमा आमा समूहका अगुवाहरूलाई अभिमुखिकरण |
| ६ | आधारभूत स्वास्थ्य सेवा कार्यक्रम | ९८ किसिमका औषधी निशुल्क उपलब्ध रहेको र गाउँबासीलाई २ लाख सम्मको निशुल्क औषधी उपचार सेवा उपलब्धताका लागि सिफारिस गराइएको । | स्वास्थ्य संस्थामा सुत्केरी हुने महिला सत प्रतिशत र कुपोषित बालबालिका संख्या शुन्य हुने । | खोप कार्यक्रम , सुरक्षित मातृत्व, नवजात शिशु, बालस्वास्थ्य, परिवार नियोजन कार्यक्रम, पोषण कार्यक्रम स्वास्थ्य सुशासन तथा व्यवस्थापन कार्यक्रम, महामारीजन्य रोग नियन्त्रण कार्यक्रम, नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम, घरदैलोमा स्वास्थ्य सेवा, विद्यालय स्वास्थ्य सेवा, औजार उपकरण खरिद, दीर्घ रोगी तथा विपन्न नागरिक निशुल्क औषधी वितरण, विशेषज्ञ स्वास्थ्य शिविर, विपन्न, बैठक व्यवस्थापन, तालिम तथा क्षमता विकास, निशुल्क औषधी व्यवस्थापन, स्वास्थ्य संस्था व्यवस्थापन लगायत आधारभूत स्वास्थ्य सेवा सम्बन्धी प्रशासनिक तथा नियमन कार्य |

### ५.१.९ जोखिम पक्ष तथा अनुमान

स्वास्थ्य संस्था तथा सेवा प्रवाह सम्बन्धी भौतिक संरचना र सुविधा पर्याप्त भएको हुनेछ । दक्ष मानवीय श्रोत परिचालन र आधुनिक स्वास्थ्य उपकरणहरूको प्रयोग भई सेवा विस्तार भएको हुनेछ । आधुनिक स्वास्थ्य उपकरण स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि र खोप व्यवस्थापन जस्ता प्राविधिक पक्षमा सरोकारवाला बीच सहकार्य र साझेदारी हुन नसकेमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्दछ ।

## ५.२ शिक्षा, विज्ञान, कला, भाषा तथा साहित्य

### ५.२.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक हकको रूपमा राखेको छ । धारा ३१ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ । प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत शिक्षामा पहुँच हक हुनेछ भनी स्पष्ट उल्लेख छ । संविधानले सबै नागरिकको शिक्षा क्षेत्रको पहुँच सुनिश्चित गरेको छ । गाउँपालिका दार्चुला जिल्लाको एक विकट तथा दुर्गम भूगोलमा अवस्थित गाउँपालिका हो । जहाँ शिक्षा, विज्ञान, कला, भाषा तथा साहित्य क्षेत्रको विकास क्रमिक रुपमा अगाडि बढिरहेको छ। पछिल्ला वर्षहरूमा गाउँपालिकाले आधारभूत तथा माध्यमिक तहको शैक्षिक पूर्वाधार, गुणस्तरीय शिक्षाको प्रवर्धन, स्थानीय कला-संस्कृति तथा मातृभाषाको संरक्षण र प्रवर्धनमा प्राथमिकता दिएको छ । शिक्षा क्षेत्रमा विद्यालयहरूको पहुँच विस्तार, पठनपाठनको गुणस्तर सुधार, डिजिटल सामग्री तथा प्रविधिको प्रयोग, विद्यालय गाभजोड नीति, शिक्षकको क्षमता अभिवृद्धि लगायतका कार्यहरूमा लगानी हुँदै आएको छ। यसैगरी, विज्ञान तथा प्रविधिको प्रयोग, बालबालिकाको समग्र सिकाइमा STEM शिक्षा (Science, Technology, Engineering and Mathematics) को सुरुआती प्रयास, साथै स्थानीय कला, सांस्कृतिक चाडपर्व, मौलिक भाषा र साहित्यिक गतिविधिलाई प्रवर्धन गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

विद्यालयमा सबै बालबालिकाहरूलाई पहुँच सहभागिता र गुणस्तर सुनिश्चितता गर्न नसक्नु, पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि हासिल गर्न नसक्नु, विषयगत र कक्षागत रूपमा शिक्षकहरूको दरबन्दी नहुनु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच नहुनु र प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, वैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, उपयुक्त भौतिक पूर्वाधारको विकास गर्न नसक्नु प्रमुख कमजोरीहरू हुन् । त्यसैगरी प्रमुख चुनौतीहरूका रूपमा बालमैत्री, महिलामैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरी सिकाइ वातावरणमा सुधार ल्याउनु, स्थानीय पाठ्यपुष्तक निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनु, विषयगत तथा कक्षागत रूपमा शिक्षक दरबन्दीको व्यवस्था मिलाउनु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनु, साक्षरता निरन्तर शिक्षा तथा जीवन पर्यन्त शिक्षाका लागि अवसर प्रदान गर्नु, आपत्कालिन अवस्थामा विद्यार्थीको सिक्ने अधिकार सुनिश्चित गर्दै सिकाइका वैकल्पिक माध्यमका अवसर प्रदान गर्नु जस्ता विषयहरू रहेका छन् ।

गाउँपालिकाको शिक्षा, विज्ञान, कला, भाषा तथा साहित्य उपक्षेत्रको सशक्तिकरणका लागि मध्यमकालीन खर्च संरचनाले दीर्घकालीन सोचसहित गुणस्तरीय शिक्षा प्रणाली निर्माण, नवप्रवर्तन तथा स्थानीय मौलिकताको संरक्षणमा जोड दिनुपर्ने देखिन्छ । आगामी तीन वर्षभित्र शैक्षिक पूर्वाधार, विज्ञान प्रविधिको प्रयोग, शिक्षक तालिम, भाषा संरक्षण र साहित्यिक क्रियाकलापका क्षेत्रमा समन्वित तथा परिणाममुखी लगानी गर्नुपर्छ।

### ५.२.२ समस्या तथा चुनौती

मुख्य सम्भावना र अवसरहरूमा संवैधानिक तथा कानुनी आधारहरू प्राप्त हुनु, तिन तहका सरकार बीच समन्वय सहकार्य र जिम्मेवारी हुनु, आधारभूत तह तथा माध्यामिक शिक्षाका अधिकार स्थानीय तहमा हुनु, स्थानीय पाठ्यक्रमको निर्माण तथा कार्यान्वयनको अधिकार स्थानीय तहमा हुनु र तीनै तहका सरकारले शिक्षा क्षेत्रमा लगानी गर्न सकिने वातावरण हुनु जस्ता विषयहरू रहेका छन् ।

### ५.२.३ सोच

"गुणस्तरीय शिक्षाको आधार: सामुदायिक विद्यालयको शैक्षिक वातावरणमा सुधार"

### ५.२.४ उद्देश्य

- आधारभूत तथा माध्यामिक शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।
- पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि हासिल गर्ने गरी कार्यक्रम लागू गर्नु ।
- गुणस्तरीय, व्यवहारिक र प्रविधिमैत्री शिक्षामा पहुँच विस्तार गर्नु ।
- स्थानीय कला, भाषा, संस्कृति र साहित्यको संरक्षण, अभिलेखीकरण र प्रवर्द्धन गर्नु ।
- बालमैत्री, विज्ञान—मैत्री र समावेशी सिकाइ वातावरण सुनिश्चित गर्नु ।
- डिजिटल शिक्षाको प्रवर्द्धन र नवप्रवर्तनशील सोचको विकास गर्नु ।

### ५.२.५ रणनीति

- शिक्षामा पहुँच सुनिश्चितता गर्नका लागि विद्यालयहरूको नक्साङ्कन गरी आवश्यकताका आधारमा शैक्षिक सेवाहरूको पहुँच विस्तार गर्ने ।
- विपन्न र लक्षित वर्गका विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्ने ।
- बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गर्ने ।
- विद्यालयमा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न संस्थागत विकास गर्ने ।
- गुणस्तरीय शिक्षाको लागि तालिमको संस्थागत विकास गर्ने ।
- अनौपचारिक जीवनपर्यन्त सिकाइ प्रणाली स्थापनाका लागि नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्ने ।
- आधारभूत तहमा प्राविधिक तथा व्यावसायिक सीप प्रवर्द्धन सहजता, गुणस्तरीयता तथा उपयोगितामा वृद्धि गर्ने ।
- विद्यालय शिक्षाको गुणस्तर सुधार र पूर्वाधार विकास गर्ने।
- विज्ञान र प्रविधि विषयमा बालबालिकामा रुचि बढाउने कार्यक्रमहरू सञ्चालन गर्ने ।
- स्थानीय भाषा, मौखिक साहित्य र संस्कृति संरक्षणका लागि अभियान सञ्चालन गर्ने ।
- शिक्षक क्षमता अभिवृद्धि, ICT तालिम र स्थानीय पाठ्यक्रम परिमार्जन गर्ने ।
- विद्यालयमा कला, संगीत, साहित्यिक र सिर्जनात्मक क्रियाकलापको प्रोत्साहन गर्ने ।
- उच्च स्तरको जनशक्ति उत्पादनको व्यवस्था गर्ने ।
- शैक्षिक वातावरणका लागि आवश्यक विद्यालय पूर्वाधार निर्माण गर्ने ।
- भाषा, कला र साहित्य, बहु संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्ने ।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| प्रारम्भिक वाल विकास केन्द्रको भर्ना दर | प्रतिशत | ७९ | ७९.६ | ७९.५ | ८३ | ८४ | ८५ |
| कक्षा १ को नव प्रवेशित मध्ये पुर्व प्राथमिक शिक्षाको अनुभव भएका विद्यार्थी | प्रतिशत | ७५ | ७८ | ७७ | ८१ | ८२ | ८३ |
| पुस्तकालय भएका विद्यालय | प्रतिशत | ९७ | ९९ | ९८ | ९९ | ९९.५० | ९९.८० |

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्ने विद्यालय | संख्या | १२० | १३५ | १३० | १४० | १४५ | १५० |
| वार्षिक पेशागत प्रशिक्षण प्राप्त शिक्षक | जना | २० | ३५ | ३० | ४० | ४५ | ६० |
| एसएलसी अथवा एसइइ पुरा गर्ने जनसंख्या | जि.पि.ए. | २५०० | ३५०० | ३००० | ४५०० | ५५०० | ६५०० |
| कक्षा १२ उत्तिर्ण गर्ने | जनसंख्या | १५५० | १९०० | १८०० | २१०० | २२०० | २५०० |
| विद्युतमा पहुँच भएका विद्यालय | प्रतिशत | ७५ | ७८ | ८० | ९० | ९५ | १०० |
| इन्टरनेटमा पहुँच भएका विद्यालय | प्रतिशत | ५० | ५८ | ५५ | ६० | ७० | ८० |
| अपाङ्गमैत्री विद्यालय | संख्या | ० | ० | ० | ० | १ | १ |
| खानेपानी, सरसफाई र स्वच्छता सुविधा उपलब्ध भएको विद्यालय | प्रतिशत | ९५ | ९८ | ९७ | ९८ | ९९ | ९९.५० |
| ५-१२ वर्ष उमेर समूहका विद्यालय वाहिर रहेका बालबालिका | संख्या | ३६ | २४ | २४ | १८ | १२ | ० |

### ५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालू | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ८२/८३ | १९३६७९००० | १६८५५६००० | २५१२३००० | ० | १६०६९७६ | १७९८११५२४ | १२२६०५०० | ० |
| ८३/८४ | १९१३५४५१४ | १६६१९९९३० | २५१५४५८४ | ० | १६०९४९५ | १७७४६५३०१ | १२२७९७१८ | ० |
| ८४/८५ | १९२५५२९२० | १६६४५९३०० | २६०९३६२० | ० | १६१२००७ | १७८६४२०३१ | १२२९८८८२ | ० |

### ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | विषयगत उपक्षेत्र/ कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरू समाप्ति) | कुल लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | मौलिक भाषा तथा कला संरक्षण र प्रवर्द्धन कार्यक्रम | कला, भाषा तथा साहित्य संरक्षण र विकास गर्नु | सालबसाली | १००० | कला, भाषा र साहित्यको संरक्षण र प्रवर्द्धन हुने |
| २ | प्रारम्भिक बाल विकास कार्यक्रम | ४-५ वर्षका सबै बालबालिका लागि गुणस्तरीय प्रारम्भिक सिकाइ र बालविकास शिक्षा अवसर सुनिश्चित गर्नु | सालबसाली | १५००० | ४-५ वर्ष उमेर समूहका ६०८० जना बालबालिकाले बालविकास शिक्षाको अवसर प्राप्त हुने र बालकक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने विद्यार्थी सतप्रतिशत पुग्ने |
| ३ | आधारभूत शिक्षा कार्यक्रम तथा | ५ देखि १२ वर्ष उमेर समूहका बाल बालिकाको समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्नु, | सालबसाली | २०००० | ५ देखि १२ वर्ष उमेर समूहका १२०० जना बालबालिका आधारभूत तहमा भर्ना हुने |
| ४ | विद्यालय शिक्षा प्रवर्द्धन कार्यक्रम माद्यामिक शिक्षा कार्यक्रम | गुणस्तरीय तथा जीवनपयोगी माद्यामिक शिक्षामा सबै बालबालिकाको निशुल्क पहुँच सुनिश्चत गर्नु, | सालबसाली | ४५००० | माद्यामिक तहमा विद्यालय छाड्ने विद्यार्थीको संख्या १५०० पुगेको हुने |
| ५ | माद्यामिक र उच्च शिक्षा अन्तरसम्बन्ध विकास कार्यक्रम | उच्चस्तरीय, प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी जनशक्ति उत्पादन गर्न समन्वय, सहकार्य र सहजीकरण गर्नु | सालबसाली | ४३७५८६ | माद्यमिक शिक्षा उत्तिर्ण गर्ने वार्षिक ५०० भन्दा बढी विद्यार्थीले उच्च शिक्षा अध्ययनको अवसर प्राप्त गर्ने |
| ६ | प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम | आधारभूत सक्षमता सहित सकारात्मक सोच, सिर्जनशील, निरन्तर सिकाइप्रति प्रतिवद्ध र रोजगारीउन्मुख नागरिक तयार गर्न सहयोग गर्नु | सालबसाली | १५००० | वार्षिक १०० विद्यार्थीले प्राविधिक तथा व्यावसायिक शिक्षा प्राप्त गरेका हुने |

| क्र.सं. | विषयगत उपक्षेत्र/ कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरू समाप्ति) | कुल लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ७ | निरन्तर तथा अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ कार्यक्रम | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइलाइ पूर्ण साक्षरता र उत्पादनमूलक रोजगारीसँग आवद्ध गर्नु | सालबसाली | २००० | हरेक वडामा १ सामुदायिक अध्ययन केन्द्र स्थापना तथा सञ्चालन भइ २० जनाले निरन्तर शिक्षा, आयमूलक तथा रोजगारमूलक व्यवसाय आवद्ध हुने |
| ८ | विद्यालय भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार कार्यक्रम | सुरक्षित विद्यालय पूर्वाधार निर्माण गरी अध्ययनको वातावरण सिर्जना गर्नु | २०८२/८३ देखि २०८४/८५ | २०००० | भवन संरचना निर्माण भइ ... जना विद्यार्थी लाभान्वित हुनेछन् |
| ९ | अनुसन्धान, पाठ्यक्रम तथा पाठ्यसामाग्री व्यवस्थापन | पाठ्य पुस्तक उपलब्ध विद्यार्थीको सिकाइ सक्षमतामा सुधार भएको | सालबसाली | २००० | ३ हजार भन्दा बढी विद्यार्थीहरूमा आधारभूत सक्षमता अभिबृद्धि हुने |
| १० | शिक्षक व्यवस्थापन तथा शैक्षिक प्रशासन कार्यक्रम | शिक्षक व्यवस्थापन गर्नु तथा प्रशासनिक निरीक्षण, अनुगमन र मूल्याङ्कन कार्यलाई चुस्त, व्यवस्थित तथा नतिजामूलक बनाउनु | सालबसाली | २०००० | सक्षम र पेशाप्रति अभिप्रेरित २०० शिक्षक व्यवस्था हुने र शैक्षिक योजना तथा प्रशासन व्यवस्थित तथा नतिजामूलक हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८२/८३ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् ।

| क्र.सं | विषयगत उपक्षेत्र/ कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| १ | मौलिक भाषा तथा कला संरक्षण र प्रवर्द्धन कार्यक्रम | विभिन्न विधाका कला, भाषा र साहित्यको संरक्षण र प्रवर्द्धनका लागि पहल | विभिन्न २ विधाका कला, भाषा र साहित्यको संरक्षण र प्रवर्द्धन हुने | मातृभाषा कक्षा सञ्चालन, कला, भाषा तथा साहित्य अध्ययन, प्रकाशन, मेला, प्रदर्शनी, प्रवर्चन तथा प्रतियोगिता |
| २ | प्रारम्भिक बाल विकास कार्यक्रम | प्रारम्भिक बाल विकासको अनुभब सहित कक्षा १ मा भर्ना हुने बाल बालिका संख्या उच्च रहेको | बालकक्षाको अनुभब सहित कक्षा १ मा भर्ना हुने विद्यार्थी १०० प्रतिशत पुग्ने | बालबालिकाको अभिलेखीकरणा, प्रारम्भिक बाल विकास केन्द्र पूर्वाधार स्तरोन्नति, जनशक्ति व्यवस्थापन, सिकाई सामग्री व्यवस्थापन, खेल सामग्री व्यवस्था र कक्षा कोठा व्यवस्थापन, पोषणयुक्त दिवा खाजा, बाल उद्यान निर्माण र सञ्चालन |

| क.सं | विषयगत उपक्षेत्र/ कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| ३ | आधारभूत शिक्षा कार्यक्रम तथा | ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाको आधारभूत तहमा भर्ना ९८ प्रतिशत भएका | ५ देखि १२ वर्ष उमेर समूहका बालबालिका आधारभूत तहमा भर्ना दर शत प्रतिशत हुने | विद्यालय नक्शाङ्कन र पुनर्वितरण, शिक्षक तथा प्रधानाध्यापक व्यवस्थापन, भर्ना अभियान, दिवा खाजा, पोषणा तथा स्वास्थ्य सेवा, छात्रवृत्ती, सिकाइ कुना सञ्चालन, वहुकक्षा तथा वहुस्तर शिक्षण, परिक्षा सञ्चालन, विद्यार्थी प्रतिभा पहिचान, सीप, खेलकुद र संगित प्रशिक्षण, |
| ४ | विद्यालय शिक्षा प्रवर्द्धन कार्यक्रम तथा माद्यामिक शिक्षा कार्यक्रम | वार्षिक एसइइ पुरा गर्ने विद्यार्थी संख्या ३२०० जना रहेको | ४५ सामुदायिक विद्यालयका भौतिक सुविधा सयानुकुल विकास हुने र शैक्षिक गुणस्तरमा वृद्धि हुने | विद्यालय नक्शाङ्कन र पुनर्वितरण, दरबन्दी मिलान र शिक्षक व्यवस्थापन, भर्ना कार्यक्रम, विद्यार्थी प्रतिभा पहिचान, उत्कृष्ट विद्यालय अनुदान, निशुल्क पाठ्यपुस्तक तथा पाठ्य सामाग्री व्यवस्थापन, भर्चुअल सिकाइ तथा कक्षा सञ्चालन, योग तथा ध्यान अभ्यास, छात्राको लागि निशुल्क स्यानीटी प्याड व्यवस्थापन, ल्याव र पुस्तकालय सञ्चालन |
| ५ | माद्यामिक र उच्च शिक्षा अन्तरसम्बन्ध विकास कार्यक्रम | माद्यामिक शिक्षा उतिर्ण गर्ने २,६०० भन्दा बढी विद्यार्थीले उच्च शिक्षा अध्ययनको अवसर प्राप्त गरेका | माद्यामिक शिक्षा उतिर्ण गर्ने वार्षिक १८०० भन्दा बढी विद्यार्थीलाइ उच्च शिक्षा अध्ययनको अवसर प्राप्त हुने | स्वयंसेवक शिक्षक व्यवस्थापन, न्यूनतम पूर्वाधार विकास, सूचना प्रविधिमैत्री शिक्षणको लागि सहयोग, समन्वय र सहजीकरण, उच्च प्राविधिक शिक्षा छात्रवृत्ती, खुल्ला शिक्षा मार्फत अध्ययन र अध्यापन |
| ६ | प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम | १०० जना विद्यार्थीले प्राविधिक र व्यावसायिक शिक्षा हासिल गरेका | ३०० जना विद्यार्थीले प्राविधिक र व्यावसायिक शिक्षा हासिल गरेका हुने | सामुदायिक विद्यालयलाई वहुप्राविधिक शिक्षालयमा रूपान्तरण, छोटो अवधिका सीप तथा व्यावसायिक तालिम सञ्चालन, खोज र नवप्रवर्तनका लागि प्रोत्साहन, प्रयोगशाला सञ्चालन, प्राविधिक विषय अध्ययरत विद्यार्थीका लागि उद्यमशिलता विकासमा सहजीकरण, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन तथा नियमन, उत्कृष्ट शिक्षालय पुरस्कार |

| क्र.सं | विषयगत उपक्षेत्र/ कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| ७ | निरन्तर तथा अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ कार्यक्रम | ६ वटा सामुदायिक अध्ययन केन्द्र सञ्चालन भइ ६० जना औपचारिक तथा निरन्तर शिक्षामा सहभागि रहेको | ६ वटा सामुदायिक अध्ययन केन्द्र सञ्चालन भइ ६० जना औपचारिक तथा निरन्तर शिक्षामा सहभागि हुने | निरक्षरहरूको तथ्याङ्क सङ्कलन र अद्यावधीकरण, एक वडा एक सामुदायिक अध्ययन केन्द्र स्थापना र सञ्चालन, सार्वजनिक तथा इ-पुस्तकालय, वाचानालय सञ्चालन, आजिवन सिकाइका लागि छापा तथा डिजिटल सामाग्रीको विकास, युवाहरूको लागि सीपमूलक तालिम, जोखिमयुक्त बालश्रमिकको पहिचान, पुनर्स्थापना सञ्चालन |
| ८ | विद्यालय भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार कार्यक्रम | अध्ययन भइ विशेष अनुदानबाट लगानीका लागि संघीय सरकारमा पेश भएको, अधिकांश विद्यालयहरूमा पक्की भवन निर्माण भएको | विद्यालयहरूमा आवश्यक सुरक्षित भौतिक पूर्वाधार तयार निर्माण भएको हुनेछ | ताराकोट आ.वि. नौगाड-३, भूमिराज आ.वि. नौगाड-५, जनहित मा.वि. धुलिगडा, भवानी आ.वि. नौगाड-१ साङपाङको विद्यालय भवन निर्माण,डाडाबाग आ.वि. नौगाड-४. भैरवराज आ.वि. होपरी, दुर्गा भवानी आ.वि. डाँडाको भवनको थप कार्य र मर्मत सम्भार |
| ९ | अनुसन्धान, पाठ्यक्रम तथा पाठ्यसामाग्री व्यवस्थापन | ३ हजार भन्दा बढी विद्यार्थीमा आधारभूत सक्षमता अभिबृद्धि भएको | ३ हजार भन्दा बढी विद्यार्थीमा आधारभूत सक्षमता अभिबृद्धि हुने | स्थानीय पाठ्यक्रम निर्माण, शिक्षक तालिम तथा प्रोत्साहन, व्यावहारिक तथा जीवन उपयोगी ज्ञानका लागि अतिरिक्त कक्षा सञ्चालन, शिक्षण सामग्री व्यवस्था, पूर्वाधार मर्मत सुधार, कक्षा कोठा व्यवस्थापन |
| ९ | शिक्षक व्यवस्थापन तथा शैक्षिक प्रशासन कार्यक्रम | पेशाप्रति अभिप्रेरित तथा सक्षम २०० शिक्षकको व्यवस्था भएको र शैक्षिक योजना तथा शिक्षा प्रशासन व्यवस्थित भएको | शैक्षिक योजना तथा प्रशासन व्यवस्थित र नतिजामूलक हुने | शिक्षा तथा खेलकुद शाखा सुदृढीकरण, शिक्षक तालिम तथा व्यवस्थापन, तथ्याङक योजना तथा अनुगमन/ मूल्याङकन, आयआर्जन समूहको गठन तथा परिचालन |

### ५.२.९ अनुमान तथा जोखिम

गाउँपालिकामा गुणस्तरीय, समावेशी र प्रविधिमैत्री शिक्षा प्रणालीको विकास भएको, विद्यार्थीहरूको सिकाइमा सुधार र सिर्जनात्मक प्रतिभा अभिवृद्धि भएको, स्थानीय भाषा, कला तथा साहित्य संरक्षणमा, पूर्वाधार र शिक्षण सिकाइ वातावरण सुधार भएको हुनेछ । यस क्षेत्रमा रहेको शिक्षाको गुणस्तर सुधार गर्नका लागि दक्ष शिक्षकहरूको कमी र भौगोलिक विकटताका कारण प्रविधिमैत्री शिक्षण सिकाई गर्न सहज नहुने देखिन्छ । त्यसै गरी शिक्षण सिकाईलाई आधुनिक तवरमा अथवा प्रविधिमैत्री शिक्षण सिकाई गर्न जोखिम रहेको देखिन्छ । आवश्यकता अनुसार बजेट तथा स्रोत उपलब्ध नहुनु, विकट बस्तीहरूमा शिक्षक र सामग्रीको अभाव, इन्टरनेट तथा विद्युतीय सामग्री अभाव र युवा पुस्तामा मातृभाषा र सांस्कृतिक ज्ञानमा रुचि कमी रहेका जस्ता जोखिमहरू पनि देखिन्छन् ।

## ५.३ खानेपानी तथा सरसरफाई

### ५.३.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ को धारा ३५ ले विशेष गरी स्वच्छ खानेपानी र सरसफाइको अधिकारलाई मौलिक अधिकारको रूपमा मान्यता दिएको छ। सरसफाइ तथा स्वच्छता गुरुयोजना २०६८ ले खानेपानी तथा सरसफाइमा विश्वव्यापी पहुँच हासिल गर्न राष्ट्रिय रणनीतिबनाएको छ । दिगो विकास लक्ष्यमा स्वच्छ खानेपानीलाई एक महत्त्वपूर्ण लक्ष्य सूचकको रूपमा व्यवस्था गरिएको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय खानेपानी व्यवस्थापन गर्ने, त्यसका लागि नीति, कानुन, मापदण्ड तथा योजना कार्यान्वयन, नियमन गर्ने, महसुल निर्धारण गर्ने जस्ता जिम्मेवारीहरू स्थानीय तहको कार्यक्षेत्र भित्र राखिएको छ ।

यो गाउँपालिका नेपालको सुदूरपश्चिम प्रदेशको विकट भूपरिवेशमा अवस्थित एक ग्रामीण गाउँपालिका हो । जसको अधिकांश भूभाग पहाडी छ र भौगोलिक पहुँचका हिसाबले कठिन छ। यहाँको जनजीवन प्राकृतिक स्रोतहरूमाथि निर्भर रहँदै आएको छ, जसमा विशेषगरी खानेपानी र सरसफाइको अवस्था स्थानीय जनस्वास्थ्य र जीवनस्तरसँग प्रत्यक्ष सम्बन्धित छ। हालका वर्षहरूमा खानेपानी तथा सरसफाइ क्षेत्रमा केही प्रगति भए पनि अझै धेरै क्षेत्र सुधारको पर्खाइमा छन् । केही वडाहरूमा प्राकृतिक स्रोतको उपयोग गरी ग्राभिटी प्रणालीमार्फत खानेपानी आपूर्ति गरिए तापनि सबै जनसमुदायमा समान पहुँच छैन। साथै, सुक्खा मौसममा खानेपानीको हाहाकार पर्ने, स्रोत सुक्ने, पाइपलाइनमा अवरोध हुनेजस्ता समस्या रहँदै आएका छन् ।

### ५.३.२ समस्या तथा चुनौती

खानेपानी तथा सरसफाइ क्षेत्रमा विशेषगरी सुक्खा मौसममा पानीको स्रोतको उपलब्धता कम हुने, निर्माण भएका संरचनाहरूको नियमित मर्मत-सम्भार नहुँदा जीर्ण हुनु, अझै खुला दिसा गर्ने बानि पूर्ण रूपमा अन्त्य नहुनु, करिब २९१ घरधुरीहरू अझै पनि खोला, कुवा, खोल्सा विभिन्न असुरक्षित स्रोतबाट खानेपानीको गुजारा चलाउनु, ३८ घरहरूमा अझै पनि कुनै प्रकारको शौचालय नहुनु र उनीहरू खुला दिसा पिसाब गर्नु, ४५ घरधुरीमा सरसफाइ सुविधाको रूपमा सामान्य स्तरको खाल्डो चर्पी मात्र हुनु, गाउँपालिकामा २ वटा मात्र सार्वजनिक शौचालय हुनु प्रमुख समस्याका रूपमा रहेका छन् । मुख्य चुनौतीहरुमा पहाडी भूभागमा खानेपानी र सरसफाइ पूर्वाधार निर्माण र मर्मत गर्नका लागि लगानी र प्राविधिक विशेषज्ञता व्यवस्थापन गर्नु, पानीका स्रोतहरू सुक्दै जाने प्रक्रियाले यस क्षेत्रको खानेपानी समस्या सम्बोधन गर्ने विषय चुनौतीपूर्ण हुनु, उपलब्ध सीमित जलस्रोतको दिगो उपयोग र व्यवस्थापन सुनिश्चित गर्नु, स्थानीय समुदायलाई सरसफाइ सुविधाहरूको उचित व्यवस्थापन र प्रयोगमा संलग्न गराउन निरन्तर सचेतना र शिक्षा कार्यक्रमहरू आवश्यक छ, जुन हाल अपर्याप्त छ आदि रहेका छन् ।

### ५.३.३ सोच

"हरेक घरमा स्वच्छ खानेपानीको एक धारा: स्वस्थ जीवनका लागि सुरक्षित खानेपानी पुऱ्याउने हाम्रो अभिभारा"

### ५.३.४ उद्देश्य

- सबै वडाहरूमा खानेपानी आपूर्ति प्रणालीको निर्माण र सञ्चालन सुनिश्चित गर्नु ।
- सरसफाइ सुविधा सुधार र गाउँपालिका भर स्वच्छता अभ्यास प्रवर्द्धन गर्नु ।
- मुहान संरक्षण र दिगो खानेपानी तथा सरसपफाइका लागि स्थानीय स्रोत परिचालन गर्नु ।
- प्रत्येक घरधुरीमा सुरक्षित र पर्याप्त खानेपानी पहुँच पुऱ्याउनु।
- ग्रामीण स्तरमा दिगो सरसफाइ अभ्यास प्रवर्द्धन गर्नु ।
- जल स्रोत संरक्षण, उपयोग र पुनःउत्पादन प्रणालीलाई संस्थागत बनाउनु ।
- विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक स्थलमा सुरक्षित WASH सेवा सुनिश्चित गर्नु।

### ५.३.५ रणनीति

- विद्यमान संरचनाहरूको मर्मत-सम्भार र थप सेवा विस्तार गरी दिगो खानेपानी तथा सरसफाइ सेवा स्थापित गर्ने ।
- खानेपानी र सरसफाइको दीर्घकालीन समाधानका लागि नवीनतम प्रविधि प्रयोग र प्राविधिक आविष्कारहरूमा जोड दिने ।
- बाह्य सहयोग हासिल गर्ने र स्थानीय स्रोत परिचालन बढाइने ।
- स्रोत आधारित खानेपानी योजनाहरू निर्माण, सुधार तथा मर्मत गर्ने ।
- विद्यालय तथा सार्वजनिक भवनहरूमा ह्यान्डवाशिङ, ट्वाइलेट र स्यानिटेशन सुविधा निर्माण गर्ने ।
- सरसफाइ व्यवहार परिवर्तनका लागि समुदायमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- वर्षातको पानी सङ्कलन, सोलार पम्प, र ग्राभिटी प्रणालीको प्रयोग प्रवर्द्धन गर्ने ।
- महिलाहरू, अपाङ्गता भएका व्यक्तिहरू र सीमान्तकृत समुदायलाई WASH सुविधा उपलब्ध गराउन प्राथमिकता दिने ।

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार | प्रतिशत | ९८.१९ | ९९ | ९८.१९ | ९९ | ९९.५० | ९९.८० |
| एक घर एक धारा हुने घरपरिवार | प्रतिशत | ६४.८९ | ६८ | ६५ | ७० | ८० | १०० |
| नियमित गुणस्तर परीक्षण तथा उपचार भएका खानेपानी आयोजना | संख्या | १० | १७ | १६ | २० | २० | २० |
| सुरक्षित शौचालय सुविधा प्रयोग गर्ने परिवार | प्रतिशत | ९४.०८ | ९५ | ९४.१० | ९६ | ९८ | १०० |
| फोहोर विसर्जनको स्थल (खाडल) हुने घरधुरी | प्रतिशत | ५ | १० | ८ | ३० | ४० | ५० |
| शौचालय प्रयोग गर्ने जनसङ्ख्याको अनुपात | प्रतिशत | ९४ | ९५ | ९४.०८ | ९६ | ९८ | १०० |
| सार्वजनिक शौचालय निर्माण तथा सञ्चालन भएका | संख्या | २ | ४ | ३ | ४ | ५ | ६ |

### ५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालू | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ८२/८३ | २९३०००० | ३३५५०० | २५९४५०० | ० | ० | २९३०००० | ० | ० |
| ८३/८४ | ५३९०२६८ | २६९५१३४ | २६९५१३४ | ० | ० | ५३९०२६८ | ० | ० |
| ८४/८५ | ५३९८६८० | २६९९३४० | २६९९३४० | ० | ० | ५३९८६८० | ० | ० |

### ५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | विषय उपक्षेत्र/ कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरू समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | फम्पे बृहत खानेपानी तथा सरसफाइ आयोजना नौगाड–४ | शुद्ध खानेपानी सुविधा विस्तार गर्नु | २०८२/८३ -०८४/८४ | १००० | खानेपानी आयोजना निर्माणको पाइपलाइन बिस्तार तथा धारा विस्तार तथा निर्माण भइ भण्डै ३०० बढी घरधुरीमा खानेपानी सुविधा, निर्माण र खानेपानी तथा सरसफाइ संरचनाको नियमित मर्मतसंभार भई दिगो रुपमा खानेपानी सुविधा सुचारू हुनेछन् । |
| २ | खार देउलाड खानेपानी आयोजना नौगाड-३ | शुद्ध खानेपानी सुविधा विस्तार गर्नु | २०८२/८३ -०८४/८४ | ४५०० | खानेपानी आयोजना निर्माणभइ १५० घरधुरीमा खानेपानी सुविधा, निर्माण र खानेपानी तथा सरसफाइ संरचनाको नियमित मर्मतसंभार सुचारू हुनेछन् । |
| ३ | बहुउपयोगी खानेपानी तथा सरसफाइ आयोजना सञ्चालन तथा व्यवस्थापन | सबै घरधुरीमा मध्यम स्तरको खानेपानी सुविधा विस्तार गर्नु | सालबसाली | २००० | बहुउपयोगी खानेपानी योजना निर्माण भई सबै घरधुरीमा मध्यमस्तरको खानेपानी सुविधाको पहुँच सुनिश्चित हुनेछ। |
| ४ | खानेपानी, सरसफाइ तथा स्वच्छता संरचना निर्माण, मर्मत र दिगो सञ्चालन अन्य सालबसाली कार्यक्रम | खानेपानी तथा सरसफाइ सुविधाको प्रवर्द्धन गर्नु । | सालबसाली | २७१९ | ३ वटा आयोजना निर्माण, झण्डै ५० भन्दा बढी मर्मत संभार भई ५५० घरधुरीमा खानेपानी सुविधा, २ वटा सार्वजनिक शौचालय निर्माण र खानेपानी तथा सरसफाइ संरचनाको नियमित मर्मतसंभार सुचारू हुनेछन् । |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८२/८३ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् ।

| क्र.सं. | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| १ | फम्पे बृहत खानेपानी तथा सरसफाइ आयोजना नौगाड–४ | मुहानमा इन्टेक निर्माण, ८ कि.मि. पाइपलाइन बिस्तार भएको | खानेपानी आयोजना निर्माण भइ ३०० घरधुरीमा खानेपानी सुविधा, निर्माण र खानेपानी तथा सरसफाइ संरचनाको नियमित तथा दिगो रुपमा सञ्चालन र मर्मतसंभार भई सुचारू हुनेछ । | खानेपानी सुविधा विस्तारका लागि पूर्वाधार निर्माण मुहान देखि RVT सम्को पाइपलाइ बिस्तार थप आवश्यक संरचना निर्माण पाइप जडान कार्य गरिने |
| २ | खार देउलाड खानेपानी आयोजना नौगाड-३ | कार्यान्वयनका चरणमा रहेको | खानेपानी आयोजना निर्माणभइ ६४ घरधुरी र १ आधारभूत विद्यालयमा खानेपानी सुविधा, निर्माण र खानेपानी तथा सरसफाइ संरचनाको नियमित मर्मतसंभार सुचारू हुनेछन् । | खानेपानी सुविधा विस्तारका लागि पूर्वाधार निर्माण मुहानमा इन्टेक र धारा निर्माण तथा जडान |
| ३ | बहुउपयोगी खानेपानी तथा सरसफाइ आयोजना सञ्चालन तथा व्यवस्थापन | आधारभूत र मध्यमस्तरको गरी हाल सम्म ६६.८५ प्रतिशतमा सेवा पुगेको | थप २० प्रतिशत घरधुरीमा आधारभूत र मध्यमस्तरको सुरक्षित खानेपानी पुगि खानेपानी योजना बहुउपयोग भएको हुनेछ | बहुउपयोगि खानेपानी आयोजना सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माण |
| ४ | खानेपानी, सरसफाइ तथा स्वच्छता संरचना निर्माण, मर्मत र दिगो सञ्चालन अन्य सालबसाली कार्यक्रम | सञ्चालनमा रहेका खानेपानी आयोजनाका मर्मत सम्भार हुने गरेको । | ९९ प्रतिशत घरधुरीमा खानेपानी सुविधा पहुँच पुगेको, थप २ वटा सार्वजनिक शौचालय निर्माण र सञ्चालित खानेपानी तथा सरसफाइ संरचनाको नियमित मर्मत सम्भार भई सुचारु हुनेछन् । | खानेपानीको धारा विस्तार गर्ने । गुणस्तर परीक्षण गर्ने । विद्यमान खानेपानी आयोजना तथा सार्वजनिक शौचालय मर्मत गरिनेछ । खानेपानी तथा सरसफाइ प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । |

### ५.३.९ जोखिम पक्ष तथा अनुमान

योजनाको प्रस्ताव अनुसार बजेट सुनिश्चितता भई आयोजना सञ्चालन तथा मर्मत सम्भार र स्तरोन्नति भएमा खानेपानीको सेवा प्रवाहमा विस्तार तथा गुणस्तरमा सुधार आउने देखिन्छ । प्राकृतिक तथा मानव सिर्जित विपद्, सुक्खा खडेरी जस्ता जलवायु परिवर्तनबाट खानेपानीको स्रोत सुक्न तथा फोहारमैलाको उचित व्यवस्थापन, प्रदूषण नियन्त्रण आदि बहुक्षेत्रगत विषय भएकोले खानेपानी तथा सरसफाइ सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्न जोखिम पर्न सक्ने हुन्छ ।

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ को धारा १८ ले उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, विचारधारा वा अन्य समान आधारमा हुने भेदभावलाई निषेध गर्दै समानताको अधिकारको प्रत्याभूति गर्दछ । धारा ३८ ले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका सबै संरचना र निकायमा सहभागी हुने अधिकारसहित महिलाको अधिकार सुनिश्चित गरेको छ । धारा ४० ले दलितहरूको सशक्तीकरण, राज्यका अङ्गहरूमा प्रतिनिधित्व र भेदभाव र छुवाछूतबाट संरक्षणका लागि विशेष व्यवस्था सहितको अधिकार सुनिश्चित गर्दछ। धारा ४२ ले विशेषगरी महिला, दलित, आदिवासी जनजाति र मधेसी समुदायलाई समावेशी सिद्धान्तका आधारमा राज्यका निकाय र सार्वजनिक सेवामा सहभागी हुने अधिकारसहित सामाजिक न्यायको अधिकार प्रदान गर्दछ । राष्ट्रिय महिला आयोग ऐनले महिला अधिकारको प्रवर्द्धन र संरक्षण गर्न र लैङ्गिक समानता सुनिश्चित गर्न सरकारलाई आवश्यक उपायहरू सिफारिस गर्न राष्ट्रिय महिला आयोगको स्थापना भएको जनाएको छ । कार्यस्थलमा हुने यौन उत्पीडन रोकथाम ऐन २०७१ ले कार्यस्थलमा हुने यौन उत्पीडनलाई रोक्नका लागि र अपराधीहरूको निवारण र सजायका लागि संयन्त्र प्रदान गर्ने लक्ष्य राखेको छ ।

१६ औं पञ्चवर्षीय योजनामा परिस्कृत तथा मर्यादित जीवनलाई दीर्घकालीन राष्ट्रिय लक्ष्यको रूपमा अङ्गीकार गरिएको छ भने गरिबी निवारण गर्ने र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने पक्षलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रूपमा लिइएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको लगत राख्ने, परिचयपत्र वितरण गर्ने, सामाजिक सुरक्षा र सुविधाको व्यवस्थापन गर्ने, दिवाखाजा, आश्रय केन्द्र सञ्चालन एवं पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने र सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन जस्ता जिम्मेवारीहरू संघ एवं प्रदेश सरकारको समन्वयमा गर्ने कार्य स्थानीय तहको क्षेत्राधिकारमा राखिएको छ ।

### ५.४.२ समस्या तथा चुनौती

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रमा मुलभुत रूपमा लैङ्गिक हिंसालाई बढवा दिने सामाजिक संरचना विद्यमान हुनु, हिंसामा परेका महिला, बालबालिका, दलित, जनजाति तथा जेष्ठ नागरिकका लागि पुनः स्थापना केन्द्रहरूको अभाव, क्षमता विकास प्याकेजहरूको अभाव, लक्षित वर्ग कार्यक्रमलाई सहि रूपमा कार्यान्वयन गर्न नसक्नु, गाउँपालिकाका निर्णय प्रक्रियाहरूमा अपेक्षाकृत सहभागिता सुनिश्चितता गर्न नसक्नु प्रमुख समस्याहरू रहेका छन् । यसैगरी मुख्य चुनौतीहरूमा लैङ्गिक समानता कायम गर्नु, जेष्ठ नागरिकहरूको संरक्षण र व्यवस्थापन गर्नु, लैङ्गिक उत्तरदायी शासन प्रणाली स्थापित गर्नु, विभेदको अन्त्य गर्नु, विश्वव्यापी मान्यता अनुसार बालबालिका र महिलाहरूको हक हितको संरक्षण गर्नु आदि रहेका छन् ।

### ५.४.३ सोच

"विकासमा पिछडिएको लक्षित वर्गको अर्थपूर्ण सहभागिता, सम्मानित ज्येष्ठ नागरिक र स्वस्थ बालवालिका"

### ५.४.४ उद्देश्य

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मुलप्रवाहीकरणमा ल्याउनु ।
- बालमैत्री वातावरण सृजना गर्नु ।
- जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको हक हित संरक्षण गर्नु ।
- महिलाको सामाजिक, आर्थिक र राजनीतिक सशक्तिकरण प्रवर्द्धन गर्नु ।
- बालबालिकाको संरक्षण, पोषण, शिक्षा र प्रतिभा विकास सुनिश्चित गर्नु ।
- अपांगता भएका व्यक्ति, दलित, जनजाति, अल्पसंख्यक र ज्येष्ठ नागरिकको सम्मानजनक जीवनयापन सुनिश्चित गर्नु ।

### ५.४.५ रणनीति

- ❖ गाउँपालिका अन्तर्गतका सबै निकायहरूमा लैङ्गिक समानता कायम गर्ने ।
- ❖ लैङ्गिक हिंसा अन्त्य गर्न सहयोग पुग्ने खालका कार्यक्रमहरू तर्जुमा गरी लागु गर्ने
- ❖ बालमैत्री शासन लागु गर्ने
- ❖ महिला उद्यमशिलता, आयआर्जन र नेतृत्व विकास कार्यक्रम सञ्चालन गर्ने ।
- ❖ बालमैत्री कार्यक्रमहरू: पोषण, शिक्षा, स्वास्थ्य र सुरक्षा केन्द्रित गर्ने ।
- ❖ लक्षित वर्गको लागि सामाजिक सुरक्षा, सीपमूलक तालिम र पहुँचयुक्त पूर्वाधार निर्माण गर्ने ।
- ❖ लैङ्गिक समानता र बाल अधिकारका लागि संस्थागत संयन्त्र सुदृढीकरण गर्ने
- ❖ अन्तरसमुदाय समन्वय र सहकार्य मार्फत सेवा पुऱ्याउने प्रणाली विकास तथा विस्तार गर्ने ।

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व. को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| लक्षित वर्गको कार्यक्रममा विनियोजन बजेट | रु. हजारमा | ४३१६ | ५०७० | ५०७० | ५९०१ | ६४२६ | ७००२ |
| सीपमुलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गरेका अपाङ्गता भएका व्यक्ति | संख्या | ० | १ | ० | ५ | १० | २० |
| जेष्ठ नागरिक दिवा सेवा केन्द्र | संख्या | ० | १ | ० | १ | १ | २ |
| बस्तीस्तरको योजना तर्जुमा छलफलमा सहभागी लक्षित वर्ग | प्रतिशत | ३० | ४५ | ४० | ५० | ६० | ७५ |
| वार्षिक महिला तथा बाल हिंसाका घटना | संख्या | १५ | १२ | १० | ६ | ५ | ३ |
| सहयोग वा अनुदानमा महिला, दलित तथा अपांगद्वारा सञ्चालित व्यवसाय | संख्या | ० | १ | ० | १० | २० | ३० |
| गाउँपालिका स्तरीय समिति तथा संरचनामा महिलाको सहभागिता | प्रतिशत | ३५ | ३८ | ३५ | ३६ | ४० | ४२ |

## ५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालू | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ८२/८३ | १३२७७००० | १३१९७००० | ८०००० | ० | ११०००० | १२२०७००० | ९६०००० | ० |
| ८३/८४ | १२७५६९६८ | १२५७७२९२ | १७९६७६ | ० | १०७८०५ | ११६८७६५७ | ९६१५०५ | ० |
| ८४/८५ | १२८२१८६५ | १२५९६९२० | २२४९४५ | ० | १०३४७५ | ११७५५३८५ | ९६३००५ | ० |

## ५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरू समाप्ति) | कुल लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | महिला विकास कार्यक्रम | महिलाको क्षमता विकास आत्मनिर्भरता र सहभागिताका अवसरहरु तयार गर्नु । | सालबसाली | २००० | १२ महिला समूह/समिति तथा १४ वटा सहकारी शसक्तिकरण र लैंगिक हिंसा न्यूनीकरण, महिला तथा उद्यमशीलतामा क्रियाशील हुने |
| २. | बालबालिका विकास कार्यक्रम | बालमैत्री गाउँपालिकाका रुपमा विकास गर्नु। | सालबसाली | ५०० | ४५ विद्यालयमा वटा बालक्लब, ६ वटै वडामा बालक्लब, वडा तथा गाउँपालिका स्तरीय समिति गठन भइ क्रियाशिल र बालमैत्री स्थानीय शासनको आधार तयार हुने |
| ३. | अपाङ्गता भएका व्यक्ति हित प्रवर्द्धन कार्यक्रम | अपाङ्गता भएका व्यक्तिका लागि क्षमता विकास आत्मनिर्भरता र सहभागिताका अवसरहरु तयार गर्नु। | सालबसाली | ५०० | १२ जना अपाङ्कता भएका व्यक्तिहरु स्वरोजगारमूलका कार्यमा संलग्न भएको हुने |
| ४ | ज्येष्ठ नागिरक तथा असहाय व्यक्ति संरक्षण कार्यक्रम | ज्येष्ठ नागिरक तथा असहाय व्यक्तिको जीवनयापनलाई सहज तुल्याउनु । | सालबसाली | २५००० | १ वटा ज्येष्ठ नागिरक दिवा सेवा केन्द्र सञ्चालन तथा जेष्ठ नागरिकको नियमित स्वास्थ्य परीक्षण र वार्षिक रुपमा जेष्ठ व्यक्ति घोषणा एवम् सम्मान भएको हुने |

| क्र.सं. | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरू समाप्ति) | कुल लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ५. | विपन्न तथा दलित समुदाय उत्थान कार्यक्रम | जातिय विभेद र छुवाछुतको अन्त्य गरी आयस्तर बृद्धि गरी जीवस्तरमा सुधार गर्नु । | २०८१।८ २-८३।८४ | २००० | विपन्न तथा दलितको आयस्रोतमा बृद्धि र जीवनस्तरमा सुधार भएको हुनेछ । |
| ६. | महिला, बालबालिका तथा समावेशीकरण अन्य सालवसाली कार्यक्रम | लक्षित वर्गको हित प्रवर्द्धन गर्नु । | सालबसाली | ८८५४ | ७४२५ जना महिला, ४२७ जना बालबालिका २००९ जना अपाङ्गता भएका व्यक्ति, ४०० जना ज्येष्ठ नागरिक तथा २४० जना जोखिम तथा विशेष अवस्थामा रहेका वर्ग लाभान्वित हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८२/८३ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् ।

| क्र.सं. | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ.व. २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| १. | महिला विकास कार्यक्रम | गाउँपालिका स्तरीय समिति तथा संरचनामा महिलाको सहभागिता २५ प्रतिशत रहेको । | महिला हिंसाका घटना शुन्य भएको हुने । | सरकारी सेवा प्रवेश तयारी कक्षा सञ्चालन, महिला स्वरोजगार तथा व्यवसाय विकास, सीप विकास तालिम, महिला समिति तथा सहकारी संस्थागत क्षमता विकास तालिम, नेतृत्व विकास, स्वरोजगार प्रवर्द्धन, लैंगिक हिंसा न्यूनीकरण वडास्तरमा सचेतना कार्यक्रम |
| २. | बालबालिका विकास कार्यक्रम | बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालनमा रहेको | बालमैत्री स्थानीय शासनको कार्यान्वयन भएको हुने | बालमैत्री स्थानीय शासनको आधार तयारी, वडा तथा पालिकास्तरीय बाल अधिकार समिति गठन र परिचालन, बाल अधिकार सचेतना, बाल क्लब गठन तथा परिचालन, बालश्रम न्यूनीकरण कार्यक्रम, बाल अधिकार तथा श्रम उन्मुलन सचेतना कार्यक्रम |
| ३. | अपाङ्गता भएका व्यक्ति हित प्रवर्द्धन कार्यक्रम | सीपमुलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गरेका अपाङ्गता भएका व्यक्ति ६ जना रहेको | सीपमुलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गरेका अपाङ्गता भएका व्यक्ति संख्या १५ पुगेको हुने । | सीप विकास तालिम, क्षमता विकास तालिम, नेतृत्व विकास, स्वरोजगार प्रवर्द्धन, मनोसामाजिक परामर्श र मनोसामाजिक अपाङ्गता भएका स्याहारकर्ता बीच संवाद कार्यक्रम |

| क्र.सं. | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ.व. २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| ४ | ज्येष्ठ नागिरक तथा असहाय व्यक्ति संरक्षण कार्यक्रम | असक्त ज्येष्ठ नागिरक तथा असहाय व्यक्तिका लागि घरमै सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइएको । | ज्येष्ठ नागिरक दिवा सेवा केन्द्र संख्या १२ पुगेको हुने | १ वटा जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना, जेष्ठ नागरिक सहयोगी सामग्री वितरण, जेष्ठ नागरिक सम्मान, जेष्ठ व्यक्ति घोषणा तथा सम्मान |
| ५. | विपन्न तथा दलित समुदाय उत्थान कार्यक्रम | दलित वर्गको हितका लागि अध्यनन केन्द्र भवन निर्माण भएको | लक्षित वर्गको दैनिक जीवनमा गुणात्मक सुधार भएको हुने । | सामुदायिक दलित अध्ययन केन्द्र भवन निर्माण, दलित ज्येष्ठ नागरिक सेवा केन्द्र, अन्तरक्रिया, महिला जनप्रतिनिधि, सामाजिक कार्यकर्ताका रूपान्तरणकारी नेतृत्व निर्माण तालिम, साथी सहयोग, नीति संवाद |
| ६. | महिला, बालबालिका तथा समावेशीकरण अन्य सालवसाली कार्यक्रम | बस्ती तथा वडा तहमा महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्ति लक्षित वर्गको सहभागिता वृद्धि भैरहेको | लक्षित वर्गको दैनिक जीवनमा गुणात्मक सुधार भएको हुने । | सामुदायिक भवन निर्माण, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, अन्तरक्रिया, महिला जनप्रतिनिधि, सामाजिक कार्यकर्ताका रूपान्तरणकारी नेतृत्व निर्माण तालिम, साथी सहयोग, नीति संवाद |

### ५.४.९ जोखिम पक्ष तथा अनुमान

महिला, बालबालिका तथा लक्षित वर्गका लागि प्राथमिकताका साथ बजेट विनियोजन गरी व्यवहारिक कार्यक्रम लागू भएको हुनेछ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रम हरेक विषय क्षेत्रसँग अन्तरसम्बन्धित रही कार्यान्वयन गर्नुपर्ने भएकोले सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा प्रतिबद्धता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ ।

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ को धारा १८ ले समानताको अधिकार सुनिश्चित गर्दै युवा लगायत सबै नागरिकका लागि खेलकुद र मनोरञ्जन गतिविधिहरूमा समान पहुँचको प्रावधान उल्लेख गरेको छ । धारा ५१ (ज) ले युवाहरूको शारीरिक र मानसिक विकासमा सहयोग गर्ने, खेलकुद र मनोरञ्जनात्मक गतिविधिहरूमा उनीहरूको सहभागिता प्रवर्द्धन गर्ने नीतिहरू अवलम्बन गर्न राज्यलाई निर्देशन दिने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले शिक्षा, रोजगारी, स्वास्थ्य र खेलकुद लगायत युवा विकासलाई सहयोग गर्ने नीति र कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्न स्थानीय सरकारहरूलाई जिम्मेवारी दिएको छ । राष्ट्रिय युवा नीतिले सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक विकासमा युवाहरूको सक्रिय सहभागितालाई प्रोत्साहन छ भने राष्ट्रिय खेलकुद विकास ऐन (२०२०) ले खेल मैदान, खेलकुद परिसर, तालिम केन्द्रलगायत स्थानीय तहमा खेलकुद पूर्वाधारको विकास गर्न स्थानीय तहको जिम्मेवारी हो भनेको छ।

### ५.५.२ समस्या तथा चुनौती

युवा तथा खेलकुद क्षेत्रमा मुख्य समस्याहरूमा युवा तथा खेलकुद विकास आयोजनाका लागि अपर्याप्त बजेट अभाव, खेल मैदान, जिम, र सामुदायिक केन्द्रहरू जस्ता पर्याप्त खेल सुविधाहरूको अभाव, युवा खेलकुद प्रतिभाहरूको पहिचान र सहयोग गर्न व्यवस्थित कार्यक्रमहरूको अभाव, प्रशिक्षित प्रशिक्षक र खेल प्रशासकको अभाव, सामुदायिक सहभागिताको न्यून स्तर र खेल गतिविधिहरूमा कम रूचि, खेलकुद र शारीरिक क्रियाकलापका फाइदाहरूबारे समुदायमा चेतनाको कमी, विद्यमान युवा तथा खेलकुद नीतिहरूको कमजोर कार्यान्वयन र अनुगमन, विद्यमान खेलकुद पूर्वाधारहरूको अभाव र भएका सुविधाहरूको कमजोर मर्मत-सम्भार ।खेलकुद गतिविधि र सुविधाहरूमा स्वास्थ्य र सुरक्षा मापदण्डहरूमा अपर्याप्त ध्यान आदि रहेका छन् भने मुख्य चुनौतीहरूमा भौगोलिक कठिनाइले स्रोतहरू उपयोग गर्न, प्रशिक्षण, र प्रतिस्पर्धाहरूमा भाग लिनु, स्थानीय सरकारको योजनामा खेलकुद प्राथमिकतामा नपर्नु र युवा सहभागितामा ठोस दृष्टिकोण नहुनु, परम्परागत मनोवृत्तिले खेलकुदको महत्त्वलाई कम मूल्याङ्कन गरेको। महिला सहभागिता अझ चुनौती पूर्ण रहेको, सरकारी निकाय, गैरसरकारी संस्था र निजी क्षेत्र लगायत विभिन्न सरोकारवालाहरू बीच प्रभावकारी समन्वयको अभाव आदि रहेका छन् ।

### ५.५.३ सोच

"स्वस्थ जीवनका लागि खेलकुद र सेवा, समग्र गाउँपालिकाको विकासका लागि युवा"

### ५.५.४ उद्देश्य

- खेलकुद क्रियाकलापमा युवाहरूको संलग्नता बढाउन प्रोत्साहन र सहजीकरण गर्नु ।
- खेलकुदमा पहुँच योग्य र उच्च गुणस्तरीय सुविधाहरू उपलब्ध गराउन खेलकुद पूर्वाधारको विकास र सुधार गर्नु ।
- खेलकुदमा युवा सहभागिताका लागि प्रोत्साहन गर्नु।

### ५.५.५ रणनीति

- खेलकुदसँग सम्बन्धित नीति निर्माण र योजना तर्जुमाका साथै खेलकुद गतिविधिहरूमा युवा संलग्नता र सहभागिता अभिवृद्धि गर्ने ।
- खेलकुद पूर्वाधारहरूको विकास गर्ने र भएका पूर्वाधारहरूको मर्मत-सम्भार गर्ने ।
- खेलकुदमा युवा सहभागिताका लागि विशेष योजना सहित कार्यक्रम लागू गर्ने

## ५.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| सक्रिय युवा क्लब तथा युवा सञ्जाल | संख्या | १ | २ | २ | १० | १४ | २० |
| क्लब तथा सञ्जालमा आबद्ध युवा | जना | २४ | ३८ | ३८ | २३० | २३१ | २४० |
| कभर्ड हल र खेल मैदान | संख्या | ० | ० | ० | १ | १ | १ |
| अन्तर्राष्ट्रिय/राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | जना | १ | ४ | २ | ४ | ४ | ४ |
| प्रदेशस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | जना | ३ | ५ | ६ | ६ | १० | १५ |
| वार्षिक रूपमा स्वरोजगारमूलक तालिममा सहभागी हुने युवा | संख्या | २५ | ४१ | ४० | ४० | ८० | १२० |
| युवाद्वारा सञ्चालित उद्यम व्यवसाय | संख्या | ५ | १२ | १० | १३ | २५ | ३० |
| वार्षिक रूपमा खेल प्रशिक्षणमा सहभागी युवा | संख्या | २० | २६ | २५ | ३० | ३४ | ३५ |
| वार्षिक युवा तथा खेलकुद क्षेत्रको बजेट | रु. हजारमा | १५०० | २१०० | २००० | २५०० | २७०० | ३५०० |

## ५.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालू | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ८२/८३ | २७०००० | २४९०००० | २१०००० | ० | ० | २५००००० | २००००० | ० |
| ८३/८४ | ४०४२७०१ | १७९६७५६ | २२४५९४५ | ० | ० | ३८४२३८८ | २००३१३ | ० |
| ८४/८५ | ४०४९०१० | १७९९५६० | २२४९४५० | ० | ० | ३८४८३८४ | २००६२६ | ० |

### ५.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरू समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खेलकुद पूर्वाधार निर्माण, स्तरोन्नति तथा खेलकुद प्रवर्द्धन कार्यक्रम | खेलकुदको गुणस्तर तथा खेलाडीमा व्यवासायिकता अभिवृद्धि गर्नु । | सालबसाली | ७९१ | ६ वटै वडामा खेलमैदान स्तरोन्नती भइ वार्षिक रुपमा खेल प्रशिक्षणमा सहभागि हुने खेलाडी संख्या ६० भएको हुने। |
| २ | युवा उद्यमशीलता तथा स्वरोजगार कार्यक्रम | युवाहरुमा स्वरोजगारीका अवसर वृद्धि गर्नु । | सालवसाली | १०००० | वार्षिक रुपमा स्वरोजगारमूलक तालिममा सहभागि हुने युवा संख्या २४० र व्यवसाय सञ्चालन सहयोग प्राप्त गरी व्यवसाय सञ्चालन गर्ने युवा संख्या ३० पुगेको हुने । |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८२/८३ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् ।

| क्रस | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख कृयाकलापहरू |
|---|---|---|---|---|
| १ | खेलकुद पूर्वाधार निर्माण, स्तरोन्नति तथा खेलकुद प्रवर्द्धन कार्यक्रम | १ खेल मैदान, १ जना अन्तराष्ट्रिय खेलाडी र १ जना राष्ट्रिय खेलाडी रहेको | ३ खेलकुद पूर्वाधार व्यवस्थित भएको ६ जना व्यावसायिक खेलाडीको विकास हुने | ३ गुणस्तरीय खेलमैदान स्तरोन्नती, खेल आयोजना, खेल प्रशिक्षण, खेलाडी प्रोत्साहन तथा सम्मान, खेल पोषाक तथा सामग्री वितरण, युवा तथा खेलकुद समिति गठन |
| २ | युवा उद्यमशीलता तथा स्वरोजगार कार्यक्रम | वार्षिक रुपमा ४० जना युवाले व्यावसायिक सीप विकास तालिम हासिल गरेको | ४० जनाले सीप प्रविधि प्राप्त गरी उद्यम सिर्जना र विकास हुने | युवाका लागि पर्वतारोहण, बेकरी तथा कफी तयारी सम्बन्धी तालिम, लोक सेवा तथा शिक्षक सेवा सम्बन्धी कक्षा सञ्चालन, युवा स्वरोजगार तालिम तथा व्यावसाय सञ्चालन सहयोग |

### ५.५.९ जोखिम पक्ष तथा अनुमान

खेलकुदको विकासमा अन्तर सरकार तथा गैर सरकारी संस्थासँगको साझेदारी तथा सहकार्यमा वृद्धि भएको हुनेछ। खेलकुद तथा प्रशिक्षण कार्यक्रम मार्फत उनीहरूको सिर्जनशीलता तथा उद्यमशिलता प्रति आकर्षण बढेको हुनेछ । खेलकुद, उद्यम र क्षमता विकास, सम्मानित रोजगारीको अवसर लगायत युवालाई प्रोत्साहन नसकेमा अपेक्षित उपलब्धि हासिल हुन नसक्ने जोखिम रहन सक्छ ।

## परिच्छेद छः पूर्वाधार विकास क्षेत्र

यस क्षेत्र अन्तर्गत आवास, भवन तथा सार्वजनिक निर्माण, सडक, पुल तथा यातायात, विद्युत् तथा वैकल्पिक उर्जा, सूचना, सञ्चार तथा विद्युतीय सुशासन लगायतका विषय क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ ।

### ६.१ आवास, भवन तथा सहरी विकास

#### ६.१.१ पृष्ठभूमि

संविधानतः आवासलाई मौलिक हकको रूपमा लिइएको छ । अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्ने, योजनाबद्ध रूपमा विकास गर्ने नीति नेपाल सरकारले अङ्गीकार गरेको छ भने १६ औं राष्ट्रिय योजनाले आन्तरिक एवं अन्तर देशीय अन्तर आबद्धता वृद्धि गर्ने र दिगो सहरी तथा बस्ती विकास गर्ने लाई दीर्घकालीन राष्ट्रिय रणनीतिका रूपमा अङ्गीकार गरेको छ । १६ औं योजनामा आधुनिक, दिगो, व्यवस्थित शहर, आवास र बस्ती विकासलाई रूपान्तरणका प्रमुख संम्वाहकको रूपमा ग्रहण गरिएको छ भने बढ्दो सहरीकरणलाई व्यवस्थित गर्न आधुनिक पूर्वाधारयुक्त, योजनाबद्ध, वातावरणमैत्री, विपद् प्रतिरोधी, सुरक्षित, व्यवस्थित, समावेशी, आर्थिक रूपमा गतिशिल, एवं सांस्कृतिक तथा पुरातात्विक महत्व कायम हुने गरी सभ्य शहरहरूको विकास गर्ने, आर्थिक गतिविधि तथा गतिशिलता सिर्जना गर्ने, रोजगारीका अवसर वृद्धि हुने गरी सघन शहर, नयाँ शहर र सहरी कोरिडरको व्यवस्थित ढङ्गबाट विकास गर्ने परिकल्पना गरिएको छ । त्यसैगरी अव्यवस्थित बसोबास व्यवस्थापन गर्ने, व्यवस्थित बस्ती विकास, नमुना बस्ती विकास गर्ने कार्यक्रम सञ्चालन गर्ने, संघ र प्रदेशको मापदण्डको अधीनमा रही एकीकृत बस्ती विकासका जग्गा एकीकरण गर्ने, जग्गा विकास एवं व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

#### ६.१.२ समस्या तथा चुनौती

भू-उपयोग योजना नबन्नु र भू-उपयोग योजना अनुसार बस्ती विकास गर्न नसक्नु, मापदण्ड विपरीत आवास तथा बस्ती विकास, सहरीकरण हुनु, आवास क्षेत्र निर्माण तथा भवन निर्माण गर्दा प्राविधिक परामर्श नलिनु, गुणस्तरीय बस्ती विकासको समस्या, सार्वजनिक निर्माण, भवनहरूको मर्मत-सम्भार नियमित नहुनु आदि प्रमुख समस्याहरू रहेका छन्। मुख्य चुनौतीहरूमा भूकम्प प्रतिरोधी संरचनाहरू निर्माण गर्नु, दुर्गम र बिकट क्षेत्र । सामान्यतया भिरालो जमिन र बसोबास गर्नु, सार्वजनिक संरचनाहरूको गुणस्तर कायम राख्नु, सार्वजनिक निर्माणको दिगो उपयोग एवं समुदायहरूमा अपनत्व सिर्जना गर्नु र सार्वजनिक संरचनाको निर्माणमा निजी, सहकारी क्षेत्रको लगानी वृद्धि गर्नु आदि रहेका छन् ।

#### ६.१.३ सोच

"भू-उपयोग योजनामा आधारित भवन, आवास र सार्वजनिक पूर्वाधार, नौगाडबासीको जीवनस्तरमा दिगो व्यापक सुधार"

#### ६.१.४ उद्देश्य

- एकीकृत आवास र बस्ती विकास गरी अव्यवस्थित र छरिएको घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवाको वातावरण बनाउनु ।
- स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु ।

#### ६.१.५ रणनीति

- ग्रामीण क्षेत्रमा भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपद् को जोखिममा रहेका र सिमान्तकृत घर परिवारहरूका लागि एकीकृत बस्ती विकास गर्ने ।
- भू-उपयोग योजना तर्जुमा कार्यान्वयन गरी सोही बमोजिम आवास र बस्ती विकास गर्ने
- भवन निर्माण डिजाइन तथा सुपरिवेक्षण गर्ने कर्मचारीको क्षमता विकास गर्ने ।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| एकीकृत बस्ती विकास सञ्चालन हुने स्थान | स्थान | ० | ० | ० | १ | १ | २ |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | ४५ | ५० | ४८ | ६० | ७० | ८० |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना | संख्या | ३६ | ४० | ३८ | ४८ | ५८ | ६८ |
| चटयाङ रहित घर निर्माण | प्रतिशत | १२ | २४ | १८ | २६ | ३६ | ४६ |
| भूकम्प प्रतिरोधी भवन निर्माण दक्ष व्यक्ति | जना | ४० | ८० | ७५ | १२० | १६० | २०० |
| मापदण्ड अनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन | प्रतिशत | ६१ | ६४ | ६४ | ६८ | ७८ | ९० |
| लैङ्गिकमैत्री/अपांगमैत्री सार्वजनिक भवन | संख्या | २ | ५ | २ | ७ | ९ | ११ |

### ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालू | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ८२/८३ | १३१५००० | ० | १३१५००० | ० | ० | १३१५००० | ० | ० |
| ८३/८४ | ३१८९२४२ | ४४९१९ | ३१४४३२३ | ० | ० | ३१८९२४२ | ० | ० |
| ८४/८५ | ३७७९०७६ | १७९९५६ | ३५९९१२० | ० | ० | ३७७९०७६ | ० | ० |

### ६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | अनुमानित लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विजय सामुदायिक भवन निर्माण आयोजना | स्थानीय शासन, विकास निर्माण र सेवा प्रवाहलाई सहज र व्यवस्थित बनाउनु | २०८२/८३— २०८४/८५ | २१०० | सुविधा सम्पन् भवन निर्माण सम्पन्न भई नयाँ भवनबाट एकीकृत सेवा सुचारु हुने |

| क.सं. | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | अनुमानित लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | गाउँपालिका बस्ती विकास कार्यक्रम | बस्ती विकासका लागि आवश्यक पूर्वाधार निर्माण गरी बस्ती विकास गर्नु | २०८२/८३–२०८४/८५ | १००० | नमूना बस्ती विकासका लागि सम्भाव्य बस्तीहरूमा पूर्वाधार निर्माण गर्नु |
| ३ | भवन, आवास र बस्ती विकास र सार्वजनिक निर्माण अन्य सालबसाली कार्यक्रम | भवन, आवास र बस्ती विकासलाई योजनाबद्ध, उत्थानशील र मौलिक बनाउनु | सालबसाली | ८२८४ | वार्षिक ५ भन्दा बढी भवन, आवास र बस्ती विकास सम्बन्धी नयाँ निर्माण, प्रबलीकरण, मर्मत संभार तथा स्तरोन्नति हुनेछन् |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८२/८३ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् ।

| क.सं. | विषयग उपक्षेत्र/ कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| १ | विजय सामुदायिक भवन निर्माण आयोजना | भवन निर्माण र सार्वजनिक सम्पत्तीको मर्मत संभार | सार्वजनिक कार्यालय र अन्य सार्वजनिक भवन, अन्य संरचना निर्माण | रेलिङ निर्माण, वायरिङ, रङरोगन इत्यादि |
| २ | गाउँपालिका बस्ती विकास कार्यक्रम | बस्ती सम्म सडक पहुँच, अप्टिकल फाइबर विस्तार बस्ती | फोहोमैला व्यवस्थापन, फ्रि इन्टरनेट, आधारभूत सेवा विस्तार हुनेछ | इन्साइनेटर , PCC बाटो, ढल निकास निर्माण, सम्भाव्यता अध्ययन |
| ३ | भवन, आवास र बस्ती विकास र सार्वजनिक निर्माण अन्य सालबसाली कार्यक्रम | सबै वडाका वडा कार्यालय, प्रशासकीय भवन बनी सेवा सुचारु भएको | सार्वजनिक संस्थाहरूको मर्मत सम्भार र संरक्षण भएको हुनेछ । | PCC बाटो निर्माण |

## ६.१.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा भूमिको वर्गीकरण सहित भू-उपयोग योजना र आवास, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड तर्जुमा भइ सोको परिपालनामा अभिवृद्धि हुनेछ । आवास, बस्ती विकास तथा सहरीकरणका कारण फोहोरमैलाको विसर्जन अव्यवस्थित हुने र वातावरणीय प्रदूषणमा वृद्धि हुने जोखिम हुन सक्छ । व्यवस्थित आवास, बस्ती विकास तथा सहरीकरण प्रभावकारी कार्यान्वयनमा आउन नसकेको कारण आवास, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ ।

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने नीति राज्यले अवलम्बन गरेको छ । यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्ने, यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिने, सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गर्ने नीति राज्यले अङ्गीकार गरेको छ । यातायात क्षेत्रले देशको आर्थिक-सामाजिक रूपान्तरणका लागि बलियो र भरपर्दो आधार निर्माण गर्ने, यातायात अन्तर्गत सडक, जल, रेलमार्ग, हवाइ रज्जु मार्गलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप सुरक्षित गर्ने, भरपर्दो, सुलभ र गुणस्तरीय बनाउने परिकल्पना १६ औं राष्ट्रिय योजनाले गरेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय सडक, ग्रामीण सडक,कृषि सडक, झोलुङ्गे पुल र पुलेसोहरूको मर्मत-सम्भार एवं स्तरोन्नति गर्ने, यातायात सुरक्षाको व्यवस्थापन गर्ने, स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, सेवाको गुणस्तरीयता निर्धारण गर्ने र भाडा दर निर्धारण एवं नियमन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्र भित्र राखिएको छ ।

### ६.२.२ समस्या तथा चुनौती

सडक, यातायात तथा पुलपुलेसा क्षेत्रमा पर्याप्त मात्रामा आर्थिक, प्राविधिक एवं भौतिक स्रोतको अभाव हुनु, यातायात पूर्वाधारमा अपेक्षाकृत विकास नहुनु, निर्धारित मापदण्ड पूरा नगरी योजनाहरू छनोट हुनु, प्राविधिक डिजाइनमा भन्दा हतारमा राजनीतिक प्रभावमा यातायात पूर्वाधार विकासका कामहरू हनु , जोखिमयुक्त कच्चि सडकको बाहुल्य हुनु, क्षमता भन्दा बढी यात्री राखेर गाडीहरू चलाउनु, यातायात सुरक्षाका कुनै मापदण्ड लागु नहुनु, वास्तविक फिल्ड अनुसार डिपिआर नहुँदा निर्माण कार्यमा असहज, गुणस्तर मापन गर्ने उपकरण, ल्याब नहुँदा गुणस्तरमा व्यथिति, विषय क्षेत्रगत प्राविधिकहरूको अभाव एकै प्राविधिकले सबै प्रकारका डिजाइनहरू गर्नुपर्ने र सडक निर्माण गर्दा सरोकारवालाहरूसँग समन्वय अभाव आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन् भने मुख्य चुनौतीहरूमा कठिन भूगोलका कारण निर्माण कार्य खर्चिलो हुनु, प्राविधिक डिजाइन गरेर मात्र सडक निर्माण कार्य गर्नु, सडकको सीमा क्षेत्र तथा राइट अफ वे कायम राखु, सडक मापदण्डलाई प्रभावकारी रूपमा कार्यान्वयन ल्याउनु, निर्धारित समयमा निर्माण कार्य सम्पन्न गर्नु आदि रहेका छन् ।

### ६.२.३ सोच

"सुलभ, सुरक्षित, गुणस्तरीय वातावरणमैत्री यातायात पूर्वाधार: नौगाड गाउँपालिकाको दिगो विकासको आधार"

### ६.२.४ उद्देश्य

- गुणस्तरीय यातायात पूर्वाधारको विकास गरी नागरिकहरूको सामाजिक तथा आर्थिक विकासमा परिवर्तन ल्याउनु ।
- विद्यमान यातायात पूर्वाधारहरूको मर्मत-सम्भार र गुणस्तर सुधार गरी सहज र सर्वसुलभ बनाउनु ।
- यातायात पूर्वाधार विकास गर्नु ।
- सबै वडाहरूसँग गाउँपालिका केन्द्रसम्म यातायात पहुँच विस्तार गर्नु।
- जोखिमयुक्त तथा अवरुद्ध हुने सडकखण्डहरूको सुधार गर्नु।
- वातावरणमैत्री र मौसम प्रतिरोधी सडक संरचना प्रवर्द्धन गर्नु ।
- स्थानीय उत्पादनको बजारीकरण र सेवा पहुँचका लागि पूर्वाधार सुदृढीकरण गर्नु ।

### ६.२.५ रणनीति

- योजनाको दीर्घकालीन उपयोगिताका लागि निर्माण भैसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतका लागि कोषको व्यवस्था गर्ने

- ❖ गाउँपालिकाको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान गर्न सक्ने रणनीतिक सडक सञ्जाल विस्तार गर्ने ।
- ❖ प्रमुख ग्रामीण बस्ती र प्रमुख पर्यटकीय गन्तव्यहरू जोड्ने सडकहरूको विकास र विस्तार गर्ने
- ❖ पर्यटकीय पदमार्गको निर्माण कार्यलाई अभियानका रूपमा अघि बढाउने

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| गाउँपालिका केन्द्रमा पुग्न लाग्ने औषत समय | मिनेट | ६० | ५५ | ५० | ४५ | ४० | ३५ |
| नियमित यातायात सञ्चालन हुने रुट | संख्या | २ | ३ | २ | २ | ३ | ४ |
| पक्की सडक | कि.मि. | ६.५ | १५ | १२ | २० | २५ | २८ |
| ग्राभेल सडक | कि.मि. | ५ | ६ | ५ | १० | १५ | २० |
| पक्की पुल | संख्या | २ | ४ | ३ | ४ | ५ | ६ |
| नियमित मर्मत सम्भार हुने सडकको लम्बाई | कि.मि. | ४२ | ४८ | ४७ | ५० | ६० | ८० |
| वायोइञ्जिनिरिङ्ग प्रविधी प्रयोग र सडक किनार वृक्षारोपण सडक लम्बाई | कि.मि. | ० | १ | ०.५ | २ | ३ | ५ |
| कुल सडक लम्बाई | कि.मि. | ५३ | ५४ | ५३.५ | ६५ | ७० | ८० |

### ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालू | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ८२/८३ | २०९८५००० | ० | २०९८५००० | ० | ० | २०१४०००० | ८४५००० | ० |
| ८३/८४ | २१६५०९१० | ८९८३८ | २१५६१०७२ | ० | ० | २०८०४५८५ | ८४६३२५ | ० |
| ८४/८५ | २२७१९४४५ | २२४९४५ | २२४९४५०० | ० | ० | २१८७१८०० | ८४७६४५ | ० |

### ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र. सं. | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | कुल लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | जामिर साङपाङ ग्रामिण सडक आयोजना नौगाड-१ | सडक पूर्वाधार संरचनाको स्तरोन्नति भई सेवा सुविधा सहज बनाउनु र गाउँपालिका केन्द्र देखि वडा केन्द्र सम्म सडक पहुँच पुऱ्याउनु | ०८२/८३-०८४/८५ | ८०००० | ७ कि.मि. सडक र संरचना निर्माण, मर्मतसंभार र स्तरोन्नति हुने |

| क्र. सं. | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | कुल लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | सुकेखोला पन्ढुंगा ग्रामिण सडक योजना नौगाड-६ | सडक पूर्वाधार संरचनाको निर्माण गरी यातायत सेवा सुविधा सहज बनाउनु र सडक यातायात पूर्वाधार पहुँच विस्तार गर्नु | ०८२/८३-०८४/८५ | ७०००० | ६ कि.मि. सडक र संरचना निर्माण, मर्मतसंभार र स्तरोन्नति हुने |
| ३ | मलान रैचु ग्रामिण सडक योजना वडा नं ६ | सडक पूर्वाधार संरचनाको निर्माण गरी यातायत सेवा सुविधा सहज बनाउनु र सडक यातायात पूर्वाधार पहुँच विस्तार गर्नु | ०८२/८३-०८४/८५ | ४०००० | ४ कि.मि. सडक र संरचना निर्माण, मर्मतसंभार र स्तरोन्नति हुने |
| ४ | सिप्टी-भिड ग्रामिण सडक योजना | सडक पूर्वाधार संरचनाको निर्माण गरी यातायत सेवा सुविधा सहज बनाउनु र सडक यातायात पूर्वाधार पहुँच विस्तार गर्नु | ०८२/८३-०८४/८५ | २०००० | २ कि.मि. सडक र संरचना निर्माण, मर्मतसंभार र स्तरोन्नति हुने |
| ५ | खेडा-डाँडा ग्रामिण सडक योजना नौगाड-६ | सडक पूर्वाधार संरचनाको निर्माण गरी यातायत सेवा सुविधा सहज बनाउनु र सडक यातायात पूर्वाधार पहुँच विस्तार गर्नु | ०८२/८३-०८४/८५ | ५०००० | ५ कि.मि. सडक र संरचना निर्माण, मर्मतसंभार र स्तरोन्नति हुने |
| ६ | दल्लेख गोधानी सडक निर्माण आयोजना | सडक पूर्वाधार संरचनाको निर्माण गरी यातायत सेवा सुविधा सहज बनाउनु र सडक यातायात पूर्वाधार पहुँच विस्तार गर्नु | ०८२/८३-०८४/८५ | ३०००० | ३ कि.मि. सडक र संरचना निर्माण, मर्मतसंभार र स्तरोन्नति हुने |
| ७ | सडक, पुल तथा यातायात सालबसाली कार्यक्रम | सडक पूर्वाधार संरचनाको स्तरोन्नति भई सेवा सुविधा सहज बनाउनु | सालबसाली | ६५३५६ | १५ कि.मि. सडक र संरचना निर्माण, मर्मतसंभार र स्तरोन्नति हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८२/८३ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम तालिकामा प्रस्तुत गरिएको छ:

| क्र.सं. | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ.व. २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| १ | जामिर साङपाङ ग्रामिण सडक आयोजना नौगाड-१ | २ कि.मि. सडक निर्माण भएको | ६ कि.मि.सडक निमार्ण हुने | नयाँ ट्राक खोल्ने, पहिरो पन्छाउने, सडक संरचना निर्माण गर्ने आदी |

| क्र.सं. | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ.व. २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| २ | सुकेखोला पन्ढुंगा ग्रामिण सडक आयोजना नौगाड-६ | ३ कि.मि. सडक निर्माण भएको | ८ कि.मि.सडक निमार्ण भएको हुनेछ । | नयाँ ट्राक खोल्ने, पहिरो पन्छाउने, सडक संरचना निर्माण गर्ने आदी |
| ३ | मलान रैचु ग्रामिण सडक आयोजना नौगाड वडा नं ६ | ०।८ कि.मि. सडक निर्माण भएको | १.५ कि.मि.सडक निमार्ण भएको हुनेछ । | १.५ कि.मि. नयाँ ट्राक खोल्ने आदी |
| ४ | सिप्टी-भिड ग्रामिण सडक आयोजना नौगाड-४, ५ | ० कि.मि. सडक निर्माण भएको | २ कि.मि.सडक निमार्ण भएको हुनेछ । | २ कि.मि. नयाँ ट्राक खोल्ने आदी |
| ५ | खेडा-डाँडा ग्रामिण सडक आयोजना नौगाड-६ | २ कि.मि. सडक निर्माण भएको | २ कि.मि.सडक निमार्ण भएको हुनेछ । | २ कि.मि. नयाँ ट्राक खोल्ने आदी |
| ६ | दल्लेख गोधानी सडक निर्माण आयोजना नौगाड-२, ३ | १ कि.मि. सडक निर्माण भएको | २ कि.मि.सडक निमार्ण भएको हुनेछ । | २ कि.मि. नयाँ ट्राक खोल्ने आदी |
| ७ | सडक, पुल तथा यातायात सालबसाली कार्यक्रम | सालबसाली रुपमा २ कि.मि. सडक निर्माण तथा मर्मत संभार भैरहेको | .१५ कि.मि. सडक मर्मत संभार हुने | पहिरो पन्छाउने र सतह सम्याउने, नाली निर्माण गर्ने, सडक ढलान गर्ने, सडक संरचना निर्माण गर्ने, ग्राभेल गर्ने आदी |

### ६.२.९ जोखिम पक्ष तथा अनुमान

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका योजना, नीति तथा कार्यक्रम बीच अन्तरसम्बन्ध, समन्वय र सहकार्य हुने गरी आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुनेछ । गाउँपालिकाले चालू तथा क्रमागत, वहुवर्षीय, विस्तृत आयोजना प्रस्ताव तयार भएका, कार्यान्वयनका लागि तयारी अवस्थामा रहेका आयोजना तथा कार्यक्रममा प्राथमिकतासाथ बजेट विनियोजन गरी कार्यान्वयन गर्नेछन् । सडक पूर्वाधार दक्ष प्राविधिकबाट विस्तृत संभाव्यता, आर्थिक तथा वातावरणीय अध्ययन हुन नसकेमा तथा आयोजना प्रभावकारी व्यवस्थापन नहुने जोखिम रहन्छ ।

## ६.३ विद्युत तथा स्वच्छ उर्जा

### ६.३.१ पृष्ठभूमि

नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्ने, नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने र ऊर्जाको समुचित प्रयोग गर्ने प्रावधान नेपालको संविधान, २०७२ मा राखिएको छ । जलविद्युत उत्पादन वृद्धि र हरित अर्थतन्त्र प्रवर्द्धनलाई १६ औं राष्ट्रिय योजना अनुसार रूपान्तरणका प्रमुख सम्वाहकका रूपमा र स्वच्छ एवं नवीकरणीय ऊर्जालाई दीर्घकालीन लक्ष्य प्राप्तिको सहयोगी क्षेत्रको रूपमा ग्रहण गरिएको छ । स्वच्छ ऊर्जा खपतमा वृद्धि गरी वातावरण र जलवायुमा पर्ने नकारात्मक असर कम गर्ने, स्वच्छ ऊर्जा उपभोगमा समुन्नत हुने परिकल्पना पनि १६ औं योजनामा गरिएको छ । त्यसैगरी स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन गर्ने, सञ्चालन एवं नियमन गर्ने, वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास, हस्तान्तरण, क्षमता अभिवृद्धि एवं प्रवर्द्धन गर्ने, साना जलविद्युत आयोजना (१ मेगावाट सम्मका) तथा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानुन, योजना तर्जुमा, कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ६.३.२ समस्या तथा चुनौती

विद्युत तथा वैकल्पिक ऊर्जा क्षेत्रका प्रमुख समस्याहरूमा अझै २४२५ घरमा नेशनल ग्रिडको विद्युत सेवा पुगेको छैन, पहिरोको जोखिम क्षेत्र भएका कारण विद्युत पोलहरू भएकाले निरन्तर विद्युत सप्लाइको समस्या छ। विद्युत गुरूयोजना नहुनु, न्यून संख्यामा विद्युत ट्रान्सफिटर र कमजोर प्रसारण लाइनका कारण विद्युत सेवा समय समयमा अवरूद्द हुनु । काठका पोलहरू विस्तापित नहुँदा असुरक्षा वढ्दो, सार्वजनिक स्थल एवं सडक क्षेत्रमा वत्तिहरू नहुँदा रातमा असुरक्षा वढ्दो आदि मुख्य चुनौतीहरूमा सदाबहार र भरपर्दो विद्युत सेवा सञ्चालन गर्नु । विद्युतीय चुल्होहरूलाई प्रवर्द्धन गर्नु, स्थानीय स्तरमा विद्युत खपतमा वृद्धि ल्याउनु र सौर्य ऊर्जालाई भरपर्दो वैकल्पिक ऊजाको रूपमा स्थापित गर्नु आदि रहेका छन् ।

### ६.३.३ सोच

"जलस्रोत, विद्युत् र उर्जा क्षेत्रमा दिगोपना, उज्यालो र समुन्नत नौगाड गाउँपालिका हाम्रो विपना"

### ६.३.४ उद्देश्य

- नविकरणीय ऊर्जा (सौर्य, सूक्ष्म जलविद्युत, बायोग्याँस आदि) को पहुँच विस्तार गर्नु ।
- पानीका स्रोतहरूको संरक्षण तथा दिगो उपयोग सुनिश्चित गर्नु ।
- सबै घरधुरीलाई सुरक्षित, भरपर्दो र किफायती ऊर्जा सेवा प्रदान गर्नु ।
- जलस्रोतमा आधारित साना/मझौला आयोजनाहरू विकास गर्नु ।
- विद्युत विस्तारलाई प्रभावकारी बनाउन तर वैकल्पिक ऊर्जा प्रयोगमा जोड दिनु ।
- ऊर्जाको उपभोगमा दक्षता बढाइ वातावरणमैत्री, दिगो, भरपर्दो र गुणस्तरीय ऊर्जा स्रोतमा पहुँच बढाउनु।

### ६.३.५ रणनीति

- ऊर्जा क्षेत्रको संस्थागत संरचना तयार गरी दिगो र अधिकतम उपभोग गर्ने ।
- उपलब्ध सम्पूर्ण ऊर्जा स्रोतको पहिचान गरी दिगो ऊर्जा स्रोत व्यवस्थापनका लागि काम गर्ने।
- ऊर्जालाई बहुआयामिक क्षेत्रमा उपभोग गर्ने ।
- स्वच्छ तथा दिगो उर्जामा पहुँच सुनिश्चित गर्न उर्जाका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने ।

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| विद्युतमा पहुँच भएका जनसङ्ख्याको अनुपात | प्रतिशत | ८८.८१ | ९० | ८९ | ९० | ९५ | ९८ |
| खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुइँठा लगायतका ठोस इन्धन प्रयोग गर्ने परिवार | प्रतिशत | ९६.९ | ९५ | ९४ | ९० | ८८ | ८० |
| खाना पकाउन र कोठा तातो राख्नका लागि एलपी ग्याँस प्रयोग गर्ने जनसङ्ख्या | प्रतिशत | २.८ | २.७ | २.७ | २.६ | २.५ | २.६ |
| खाना पकाउन विद्युतको उपयोग गर्ने जनसंख्या | प्रतिशत | ०.५ | १ | ०.८ | २ | ५ | १० |
| सोलार उपयोग गर्ने परिवार | प्रतिशत | २६ | २८ | २७ | ३० | ३२ | ३४ |

### ६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालू | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ८२/८३ | १६४०००० | ० | १६४०००० | ० | ० | ११४०००० | ५००००० | ० |
| ८३/८४ | २४७०५४० | २२४५९५ | २२४५९४५ | ० | ० | १९६९७५६ | ५००७८४ | ० |
| ८४/८५ | १८४४५४९ | ४४९८९ | १७९९५६० | ० | ० | १३४२९८४ | ५०१५६५ | ० |

### ६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्युत विस्तार तथा उपयोग प्रवर्द्धन कार्यक्रम | केन्द्रीय विद्युत प्रणालीको विद्युतको उपभोगमा वृद्धि गर्नु | सालबसाली | १००० | केन्द्रीय विद्युत प्रसारण प्रणालीबाट विद्युत सुविधा सबै वडाका घर परिवारमा उपलब्ध तथा विस्तार हुने |
| २ | सडक बत्ती जडान तथा विस्तार कार्यक्रम | सडक सुरक्षा र सौन्दर्यता वृद्धि गर्नु | सालबसाली | २००० | मुख्य बजारका ३ स्थानमा सोलार प्रणालीमा आधारित सडक बत्तीको विस्तार हुने |
| ३ | वैकल्पिक तथा स्वच्छ उर्जा प्रवर्द्धन कार्यक्रम | स्वच्छ उर्जाको उपयोगमा वृद्धि गर्नु | सालबसाली | २९५५ | थप २०० घर परिवारले उर्जाको उपभोग गर्ने र उर्जाबाट लाभान्वित हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८२/८३ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् ।

| क्र.सं. | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ. व. २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| १ | विद्युत विस्तार र उपयोग प्रवर्द्धन कार्यक्रम | ९५ प्रतिशत घरपरिवार र व्यवसायमा विद्युतको प्रयोग भएको | गाउँपालिकामा बाकि रहेका थप घरधुरीमा केन्द्रीय प्रशारण लाइन जोडिने । | केन्द्रिय विद्युत प्रसारण प्रणालीको विद्युत लाइन विस्तार, विद्युत नपुगेका घरपरिवारमा विद्युत सुविधा विस्तार, र विद्युतीय चुल्होमा अनुदान । |
| २ | सडक बत्ती जडान तथा विस्तार कार्यक्रम | बजार क्षेत्रमा सडक बत्तीको जडानको लागि सम्भाव्यता अध्ययन भएको | गाउँपालिकाका मुख्य बजार क्षेत्रका सडक सुरक्षा र सौन्दर्यताक वृद्धिका लागि सडक बत्ती जडान भएको हुने | सम्भाव्यता अध्ययन गर्ने । लागत अनुमान तयार गर्ने वार्षिक खरिद योजना कार्यान्वयन गर्ने र मुख्य बजार क्षेत्रमा सडक बत्ती जडान सम्पन्न गर्ने । |
| ३ | वैकल्पिक तथा स्वच्छ उर्जा प्रवर्द्धन कार्यक्रम | १० प्रतिशत घर परिवारमा स्वच्छ तथा वैकल्पिक उर्जाको प्रयोग भएको | थप २०० घर-परिवार लाभान्वित हुने | स्वच्छ उर्जा प्रयोग सम्बन्धी सचेतना, स्वच्छ उर्जा प्रणाली जडान अनुदान |

### ६.३.९ जोखिम पक्ष तथा अनुमान

केन्द्रीय विद्युत प्रसारण प्रणालीको विद्युत सुविधा विस्तार भई विद्युत तथा स्वच्छ उर्जाको उपलब्धता र उपयोग सहज भएको हुनेछ । जलाधार क्षेत्रको संरक्षणमा अन्तर सरकार सहकार्य तथा समुदायस्तरको जागरूकतामा अभिवृद्धि भएको हुनेछ । उपरोक्त परिवेश तयार हुन नसकेमा अपेक्षित उपलब्धि हासिल हुनमा जोखिम रहन सक्छ ।

## ६.४ सूचना तथा सञ्चार

### ६.४.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी सर्वसाधारणको सहज र सरल पहुँच सुनिश्चित गर्ने र सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने, नागरिकको व्यक्तित्व विकासका लागि सूचना केन्द्र तथा पुस्तकालयको स्थापना, प्रवर्द्धन गर्ने नीति राज्यले अङ्गीकार गरेको छ । १६ औं योजनाले सूचना प्रविधि तथा सञ्चार पूर्वाधार र वृहत सञ्जालीकरणलाई रूपान्तरणको प्रमुख सम्वाहकको रूपमा ग्रहण गरेको छ । सत प्रतिशत जनसंख्या आधुनिक सञ्चारको पहुँच भित्र आवद्ध हुने, सरकारी तथा निजी कारोवारहरूमा सञ्चार प्रविधिको उच्चतम प्रयोग भई सुशासन विकास गर्ने र समृद्धिमा सञ्चार क्षेत्रको उल्लेखनीय योगदान पुऱ्याउने, सुशासन कायमका लागि सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने, सञ्चार क्षेत्रमा सर्वसुलभ प्रविधिको उच्चतम प्रयोग गर्ने, संस्थागत क्षमता विकासका साथै एकीकृत डिजिटल सेवा प्रवर्द्धन गर्ने, डिजिटल नेपालको अवधारणालाई कार्यान्वयनमा ल्याउने परिकल्पना १६ औ योजनामा गरिएको छ ।
त्यसैगरी एफ. एम. रेडियो (१०० बाट सम्मको) सञ्चालन, अनुमति, नवीकरण, खारेजी, नियमन गर्ने, सूचना तथा अभिलेख केन्द्र स्थापना तथा सञ्चालन गर्ने, स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग गर्ने, स्थानीय तथ्याङ्क सङ्कलन तथा प्रशोधन गरी नवीनतम प्रविधियुक्त र सूचना प्रणालीमा आवद्धता गर्ने, स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास एवं प्रवर्द्धन गर्ने र संघ तथा प्रदेशको कानुनको अधिनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केवल तथा तार विहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण तथा नियमन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ६.४.२ समस्या तथा चूनौती

सूचना, सञ्चार तथा प्रविधि क्षेत्रका मुख्य समस्याहरूमा सबै सामुदायिक विद्यालयहरूमा आइ.सि.टि.को सहज पहुँचको अभाव, सार्वजनिक स्थल, कार्यालयहरूमा सि.सि.टिभी जडान नभएको, अनलाइन मार्फत सार्वजनिक सेवाहरू प्रवाह हुन नसकेको, सबै सूचना, तथ्याङ्कहरू डिजिटाइजेशन हुन नसकेको आदि रहेका छन् भने मुख्य चुनौतीहरूमा गाउँपालिकाका अभिलेखहरूलाई प्रविधिमैत्री बनाउनु, सामाजिक सञ्जालको वृद्धि सँगै बढ्दो दुरुपयोगमा नियन्त्रण गर्नु, बढ्दो साइबर अपराधलाई नियन्त्रण गर्नु, आवश्यक जनशक्ति एवं प्राविधिक ज्ञानमा अभिवृद्धि ल्याउनु आदि रहेका छन् ।

### ६.४.३ सोच

"सूचना प्रविधिमैत्री सार्वजनिक सेवाः नौगाड गाउँपालिकाको सुशासनमा टेवा"

### ६.४.४ उद्देश्य

- सूचना तथा सञ्चारका प्रविधिलाई विस्तार गर्दै गुणस्तरीय एवं भरपर्दो बनाउनु ।
- सूचना तथा सञ्चार प्रविधि उपयोग गर्दै विद्युतीय सुशासन प्रवर्द्धन गर्नु ।
- सूचनामा सबैको पहुँच सुनिश्चित गर्नु ।
- स्थानीय शासन र नागरिकबीचको अन्तरक्रिया प्रवर्द्धन गर्नु ।
- सूचना प्रविधिमार्फत सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।
- डिजिटल शिक्षा र डिजिटल सीप अभिवृद्धि गर्नु ।
- दूर दराज कार्यालयसम्म इन्टरनेट सेवा विस्तार गर्नु ।
- सूचना प्रविधिमैत्री स्थानीय तह निर्माणका लागि आवश्यक प्रणाली निर्माण गर्नु ।

### ६.४.५ रणनीति

- ❖ सूचना तथा सञ्चार प्रविधिका पूर्वाधारहरू विस्तार एवं निर्माण गर्ने ।
- ❖ ICT सेवाहरूलाई विस्तार गर्दै उपलब्धतामा सहजता ल्याउने ।
- ❖ सार्वजनिक सेवाहरूलाई अनलाइन गर्दै आइसिटिको उपयोगमा वृद्धि ल्याउने ।
- ❖ वेबसाइट, मोबाइल एप्स, डिजिटल बोर्ड, एफएम रेडियोमार्फत सूचना प्रवाह विस्तार गर्ने ।
- ❖ सूचना अधिकार ऐनको प्रभावकारी कार्यान्वयन गर्ने ।
- ❖ डिजिटल फाइलिङ, इ—प्रशासन प्रणाली विस्तार गर्ने ।
- ❖ सूचना केन्द्र, साइबर हब तथा सामुदायिक इन्टरनेट पहुँच विस्तार गर्ने ।
- ❖ स्थानीय तहका कर्मचारी र युवालाई ICT सम्बन्धी तालिम सञ्चालन गर्ने ।

### ६.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| कम्प्युटर, इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहुँच भएका जनसंख्या | प्रतिशत | ६० | ६५ | ६४ | ७० | ७५ | ८० |
| गाउँपालिकामा सञ्चालित सफ्टवेयर र सूचना व्यवस्थापन प्रणाली | संख्या | १० | १५ | १० | ११ | १२ | १४ |
| इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | संख्या | ३० | ३५ | ३० | ३६ | ४० | ४५ |
| टेलिभिजन र कम्प्युटर उपलब्ध परिवार | प्रतिशत | २० | २५ | २२ | २५ | २८ | ३४ |

### ६.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालू | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ८२/८३ | ६०००० | ६०००० | ० | ० | ० | २०००० | ४०००० | ० |
| ८३/८४ | १७९६७६ | १३४७५७ | ४४९१९ | ० | ० | १३९६१३ | ४००६३ | ० |
| ८४/८५ | १३४९६७ | ८९९७८ | ४४९८९ | ० | ० | ९४८४२ | ४०१२५ | ० |

### ६.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | सूचना तथा सञ्चार प्रविधि विस्तार कार्यक्रम | स्थानीय शासन सञ्चालन, विकास व्यवस्थापन र सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग वृद्धि गर्नु | सालबसाली | १०० | गाउँपालिका अन्तरगतका सबै वडा तथा अन्य कार्यालयहरूमा ईन्टरनेट जडान गरि विद्युतिय शासनमा टेवा पुग्ने |
| २ | विद्युतीय सुशासन प्रवर्द्धन कार्यक्रम | स्थानीय विकास निर्माण र सेवा प्रवाह सूचना प्रविधि मैत्री र सहज बनाउनु | सालबसाली | १०० | कार्यपालिकाको कार्यालय, विषयगत शाखा, ६ वटै वडा कार्यालयमा र अन्य कार्यालयहरूमा विद्युतीय सुशासनको अभ्यास सुधारु हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८२/८३ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् ।

| क्रस | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १. | सूचना तथा सञ्चार प्रविधि विस्तार कार्यक्रम | १० वटा सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा रहेका | थप ३ प्रकारका सफ्टवेयर तथा सूचना व्यवस्थापन प्रणाली स्थापना भइ सेवा सुचारु हुने | सूचना प्रविधिमैत्री सेवा प्रवाह, सफ्टवयर र सूचना व्यवस्थापन प्रणाली तथा उपकरण खरिद र सञ्चालन, विद्यालय र स्वास्थ्य संस्थामा सूचना प्रविधि जडान र सञ्चालन, जिआइएस नक्शाकन सञ्चालन, विद्युतीय हाजिरी प्रणाली, विद्युतीय प्रोफाइल तयारी तथा अद्यावधीकरण |
| २. | विद्युतीय सुशासन प्रवर्द्धन कार्यक्रम | कार्यालयको ई-मेल, सूचना प्रणालीहरू र वेबसाइट नियमित रूपमा अद्यावधिक भएको | विभिन्न थप विषयमा सूचना प्रविधि तथा डिजिटल प्रणालीमा आधारित सेवाहरू सञ्चालन हुनेछन् | तथ्याङ्क योजना तर्जुमा र अनुगमन तथा , प्रतिवेदन प्रणाली व्यवस्थापन तथा रिपोर्टिङ्ग डिजिटलाईजेसन, ईबुलेटिन तथा छपाइ, टुरिजम पोर्टल निर्माण र सञ्चालन, सर्भर व्यवस्थापन |

### ६.४.९ जोखिम पक्ष तथा पूर्वानुमान

सूचना प्रविधिको उपयोगबाट सेवा प्रवाहमा थप प्रभावकारिता वृद्धि हुनेछ । प्रविधि खर्चिलो र दक्ष मानवीय श्रोतको आवश्यकता पर्ने भएको तथा साइबर सुरक्षाको दृष्टिकोणले सूचना तथा दस्तावेजहरू असुरक्षित हुने तथा अनधिकृत प्रसारण तथा सम्प्रेषण हुन सक्ने जोखिम रहन सक्छ।

## परिच्छेद सातः वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

यस परिच्छेद अन्तर्गत वन तथा भूसंरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन लगायतका उप–क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ ।

### ७.१ वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण

#### ७.१.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग गर्ने, प्रकृति, वातावरण वा जैविक विविधता माथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरण प्रभाव निर्मूल वा न्यून गर्ने, उपयुक्त उपायहरू अवलम्बन गर्ने नीति राज्यले ग्रहण गरेको छ। १६ औं राष्ट्रिय योजनाले प्राकृतिक स्रोतको संरक्षण गर्ने र परिचालनलाई दीर्घकालीन राष्ट्रिय रणनीतिका रूपमा ग्रहण गरेको छ । जैविक विविधताको संरक्षण गर्दै गुणात्मक पर्यटनको गन्तव्य स्थानको रूपमा विकास गर्ने, संरक्षणमुखी सोचमा आधारित वन व्यवस्थापन र सोबाट प्राप्त लाभको समन्यायिक बाँडफाँट गर्ने, कृषि वनको अत्याधिक प्रयोगबाट जलाधार व्यवस्थापन तथा पर्यावरणीय पद्धति संरक्षण गर्ने, कृषिको उत्पादकत्वमा वृद्धि गर्ने, वनजन्य तथा जडीबुटीको उत्पादनमा वृद्धि भई निर्यात र रोजगारी सिर्जना गर्ने परिकल्पना १६ औं योजनामा गरिएको छ । त्यसैगरी संघ तथा प्रदेशको कानुनको अधीनमा रही स्थानीय स्तरमा सामुदायिक, ग्रामीण, धार्मिक, कबुलियती, साझेदारी वनको संरक्षण, संवर्द्धन, उपयोग गर्ने, वन उपभोक्ता समूहको व्यवस्थापन गर्ने, वन प्रवर्द्धन गर्ने, सार्वजनिक खाली जग्गा पाखा वा क्षेत्रहरूमा वृक्षारोपण गर्ने, उपयोग व्यवस्थापन गर्ने, खोला किनार तथा उकासमा, नहर तथा सडक किनारमा वृक्षारोपण गर्ने, जडीबुटी तथा गैर काष्ठ वन पैदावार सम्बन्धी सर्वेक्षण गर्ने, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन, बजार व्यवस्थापन गर्ने, वन बीउ बगैंचा स्थापना, व्यवस्थापन तथा प्रवर्द्धन गर्ने, नर्सरी स्थापना गर्ने, बिरुवा उत्पादन, वितरण, रोपण तथा प्रवर्द्धन गर्ने, वन्यजन्तु एवं चराचुरुङ्गीको अभिलेखन, संरक्षण, व्यावसायिक पालन, उपयोग, अनुगमन गर्ने, मानव तथा वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन गर्ने, वन्यजन्तु पर्यटन तथा आय आर्जन गर्ने, रैथाने प्रजातिको संरक्षण तथा प्रवर्द्धन गर्ने एवं मिचाहा प्रजातिको नियन्त्रण गर्ने, जैविक विविधताको अभिलेखीकरण र हरियाली प्रवर्द्धन गर्ने जस्ता कार्यहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ । वन तथा वातावरणको संरक्षण र सदुपयोग गर्दै जलवायु परिवर्तनको सामना, र गाउँपालिबासिको समृद्धि र गाउँपालिकाको दिगो विकासका आधार तयार गर्ने । गाउँपालिकामा रहेका ३४ वटा सामुदायिक वन उपभोक्ता समितिको परिचालन र गाउँपालिकाको हरित स्रोतलाई सदुपयोग गर्दै रोजगारी सिर्जना, सीप विकास, स्थानीय उत्पादनको मूल्यवृद्धि, र वातावरणीय सन्तुलनको संयोजनमार्फत समग्र गाउँपालिकाको विकास गर्न सकिन्छ ।

#### ७.१.२ समस्या तथा चुनौती

वन तथा जैविक विविधता क्षेत्रमा विशेषगरी वनक्षेत्र क्रमिक रूपमा अतिक्रमणमा पर्दै, खुल्ला एवं खाली सार्वजनिक क्षेत्रहरूमा वृक्षारोपण नभएको, बहुमूल्य जडीबुटीहरूको पहिचान, संरक्षण र प्रवर्द्धन नभएको, वन जङ्गलको दिगो सदुपयोग गर्दै जीविकोपार्जनका लागि आयमूलक कार्यमा उपयोग गर्न नसक्नु, पूर्वाधार विकास र वन जङ्गलबीच सन्तुलन कायम हुन् नसक्नु आदि रहेका छन् भने मुख्य चुनौतीहरूमा वन तथा जैविक विविधताको संरक्षण गर्नु, मिचाहा प्रजातिको वढोत्तरीबाट रैथानी प्रजातिहरूको संरक्षण गर्नु, मानव र वन्यजन्तु वीचको द्वन्द्व न्यूनीकरण गर्नु र वन्यजन्तुहरूको आहार व्यवस्थापन गर्नु आदि रहेका छन् ।

#### ७.१.३ सोच

"नौगाड गाउँपालिकाको वनः दिगो स्थानीय आयमुलक धन"

### ७.१.४ उद्देश्य

- जैविक विविधता तथा वन्य जीवजन्तुहरूको दिगो संरक्षण गर्दै पारिस्थितिकीय प्रणाली कायम राख्नु ।
- वनक्षेत्रको विस्तार गर्दै बहुमूल्य जडीबुटीहरूको व्यावसायिक खेतीलाई आयआर्जनको मुख्य स्रोतको रूपमा विकास गर्नु ।
- वन क्षेत्रको संरक्षण र विस्तार गरी पहिरो, भूक्षय तथा नदी कटानको जोखिम न्यूनीकरण गर्नु ।
- पर्यावरण सन्तुलन कायम राख्न जैविक विविधताको संरक्षण तथा वातावरणीय सचेतना फैलाउनु ।

### ७.१.५ रणनीति

- जैविक विविधताको संरक्षण, संवर्द्धन एवं प्रवर्द्धन गर्ने ।
- वन क्षेत्रलाई दिगो तथा वैज्ञानिक व्यवस्थापन गर्ने ।
- वनक्षेत्रलाई विकास विस्तार गर्दै उत्पादनमुखी बनाउने एवं गैरकाष्ठ वन पैदावरको दिगो उपयोग गर्दै आयआर्जनको स्रोतको रूपमा विकास गर्ने ।
- सामुदायिक सहभागितामा वृक्षरोपण तथा संरक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- नदी तटीय क्षेत्रमा ग्याबियन पर्खाल, बायो इन्जिनियरिङ प्रविधि प्रयोग गर्ने।
- भूक्षय नियन्त्रण, सिँचाइ र सिँचाइ जलस्रोतको संरक्षण तथा व्यवस्थापन गर्ने ।
- सामुदायिक वन, विद्यालय वन, निजी वन प्रवर्द्धन गर्ने ।
- पर्यावरण शिक्षा, वातावरणमैत्री अभ्यास र सचेतना प्रवर्द्धन गर्ने ।

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| कुल भूमिमा वन तथा हरियाली क्षेत्र | प्रतिशत | ३५०३.४ | ३५१० | ३५०८ | ३५५० | ३५७० | ३५८० |
| वनमा आधारित उद्यम र आय आर्जनमा संलग्न घरपरिवार | संख्या | ३२० | ३३० | ३२४ | ३६० | ३८० | ३९० |
| वृक्षरोपणबाट वृद्धि भएको हरित क्षेत्र | रोपनी | ५५ | २५ | ७० | ७१ | ७१ | ७२ |
| जडीबुटी वा जडीबुटीजन्य उत्पादन | रू. हजारमा | १००० | २००० | १५००० | ३००० | ४००० | ५००० |
| नियमित रूपमा वन कार्य योजना तयार र पूर्ण रूपमा कार्यान्वयन गर्ने तथा गाउँपालिकासँग नियमित समन्वयमा रहने वन उपभोक्ता समितिको हिस्सा | संख्या | २० | २२ | २१ | २४ | २६ | ३० |
| पार्क तथा उद्यान | संख्या | १ | १ | १ | १ | २ | २ |

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| संरक्षित ताल तलैया वा पोखरी | संख्या | १ | २ | २ | २ | २ | २ |
| नदी नियन्त्रण बाँध तथा स्परको लम्बाइ | रनिङ्ग मिटर | ५०० | ८०० | ७०० | १००० | २००० | ३००० |

### ७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालू | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ८२/८३ | ४५००० | ४५००० | ० | ० | ४५००० | ० | ० | ० |
| ८३/८४ | २६९५१३ | १७९६७६ | ८९८३८ | ० | ४५०७१ | २२४४४३ | ० | ० |
| ८४/८५ | २२४९४५ | १३४९६७ | ८९९७८ | ० | ४५१४१ | १७९८०४ | ० | ० |

### ७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वन तथा हरियाली प्रवर्द्धन कार्यक्रम | वन, हरियाली क्षेत्र विस्तार, वनको दिगो व्यवस्थापन र जैविक विविधता संरक्षण गर्नु | सालबसाली | ३०० | ६ हजार बिरुवा रोपिएको हुने, जलाधार व्यवस्थापन, भूक्षय नियन्त्रणका लागि थप २ स्थानमा जैविक तटबन्ध निर्माण भएको हुनेछ । |
| २ | जलाधार व्यवस्थापन, भूसंरक्षण तथा नदी नियन्त्रण कार्यक्रम | जलाधार व्यवस्थापन, भूसंरक्षण र नदी नियन्त्रणलाई प्रभावकारी गराउनु | सालबसाली | २३९ | १० स्थानमा खहरे खोला नियन्त्रण भइ जग्गा, बस्ती र विकासका पूर्वाधार संरक्षण हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८२/८३ मा सञ्चालन हुने प्रमुख क्रियाकलापहरू देहाय बमोजिम रहेका छन्।

| क्र.सं. | कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ.व.२०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| १ | वन तथा हरियाली प्रवर्द्धन र भूसंरक्षण कार्यक्रम | वन तथा हरियाली प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिएका र वन क्षेत्रमा जडीबुटी खेती गरी आम्दानी वृद्धि भएको | ६ हजार वृक्षारोपण भएको, वन डढेलो नियन्त्रण हुने र वन, जैविक विविधता र जलाधार क्षेत्रको विवरण सहितको तथ्याङ्क तयार गरिएको । | वृक्षारोपण कार्यक्रम, सामुदायिक वन क्षेत्रमा जडीबुटी खेती प्रवर्द्धन, वन डढेलो नियन्त्रण तथा पूर्व तयारी, वन, जैविक विविधता र जलाधार क्षेत्रको विवरण संकलन गरी तथ्याङ्क तयार गर्ने |
| २ | जलाधार व्यवस्थापन, भूसंरक्षण तथा नदी नियन्त्रण कार्यक्रम | विभिन्न ९-१२ स्थान गरी १८० मिटर लम्बाइ गल्छी, खहरे, पहिरो तथा नदी नियन्त्रण भएको | बाँध तथा स्पर निर्माण भई नदी, गल्छी तथा जग्गा र बस्ती संरक्षण हुने | आकासे पानी संकलन तथा जलपुनर्भरण पोखरी निर्माण, गल्छी, खहरे तथा पहिरो नियन्त्रण, जैविक तटबन्ध निर्माण, बायोइञ्जिनियरिङ तथा विकासका पूर्वाधार संरक्षण, जलउत्पन्न प्रकोप नियन्त्रण |

### ७.१.९ जोखिम पक्ष तथा पूर्वानुमान

वन तथा जैविक विविधता, जलाधार संरक्षण तथा व्यवस्थापनमा तीनै तहका सरकार, समुदाय तथा नागरिक समाजको सहकार्य साझेदारी बढोत्तरी हुनेछ । बायो इञ्जिनियरिङ, वृक्षरोपण, समुदायको सहभागितालाई पूर्वाधार विकास, मर्मत सम्भार आत्मसात् गरिनेछ । उल्लिखित परिस्थिति निर्माण हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन कठिन हुन सक्छ ।

## ७.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

वातावरणीय सन्तुलनका लागि वनक्षेत्र सुरक्षित राख्ने, गाउँपालिका बासीमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासमा पर्न सक्ने जोखिम न्यूनीकरण गर्ने, वातावरण प्रदूषण गर्नेले दायित्व व्यहोर्नु पर्ने र वातावरण संरक्षणमा पूर्व सावधानी एवं पूर्व सूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने नीति राज्यबाट अङ्गीकार गरेको छ । त्यसैगरी स्थानीय स्तरमा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्ने, वातावरणीय जोखिम न्यूनीकरण गर्ने, न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास गर्ने, वातावरण संरक्षण गर्ने, स्थानीय स्तरमा सरसफाइ तथा फोहोरमैला व्यवस्थापन गर्ने जिम्मेवारीहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ७.२.२ समस्या तथा चुनौती

वातावरण तथा फोहोर व्यवस्थापन क्षेत्रका मुख्य समस्याहरूमा फाहोरमैला व्यवस्थापन सम्बन्धी जन चेतनाको कमी, जैविक र अजैविक फोहोरलाई वर्गीकरण गरी त्यसको व्यवस्थापनको अभाव, जथाभाबी, अव्यवस्थित रूपमा फोहोर फाल्ने गर्नेलाई कारबाही नहुने, फोहोर न्यूनीकरण गर्ने, प्रशोधन गर्ने तथा पुनः प्रयोगमा ल्याउने अभ्यासको कमी, प्लाष्टिकजन्य वस्तुहरूको प्रयोगमा नियन्त्रणको अभाव, प्लाष्टिक झोलाको जथाभाबी प्रयोग, सडक, चोक, बजार एवं सार्वजनिक क्षेत्रहरूमा सार्वजनिक शौचालय नहुनु, पुराना र घर, कार्यालयबाट निस्कने दूषित फोहोर पानी तथा ढलको व्यवस्थापन हुन् नसकेको, जल प्रदूषण बढ्दो आदि रहेका छन्। मुख्य चुनौतीहरूमा प्लाष्टिजन्य वस्तुलाई प्रभावकारी रूपमा प्रतिबन्ध गर्नु, फोहोरलाई आय अर्जनको एक स्रोतको रूपमा विकास गर्नु, फोहोरलाई सुरक्षित विसर्जन गर्नु, फोहोर र वातावरणीण बीच सन्तुलन कायम राख्नु, ध्वनि, वायु, जल लगायतका प्रदूषणलाई न्यूनीकरण एवं नियन्त्रण गर्नु, नदी खोलामा हुँदै आएको ढल निकासलाई नियन्त्रण गर्नु आदि रहेका छन् ।

### ७.२.३ सोच

"सन्तुलित, सफा, स्वच्छ वातावरण र हरियाली युक्त नौगाड गाउँपालिका"

### ७.२.४ उद्देश्य

- वातावरणमैत्री जीवनशैली प्रवर्द्धन गर्नु ।
- फोहोरमैला व्यवस्थापन प्रणालीलाई सुधार गर्दै, पुनः प्रयोग र पुनः उत्पादनलाई प्राथमिकता दिनु ।
- विद्यालय, बजार तथा सार्वजनिक स्थानहरूमा फोहोर व्यवस्थापन प्रणाली स्थापना गर्नु ।
- जल, जमिन, हावा प्रदूषण न्यूनीकरणमा स्थानीय तहको भूमिका प्रभावकारी बनाउनु ।

### ७.२.५ रणनीति

- घर, आँगन, चोक, बजार क्षेत्रका फोहोरहरू व्यवस्थित तवरले सङ्कलन, प्रशोधन गर्दै सुरक्षित विसर्जन फोहोरलाई सदुपयोग गर्दै आय स्रोतको रूपमा विकास गर्ने ।
- सबै प्रकारका प्रदूषणहरू न्यूनीकरण र नियन्त्रण, हरियाली क्षेत्र विस्तार गर्दै स्वच्छ वातावरण प्रवर्द्धन गर्ने।
- फोहोरको वर्गीकरण, पुनःप्रयोग (reuse), र कम्पोस्टिङ प्रविधिको प्रयोग।
- विद्यालय र बजार क्षेत्रमा "Zero Waste" अभियान।
- स्थानीय समुदायको सहभागितामा सरसफाइ तथा सचेतना कार्यक्रम।
- वातावरणीय नीति तथा कार्यविधिको कार्यान्वयन।
- प्लास्टिक न्यूनीकरण तथा वैकल्पिक सामग्रीको प्रयोगमा प्रवर्द्धन।

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| घोषणा भएका वातावरणमैत्री टोल | संख्या | ० | १ | ० | १ | १ | २ |
| सफा चर्पीको प्रयोग गर्ने परिवार | प्रतिशत | ९९.५ | ९९.८० | ९९.८० | ९९.९० | ९९.९० | १०० |
| स्रोतमै फोहर वर्गीकरण र व्यवस्थापनको अभ्यास गर्ने घरपरिवार | प्रतिशत | १२० | १३० | १२५ | २३५ | ३४० | ५५० |
| सार्वजनिक शौचालय | संख्या | २ | २ | १८ | ३६ | ३६ | ३६ |
| कानुन अनुसार वातावरणीय अध्ययन भइ कार्यान्वयन हुन आयोजना (वार्षिक) | संख्या | ० | १ | १ | ६ | ६ | ६ |
| वातावरण तथा फोहोरमैला व्यवस्था क्षेत्रमा गाउँपालिकाको वार्षिक बजेटको अंश | प्रतिशत | ०.० | ०.१२ | ०.१० | ०.१४ | ०.१८ | ०. |

### ७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालू | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ८२/८३ | १०००००० | १०००००० | ० | ० | ० | १०००००० | ० | ० |
| ८३/८४ | ५८३९४६ | ४४९१८९ | १३४७५७ | ० | ० | ५८३९४६ | ० | ० |
| ८४/८५ | ५८४८५७ | ५३९८६८ | ४४९८९ | ० | ० | ५८४८५७ | ० | ० |

### ७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | फोहोरमैला व्यवस्थापन कार्यक्रम | वातावरणीय सरसफाइ प्रवर्द्धन गर्नु खुला दिशा तथा दुर्गन्ध रहित समुदाय विस्तार गर्नु | सालबसाली | ११६९ | गाउँ क्षेत्रमा फोहोरमैला व्यवस्थापनमा सुधार आएको हुनेछ । |
| २ | वातावरण संरक्षण कार्यक्रम | प्रदूषण न्यूनीवकरण तथा वातावरणीय स्वच्छता कायम गर्नु | सालबसाली | १००० | वातावरण संरक्षण सम्बन्धी सूचक पुरा भइ वातावरणमैत्री गाउँपालिका घोषणा हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८२/८३ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् ।

| क्र.सं. | विषयगत उपक्षेत्र/ कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन बर्को अपेक्षित उपलब्धि | आ.व. २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| १ | वातावरण संरक्षण कार्यक्रम | निजी क्षेत्रको साझेदारीमा कुहिने र नकुहिने फोहोर व्यवस्थापन सम्बन्धि जनचेतना भएको, फोहोर व्यवस्था र वातावरण संरक्षणका लागि गैर सरकारी संस्थासँग सहकार्य भएको | ३० प्रतिशत घरपरिवार ले स्रोतमै फोहोरको वर्गीकरण, पुनःप्रयोग, मल बनाउने र विसर्जन लगायत कार्यमा सहभागी भइ लाभान्वित हुने | फोहोरमैला व्यवस्थापन सम्बन्धी सचेतना तथा क्षमता विकास, फोहोरमैलाको स्रोतमा वर्गीकरण, पुनप्रयोग कम्पोष्टिङ, फोहोरमैला संकलन विन वितरण, |
| २ | फोहोरमैला व्यवस्थापन कार्यक्रम | वातावरणमैत्री स्थानीय शासनको अभ्यास थालनी भएको | वातावरणमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन हुने | प्लाष्टिक झोला विस्थापन र वैकल्पिक प्रयोग तथा प्लाष्टिक र शिशाजन्य सामाग्री प्रयोग न्यूनीकरण, जलाउने कार्य निरूत्साहन अभियान, वातावरणमैत्री स्थानीय शासन कार्यक्रम, स्थानीय आयोजनाहरूको वातावरणीय अध्ययन, वातावरण सम्बन्धी सचेतना कार्यक्रम, विद्यार्थी तथा युवा परिचालन, स्वच्छ उर्जा प्रवर्द्धन प्रदूषण नियन्त्रण सचेतना अभियान |

### ७.२.९ जोखिम पक्ष तथा पूर्वानुमान

वन तथा जैविक विविधता, जलाधार संरक्षण तथा व्यवस्थापनमा तीनै तहका सरकार, समुदाय तथा नागरिक समाजको सहकार्य साझेदारी बढोत्तरी हुनेछ । बायो इन्जिनियरिङ, वृक्षरोपण, समुदायको सहभागितालाई पूर्वाधार विकास, मर्मत सम्भार आत्मसात् गरिनेछ गरिएको हुनेछ । उल्लिखित परिस्थिति निर्माण हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन कठिन हुन सक्छ ।

## ७.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन

### ७.३.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार राज्यले प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना एवं तयारी गर्ने, उद्धार, राहत एवं पुनः स्थापना गर्ने नीति अङ्गीकार गरेको छ । अन्तर्राष्ट्रिय स्तरका मापन केन्द्रहरूबाट जलवायु परिवर्तनसम्बन्धी सूचना अद्यावधिक एवं प्रवाह गर्ने परिकल्पना १६ औं राष्ट्रिय योजनामा गरिएको छ भने उत्पादनशीलता विकासलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रूपमा लिइएको छ । विपद् पूर्व, सो पश्चात् र विपद्को समयमा स्थानीय तहले निभाउनुपर्ने, विपद् तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, अनुगमन एवं नियमन गर्ने, जोखिम बस्तीहरू पहिचान गर्ने, नक्साङ्कन गर्ने, बस्ती स्थानान्तरण गर्ने जस्ता जिम्मेवारीहरू पनि स्थानीय तहको क्षेत्राधिकारमा राखिएको छ।

### ७.३.२ समस्या तथा चुनौती

यस क्षेत्रका मुख्य समस्याहरूमा बाढी, पहिरो र भूक्षयको उच्च जोखिम रहेको, अव्यवस्थित बसोबास र वन फँडानी हुनु, जनचेतनाको अभाव, जलवायु परिवर्तनको प्रभावले अतिवृष्टि र अनावृष्टिको असहज प्रभाव, आपत्कालिन उद्धारका लागि तालिम प्राप्त स्वयंसेवक, राहत सामग्रीहरूको व्यवस्था कमी, विपद् पीडितहरूका लागि राहत, सुरक्षित वासका लागि सुरक्षित र संरक्षित क्षेत्रको अपर्याप्तता र संवेदनशील क्षेत्रको नक्साङ्कन र संरक्षण सम्बन्धी कार्यक्रमको अभाव आदि रहेका छन् भने मुख्य चुनौतीहरूमा दिगो विकास र व्यवस्थापन गर्नु, स्थानीय सहभागिता जुटाउनु, पीडितहरूलाई तत्काल उद्धार गर्नु, सङ्कटोन्मुख एवं लोपोन्मुख जैविक विविधताको संरक्षण, संवर्द्धन गर्नु आदि रहेका छन् ।

### ७.३.३ सोच

"न्यून प्राकृतिक विपद्, जलवायु परिवर्तन र विपत्ति, नौगाडका भावी पुस्ताको सुरक्षाका लागि संरक्षित प्रकृति"

### ७.३.४ उद्देश्य

- विपद् जोखिम न्यूनीकरणका लागि विपद् पूर्व सूचना प्रणाली विकास गर्नु ।
- जलवायु परिवर्तन अनुकूलनका उपायहरू अवलम्बन गर्दै क्षति न्यूनीकरण गर्नु ।
- प्रमुख प्राकृतिक विपद् (पहिरो, बाढी, डुबान, आगलागी, चट्याङ् आदि) का जोखिमहरू न्यूनीकरण गर्नु ।
- स्थानीय तहमा पूर्वसूचना प्रणाली तथा विपद् प्रतिकार्य क्षमताको सुदृढीकरण गर्नु ।
- जलवायु परिवर्तनका असरलाई सम्बोधन गर्दै लचिलो पूर्वाधार तथा अभ्यास प्रवर्द्धन गर्नु ।

### ७.३.५ रणनीति

- विपद् उत्थानशील समाजको निर्माण गर्ने,
- सरोकारवालाको समन्वय र सहकार्यमा विपद् जोखिम न्यूनीकरणलाई प्रभावकारी बनाउने,
- जलवायु परिवर्तन अनुकूलनका उपायहरू प्रवर्द्धन गर्ने,
- समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण (CBDRM) कार्यक्रम विस्तार गर्ने,
- जलवायु सहनशील कृषि, भवन र पूर्वाधार निर्माण गर्ने,
- विपद् पूर्वतयारी योजना र स्थानगत जोखिम नक्सांकन गर्ने,
- चेतना अभिवृद्धि, तालिम र अनुकुलन प्रविधिको विकास गर्ने,
- बहु–पक्षीय समन्वय र पूर्व सूचना प्रवाह प्रणालीको विकास गर्ने।

### ७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| विपद् बाट भएको मानवीय क्षति (विगत ३ वर्षको) घाइते समेत | संख्या | १० | ९ | ८ | ५ | २ | ० |
| तालिम प्राप्त स्थानीय खोज, उद्दार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | ० | ५ | ० | १० | ३० | ५० |
| विपद् बाट वार्षिक क्षति (जग्गा, बाली नाली, संरचना, पशु र अन्य | रू. करोड | १४ | १२ | १२ | १० | ८ | २ |
| सुरक्षित खुल्ला स्थान र आपत्कालिन सामूहिक आश्रय स्थल | संख्या | ४० | ४५ | ४२ | ५० | ५० | ५० |
| विपद् व्यवस्थापन कोष | रू. हजार | १४० | ४५० | ४०० | ५०० | ६०० | ७०० |

### ७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालू | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ८२/८३ | १००१०००० | ४६१०००० | ५४००००० | ० | २००००० | ८५००००० | १३१०००० | ० |
| ८३/८४ | ११२२९७२५ | ४४९१८९० | ६७३७८३५ | ० | २००३१३ | ९७१७३५८ | १३१२०५३ | ० |
| ८४/८५ | १२१४७०३० | ४४९८९०० | ७६४८१३० | ० | २००६२६ | १०६३२३०३ | १३१४१०१ | ० |

### ७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम | विपद् जोखिम न्यूनीकरण, अल्पीकरण, पूर्व तयारी र प्रतिकार्य र पूनर्लाभलाई योजनाबद्ध र प्रभावकारी बनाउनु | सालबसाली | ३००० | विपद् बाट हुने क्षतिमा १० प्रतिशतले कमी आउने । |

| क.सं | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | जलवायु परिवर्तन अनुकूलन तथा समयानुकुलन कार्यक्रम | जलवायु परिवर्तकको असर न्यूनीकरण, अनुकूलन र उत्थानशील क्षमता अभिवृद्धि गर्नु। | सालबसाली | ३०००० | जलवायु परिवर्तन अनुकूलन योजना तर्जुमा भइ लागू भएको हुने |
| ३ | विपद् प्रतिकार्य योजना निर्माण | विपद् जोखिम न्यूनीकरण गर्नु | सालबसाली | ३८७ | विपद् प्रतिकार्य योजनाका निर्माण गरी कार्यान्वयन भएको हुने |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८२/८३ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् ।

| क.सं. | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ.व.२०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| १ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम | स्थानीय सुरक्षा निकायको सहयोगमा विपद् मा उद्धार राहत तथा क्षतिपूर्ति दिँदै आएको । | स्वास्थ्य क्षेत्रको विपद् लगायत प्राकृतिक विपद् मा तत्काल उद्धार राहत क्षतिपूर्ति तथा प्रतिकार्य योजना कार्यान्वयन गरिएको हुनेछ । | स्थानीय प्रहरी परिचालन, टोल विकास समितिको क्षमता विकास र परिचालन, विपद् तथा जलवायु परिवर्तन अभिमुखीकरण, विपद् पूर्व तयारी तथा विपद् व्यवस्थापन योजना तर्जुमा, उद्धार, राहत र पुनर्लाभ |
| २ | जलवायु परिवर्तन अनुकूलन तथा समयानुकूलन कार्यक्रम | हाल ताल पोखरी संरक्षण गरिएको । रैथाने जातका फलफूल लगायत बहु वर्षीय बालीलाई प्राथमिकता दिइएको। | स्थानीय अनुकूलन योजना अनुसार वार्षिक नीति योजना कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन भएको हुनेछ। | स्थानीय अनुकूलन योजना तर्जुमा र कार्यान्वयन, टोल, संरक्षण शिक्षा तथा सचेतना, ताल, पोखरी निर्माण तथा संरक्षण, विद्यालयमा इको क्लब गठन, सचेतना तथा परिचालन |
| ३ | विपद् प्रतिकार्य योजना निर्माण | विपद् जोखिम न्यूनीकरण गर्न विपद् प्रतिकार्य बनाई, | विपद् प्रतिकार्य योजना बनाई कार्यान्वयन भएको हुनेछ । | विपद् प्रतिकार्य योजना बनाउने, विपद् प्रतिकार्य योजना कार्यान्वयन गर्न आवश्यक संयन्त्र परिचालन गर्ने, |

### ७.३.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाले विपद् जोखिम व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तयार गर्ने र उपयुक्त प्रविधि, स्रोत साधन परिचालन गरी विपद् न्यूनीकरणको लक्ष्य हासिल गर्ने अपेक्षा गरिएको छ । मानवीय कारणले हुने विपद् बढ्दो अवस्थामा रहेकोले यसको प्रतिकार्य तथा पुनर्लाभमा श्रोत तथा समयको लगानी बढाउनु पर्ने हुन्छ । भूक्षय, कटान र बाढी लगायत प्रकोपबाट जुनसुकै बेला जस्तोसुकै विपद् पर्न सक्ने जोखिम रहन्छ । यस गाउँपालिकाको प्रकोप पहिरो, जङ्गली जनावरको आतङ्क, चट्याङ, हावाहुरी, खडेरी, डढेलो, आगलागी रहेका छन्।

# परिच्छेद आठः संस्थागत विकास तथा सुशासन क्षेत्र

यस विषय क्षेत्रमा नीति, कानुन, न्याय तथा सुशासन, सङ्गठन, मानव संशोधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उपक्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएका छन् ।

## ८.१ नीति, कानुन, न्याय तथा सुशासन

### ८.१.१ पृष्ठभूमि

गाउँपालिकाको काम र कर्तव्यहरू नियन्त्रण गर्ने कानुनी ढाँचा मुख्य रूपमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा उल्लिखित छ, जुन सुशासन ऐन, २०६५ र नेपालको संविधान, २०७२ सँग सम्बन्धित छ । सुशासन, जवाफदेहिता, पारदर्शिता र तल्लो तहमा प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्ने लक्ष्य राख्दै स्थानीय शासनका लागि बृहत् संरचना सहित अधिकार विकेन्द्रित गरिएको छ । गाउँपालिकाहरू भित्रको न्यायिक प्रणालीलाई स्थानीय विवाद समाधान गर्न सहज बनाउन संरचनागत व्यवस्था गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाहरूले सार्वजनिक अभिलेख, स्थानीय विकास योजना, पूर्वाधार विकास (जस्तैः सडक र पुलहरू), र स्थानीय स्रोतहरू व्यवस्थापन गर्न जिम्मेवारी पाएका छन् । तिनिहरू शिक्षा, स्वास्थ्य, खानेपानी आपूर्ति, सरसफाइ, र कृषि सेवा जस्ता आधारभूत सेवाहरूको निरीक्षण गर्ने, स्थानीय कानुनहरू लागू गर्ने, भूमि प्रयोगको व्यवस्थापन, वातावरण संरक्षण, र स्थानीय बजारहरूको निरीक्षण गर्ने कामको पनि जिम्मेवारी पाएका छन् । त्यसैगरी उनीहरूलाई स्थानीय स्रोतहरू जस्तै सम्पत्ति कर, व्यापार इजाजतपत्र, र सेवा शुल्कहरूबाट कर, शुल्क सङ्कलन गर्ने जिम्मेवारी छ र यसैको आधारमा वार्षिक बजेट तयार गरी विवेकपूर्ण वित्तीय व्यवस्थापन गर्ने र खर्चमा पारदर्शिता अपनाउने मापदण्ड समेत तोकिएको छ ।

कानुनतः निर्णय प्रक्रियामा सार्वजनिक सहभागिता सुनिश्चित गर्ने, नियमित सार्वजनिक सुनुवाइ गर्ने र सीमान्तकृत समुदायहरूको समावेशीतालाई बढवा दिने साथै स्थानीय तहमा पारदर्शिता, जवाफदेहिता र जनसहभागिता सुनिश्चित गर्दै सुशासनका अभ्यासहरूलाई प्रवर्द्धन गर्न, ग्रामीण जनसङ्ख्याका लागि सार्वजनिक सेवाहरूको गुणस्तर र पहुँच सुधार गर्न र समयमै न्याय प्रदान गर्न जस्ता विषयहरू गाउँपालिकाका अधिकार र कर्तव्यहरू हुन् । यी कार्यहरू गर्दा गाउँपालिकाहरूले कानुन बनाएर कानुन बमोजिम गर्नुपर्ने हुन्छ ।

### ८.१.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा सुशासन र कानुनी क्षेत्रका मुख्य समस्याहरूमा हाल सम्म आवश्यक कानून नबन्नु, सुशासन ऐनका प्रावधानहरू पूर्ण रूपमा कार्यान्वयन गर्न र न्यायिक गतिविधिहरूलाई पूरा गर्न अपर्याप्त कोष र स्रोतहरू, प्रशासनिक र न्यायिक कार्यहरू प्रभावकारी रूपमा व्यवस्थित गर्न प्रशिक्षित र दक्ष जनशक्तिको अभाव, आधुनिक प्रविधिमा सीमित पहुँच, कुशल रेकर्ड राख्ने, सञ्चार र सेवा प्रावधानमा बाधा, स्थानीय अधिकारीहरूलाई सुशासन, कानुनी प्रक्रिया र सार्वजनिक प्रशासनमा अपर्याप्त प्रशिक्षण को अभाव, स्थानीय जनतामा उनीहरूको अधिकार र स्थानीय शासन र न्यायिक प्रणालीको कार्यप्रणालीको बारेमा चेतनाको न्यून स्तर र स्थानीय राजनीतिक गतिशीलताले शासन र न्यायिक प्रक्रियाको निष्पक्षता र प्रभावकारितामा हस्तक्षेप गर्न सक्ने आदि पहिचान गरिएको छ भने मुख्य चुनौतीहरूमा सबै कानुनहरू तर्जुमा गर्नु, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न सक्रिय जनसहभागिता र निरीक्षणलाई प्रोत्साहित गर्नु, न्यायिक समितिहरूले प्रभावकारी, निष्पक्ष र स्वतन्त्र रूपमा काम गर्ने सुनिश्चित गर्नु र स्थानीय अधिकारीहरू र न्यायिक समितिका सदस्यहरूका लागि निरन्तर क्षमता अभिवृद्धि कार्यक्रमहरू कार्यान्वयन गर्नु आदि रहेका छन् ।

### ८.१.३ सोच

"सुशासन र पारदर्शीमुखी स्थानीय सरकारः समृद्ध नौगाड गाउँपालिकाको आधार"

### ८.१.४ उद्देश्य

- समयमै र पारदर्शी सेवाहरू प्रदान गर्न प्रशासनिक प्रक्रिया र स्रोत व्यवस्थापन सुधार गर्नु ।
- पहुँचयोग्य र प्रभावकारी विवाद समाधान प्रदान गर्न न्यायिक समितिहरूको क्षमता विकास र अभिवृद्धि गर्नु।
- स्थानीय स्तरमा प्रभावकारी नीतिगत संरचना र कानुनी दस्तावेजको विकास र कार्यान्वयन गर्नु ।
- सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र नागरिक सशक्तिकरण सुनिश्चित गर्नु ।
- स्थानीय न्याय प्रणाली (मुद्दा समाधान समिति, मेलमिलाप, मध्यस्थता) को प्रभावकारिता वृद्धि गर्नु।
- सुशासनका आधारमा सबै वर्ग समुदायको सहभागिता सुनिश्चित गर्नु ।

### ८.१.५ रणनीति

- प्रशासनिक दक्षता र पारदर्शिता अभिवृद्धि गर्न बृहत् तालिम कार्यक्रम सञ्चालन गर्ने ।
- डिजिटल शासन सुदृढ गर्दै प्रशासनिक दक्षता र पारदर्शिता अभिवृद्धि गर्ने ।
- स्थानीय न्यायिक संयन्त्रलाई सुदृढ गर्ने ।
- कार्यविधि, निर्देशिका र नीति निर्माण तथा अद्यावधिक गर्ने ।
- सार्वजनिक सेवा प्रवाहमा अनुगमन, सामाजिक लेखा परीक्षण र सार्वजनिक सुनुवाइको प्रवर्द्धन गर्ने ।
- न्यायिक समिति र स्थानीय मेलमिलाप संयन्त्र सशक्त बनाउने ।
- सुशासन सम्बन्धी जनचेतना र तालिम कार्यक्रमहरू सञ्चालन गर्ने ।
- खुला सरकार, पहुँचयोग्य सूचना तथा भ्रष्टाचार नियन्त्रण प्रणाली विकास गर्ने ।

### ८.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| नीति, कानुन, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ४५ | ६० | ५० | ६५ | ७० | ८० |
| नीति, कानुन र कार्यविधि तथा मापदण्ड र निर्देशिका | संख्या | २६ | ६० | ५१ | ७० | ८० | ९० |
| नीति | संख्या | ४ | ५ | ५ | ६ | ८ | १० |
| ऐन | संख्या | १० | १२ | १२ | १४ | १६ | १८ |
| नियम र विनियम | संख्या | २ | २ | २ | ४ | ६ | ८ |
| क्रियाशिल नीतिगत समिति र संयन्त्र | संख्या | ८ | १० | ८ | १० | १२ | १४ |

### ८.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालू | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ८२/८३ | ८९९०००० | ८९९०००० | ० | ० | ० | ८६६५५०० | ३२४५०० | ० |
| ८३/८४ | ८९८३७८० | ८९८३७८० | ० | ० | ० | ८६५८७७१ | ३२५००९ | ० |
| ८४/८५ | ८९९७८०० | ८९९७८०० | ० | ० | ० | ८६७२२८४ | ३२५५१६ | ० |

### ८.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | न्यायिक सेवा कार्यक्रम | न्यायिक सेवा प्रवाह तथा कार्य सम्पादन क्षमता विकास गरी छरितो न्यायिक सेवा प्रदान गर्नु | सालबसाली | ६९७२ | न्यायिक सेवा प्रवाहमा सुधार आएको हुनेछ । |
| २. | नीति कानुन सु-शासन तथा न्याय प्रवर्द्धन सालबसाली कार्यक्रम | स्थानीय शासन, सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु | सालबसाली | २०००० | नीति, कानुन तथा कार्यविधि तर्जुमा तथा कार्यान्वयनमा थप ३० प्रतिशतले वृद्धि हुनेछ । |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८२/८३ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् ।

| क्र.सं. | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आव २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| १ | न्यायिक सेवा कार्यक्रम | गाउँपालिकामा न्यायिक सेवा अन्तर्गत ५५ उजुरी परेकोमा नियमानुसार मेलमिलाप हुँदै आएको छ। उजुरी प्रशासन शाखा क्रियाशिल रहेको । | गाउँपालिकाबाट सम्पादन हुने न्यायिक सेवा अन्तर्गत मेलमिलाप सेवामा थप प्रभावकारी भएको हुनेछ। | मेलमिलापकर्ता सूचीकरण मेलमिलाप तथा मध्यस्थता सूचीकृत मेलमिलाप कर्ताहरूका लागि ४८ घन्टे तालिम कार्यक्रम हुनेछ । |
| २ | नीति, कानुन, सुशासन तथा न्याय प्रवर्धन कार्यक्रम | ५ वटा ऐन सहित ५६ कानुन पास भएको । | कानुनी दस्तावेजहरू राजपत्रमा प्रकाशन भई जारी भएका कानुनहरू बारे छलफल प्रशिक्षण तथा सार्वजनिक भएको हुने । | कानुनी दस्तावेजहरू राजपत्रमा प्रकाशन गर्ने जारी भएका कानुनहरू बारे छलफल प्रशिक्षण कानुनको सार्वजनिक गर्ने। |

### ८.१.९ जोखिम पक्ष तथा पूर्वानुमान

स्थानीय नीति र कानुन तर्जुमा, न्यायिक समिति तथा मेलमिलाप केन्द्रको माध्यमबाट साना विवादहरू सजिलै छोटो समयमा कम खर्चिलो तरिकाबाट समाधान हुन सक्ने हुन्छ । दक्ष जनशक्तिको कमीका कारण तर्जुमा गरिएका नीति कानुनको प्रभावकारी कार्यान्वयन नहुन सक्छ । न्यायिक समितिको कार्य बोझ र विवादको जटिलताको कारण समयमा मेलमिलाप वा निरूपणबाट विवाद समाधान नहुने जोखिम रहन सक्छ ।

## ८.२ संगठन, मानव संशाधन र सेवा प्रवाह

### ८.२.१ पृष्ठभूमि

गाउँपालिकाको विकास र समृद्धिका लागि पर्याप्त र दक्ष जनशक्ति महत्वपूर्ण विषय हो । यस सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐनले स्पष्ट प्रावधान उल्लेख गरेको छ । गाउँपालिकाले मानव संसाधन र संस्थागत विकाससँग सम्बन्धित मुख्य समस्याहरू, मुख्य चुनौतीहरू, सम्भावना र अवसरहरू माथि परिच्छेद ८ मा उल्लेख गरिसकिएको छ । यस गाउँपालिकाको समुचित मानव संसाधन व्यवस्थापनका साथै संस्थागत विकासका लागि निम्नानुसार कार्यनीतिका साथ तपसिल बमोजिम कार्यक्रम खाका तय गरिएको छ । गाउँपालिकाको संस्थागत व्यवस्था तथा मानव स्रोतका लागि निम्नानुसार रणनीतिहरू अवलम्बन गरिने छ ।जनशक्ति व्यवस्थापन र संस्थागत विकासका लागि यस आवधिक योजना अवधिमा आवश्यक पर्ने कोष र कार्यक्रमहरूको समेत प्रक्षपण गरिएको छ । गाउँपालिकाको समग्र व्यवस्थापनको स्पष्ट साङ्गठानिक संरचना निर्माण गरी जनशक्ति व्यवस्थापन गर्ने, नीति नियमहरूको तर्जुमा गर्ने, कार्य विवरणको परिपालना गर्ने जस्ता विषयहरूको प्रभावकारी परिपालना गरिने छ । करार कर्मचारी छनोट तथा पदपूर्ति कार्यविधिको पुर्ण पालना गरिने छ ।सङ्गठन तथा व्यवस्थापन सर्भे गरी संस्थागत व्यवस्थापनको परिष्कृत र अझ व्यवस्थित आधार स्थापित गरिने छ। कर्मचारी बीच प्रभावकारी समन्वय र सहकार्यको संस्कृति विकास गरिने छ। गाउँपालिका अन्तर्गतका विभाग, शाखा तथा निकायहरूमा प्रविधिमैत्री सेवा प्रवाहको संयन्त्र निर्माण गरिने छ । गाउँपालिका प्रभावकारी घरदैलो सेवा प्रवाह कार्यक्रम लागू गरिने छ ।

### ८.२.२ समस्या तथा चुनौती

व्यवस्थित संस्थागत संरचनाको विकास र संरचना अनुसार कर्मचारीको व्यवस्था हुन नसक्दा गाउँपालिकाको संस्थागत विकासमा अवरोध सिर्जना भएको देखिन्छ । संस्थागत विकास तथा व्यवस्थापन योजना नबन्दा प्रभावकारी सार्वजनिक सेवा प्रभाव हुन सकेको छैन । गाउँपालिकामा दरबन्दी अनुसार कर्मचारी पदपूर्ति नहुँदा सेवा प्रवाहलाई चुस्त, दुरुस्त बनाउन सकिएको छैन । कर्मचारीको क्षमता अभिवृद्धिका लागि तालिम, अनुशिक्षण, प्रशिक्षणको कमी हुँदा गाउँपालिकाले गुणस्तरीय सेवा प्रवाह गर्न असमर्थ रहेको जस्ता थुप्रै समस्याहरू रहेका छन् । गाउँपालिका समक्ष नतिजामा आधारित कर्मचारी प्रशासनलाई पूर्वरूपमा कार्यान्वयनमा ल्याउनु, संस्थागत संरचनालाई प्रभावकारी एवं स्वचालित बनाउनु र सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, छिटोछरितो, न्यून लागत बनाउनु जस्ता आदि चुनौतीहरू रहेका छन् ।

### ८.२.३ सोच

"प्रशासनमा व्यावसायिकता र प्रतिबद्धता: प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता"

### ८.२.४ उद्देश्य

- स्पष्ट संस्थागत ढाँचाको निर्माण गरी समुचित रूपमा दक्ष कर्मचारी परिचालन गर्नु ।
- कर्मचारीको क्षमता विकासलाई प्राथमिकतामा राखि दक्ष कर्मचारी परिचालन सुनिश्चित गर्नु ।

### ८.२.५ रणनीति

- गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भे गरी प्राप्त नतिजा अनुसार कर्मचारी व्यवस्थापन गर्ने,
- संगठनात्मक संरचनालाई प्रभावकारी रूपमा क्रियाशिल बनाउने,
- गाउँपालिकाको संस्थागत व्यवस्थालाई गुणस्तरीय एवं प्रभावकारी बनाउने ।

### ८.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| गाउँपालिकामा कार्यरत मानव संशाधन | संख्या | ४५० | ४६० | २०० | २२४ | २२४ | २३६ |
| गाउँपालिकामा कार्यरत प्राविधिक जनशक्ति | संख्या | ९६ | १०० | ९६ | ११२ | ११२ | ११४ |
| मासिक रूपमा वडाको आम्दानी र खर्च सार्वजनिक गर्ने वडाहरू | संख्या | ६ | ६ | ६ | ६ | ६ | ६ |
| संस्थागत स्वमूल्यांकनको प्राप्तांक प्रतिशत | प्रतिशत | ९१.२५ | ९० | ८३ | ८५ | ८८ | ९० |
| FRA प्राप्तांक प्रतिशत | प्रतिशत | ९१ | ९१ | ९१ | ९५ | ९६ | ९८ |
| कार्यसम्पादन सूचक प्राप्ताङ्क | प्रतिशत | ६५ | ७५ | ७१ | ८० | ९० | ९५ |

### ८.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालू | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ८२/८३ | ५८५३५००० | ५३०३५००० | ५५०००००० | ० | २४२२००० | ५४८८३००० | १२३०००० | ० |
| ८३/८४ | ५२६४४९५१ | ४७१६४८४५ | ५४८०१०६ | ० | २८४५७९३ | ४८५५५४६२ | १२४३६९६ | ० |
| ८४/८५ | ४८१३८२३० | ४२७३९५५० | ५३९८६८० | ० | २९६४७८९ | ४३९३०९१७ | १२४२५२४ | ० |

### ८.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | स्थानीय सेवा, संगठन, मानव संशाधन र कार्यसम्पादनमा अभिवृद्धि गर्नु | सालबसाली | १५९३१८ | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू भई सेवा प्रवाहको स्तरमा ५० प्रतिशतले सुधार हुनेछ । |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८२/८३ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् ।

| क्र.सं. | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | गाउँपालिकाको संगठन तथा प्रशासन सर्वेक्षण गरिएको छ । क्षमता विकास योजना निर्माण भई कार्यान्वयनमा आएको छ । | स्थायी दरवन्दी वृद्धि भई गाउँपालिकाका सबै शाखा तथा सबै वडा कार्यालयमा कर्मचारीको दरवन्दी पूर्ति भएको हुनेछ । | सेवाग्राही सन्तुष्टि सर्वेक्षण, नागरिक सर्वेक्षण, सामाजिक परीक्षण, नागरिक बडापत्र जडान । क्षमता विकास तालिम । |

## ८.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

गाउँपालिकाले प्रदेश, संघ तथा सरोकारवालाहरूको सहकार्यमा स्थानीय नीति, कानुन, योजना तर्जुमा, दक्ष मानव संशाधनको सीप र दक्षतामा अभिवृद्धि गरी अपेक्षित नतिजा हासिल हुन सक्नेछ । स्थानीय सरकारमा वृत्ति तथा क्षमता विकास र उत्प्रेरणाको कमीका कारण कर्मचारीको कार्यसम्पादनबाट अपेक्षित नतिजा आउन नसक्ने पनि जोखिम रहन सक्छ ।

## ८.३ राजस्व तथा स्रोत परिचालन

### ८.३.१ पृष्ठभूमि

राजस्वको श्रोतका रूपमा संघीय तथा प्रदेश सरकारको अनुदान र राजस्व बाँडफाँटको रकम नै मुख्य रूपमा रहेको छ । गाउँपालिकाको आन्तरिक राजस्वको दर तथा दायरा वृद्धिका लागि गाउँपालिका निरन्तर रूपमा क्रियाशिल रहेको छ । गाउँपालिकाको वित्तीय स्रोत बढ्दै गएको र संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोग पनि क्रमशः बढ्दै गएको भएता पनि यस चालू आर्थिक वर्षमा घटने सङ्केत देखिएको छ । राजस्व परामर्श समितिको बैठकबाट हरेक वर्ष पुष मसान्त भित्रमा आगामी वर्ष राजस्व प्रक्षेपण गर्नुपर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

### ८.३.२ समस्या तथा चुनौती

गाउँपालिकाको राजस्व सङ्कलनको सम्भावना प्रचुर रहेता पनि राजस्व असुली प्रक्रियालाई सेवा सँग जोड्न नसक्नु, राजस्व सुधार योजना अद्यावधिक हुन नसक्नु प्रमुख समस्या हुन् । नीतिगत व्यवस्था र कर्मचारीको कमीले गर्दा सम्भावनाको अधिकतम राजस्व सङ्कलन लक्ष्य प्राप्त गर्न समस्या देखिएको छ । राजस्व लक्ष्य प्राप्त गर्न गर्नुपर्ने अभियान तथा प्रचार प्रसारका कार्यहरू निरन्तरता दिनुपर्ने भएको छ

### ८.३.३ सोच

"स्वावलम्बनको लागि गाउँपालिकाको आधार: स्थानीय आन्तरिक स्रोतमा सुधार"

### ८.३.४ उद्देश्य

- राजत्वका नयाँ स्रोतको खोजी गरी राजस्वको आधार फराकिलो तुल्याउनु ।
- राजस्वको दायरा फराकिलो बनाई कर प्रशासनलाई न्यायोचित बनाउनु ।
- राजस्व प्रशासनलाई सूचना प्रविधिमा आधारित बनाई प्रभावकारी तुल्याउनु ।

### ८.३.५ रणनीति

- राजस्व सुधार कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- सेवा प्रवाहलाई राजस्व परिचालनसँग आबद्धता गर्ने ।
- करका दरलाई प्रगतिशील बनाउने ।
- कर प्रशासनमा दण्ड र पुरस्कारको नीति अवलम्बन गर्ने ।
- राजस्व प्रशासनमा सूचना प्रविधिको प्रयोग गर्ने ।
- कर प्रशासनलाई सेवाग्राही मैत्री बनाई सहज पहुँच अभिवृद्धि गर्ने ।

### ८.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| प्रतिव्यक्ति वार्षिक बजेट लगानी | रु. हजार | २६ | २६.८ | २६.८ | २८.८८ | २९ | ३० |
| वार्षिक आन्तरिक आय रकम | रु. लाखमा | ३५।८९ | ५० | ४८ | ५० | ५५ | ६० |

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| कुल वार्षिक बजेट | रु. लाखमा | ४१६३ | ४१७४.५८ | ३८४८.५० | ४४८४.८६ | ४४९१ | ४४९८ |
| बेरुजू रकम | रु. लाखमा | ६६ | ४५ | ० | ३० | २५ | २० |

### ८.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालू | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | ७००००० | ७०००००  | ० | ० | ४००००० | ० | ३००००० | ० |
| २०८३/८४ | १३४७५६७ | ६७३७८४ | ६७३७८४ | ० | ४००६२७ | ६४६४७० | ३००४७० | ० |
| २०८४/८५ | ११२४७२५ | ६७४८३५ | ४४९८९० | ० | ४०१२५२ | ४२२५३४ | ३००९३९ | ० |

### ८.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | राजस्व सूचना व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम | आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु र | सालबसाली | ३१७२ | सबै मातहतका कार्यालयहरूमा अनलाइन प्रणाली लागू भई आन्तरिक आय वार्षिक रूपमा ५ प्रतिशतले वृद्धि हुनेछ । |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८२/८३ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् ।

| क्र.सं. | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ.व. २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| १. | राजस्व सूचना व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम | सबै गाउँपालिकाका अधिकांश कार्यालय र सबै वडाबाट अनलाइन सेवा प्रवाह सुचारु भएको | अनलाइन प्रणाली लागू भई आन्तरिक राजस्वमा वार्षिक रूपमा २ प्रतिशतले वृद्धि हुनेछ । | अनलाइन राजस्व भुक्तानी प्रणाली, राजस्व सुधारका लागि नागरिक सचेतना कार्यक्रम इन्टरनेट सेवा सुदृढ गर्ने। |

### ८.३.९ जोखिम पक्ष तथा पूर्वानुमान

प्रचलित कानुन तथा स्थानीय आवश्यकताको आधारमा आन्तरिक तथा बाह्य पर्यटन एवम् पर्वतारोही र यससँग सम्बन्धित व्यवसाय र व्यवसायीलाई करको दायरामा ल्याउने तथा करको दर र दायरा तय गरी राजस्व सङ्कलन वृद्धि गर्न सकिने सम्भावना रहेको छ । स्थानीय बासिन्दामा कर तथा शुल्क बाध्यात्मक अवस्थामा बाहेक अरू बेला सालबसाली रूपमा मात्र तिर्ने बानी भएको र पर्यटक र पर्वतारोहीको सङ्ख्या अस्थिर रहने भएकोले लक्ष्य अनुसारको राजस्व सङ्कलन गर्न नसकिने जोखिम रहन सक्छ ।

## ८.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन

### ८.४.१ पृष्ठभूमि

गाउँपालिकाको सडक गुरुयोजना खानेपानी सरसफाइ गुरुयोजना तयार भएको र आगामी दिनमा आवधिक योजना, पर्यटन गुरुयोजना लगायतका रणनीतिक दस्तावेज तयारी गर्नु पर्ने देखिएको छ । कुनै पनि विकास योजनालाई सफल रूपमा कार्यान्वयन गर्न वस्तुनिष्ठ सूचनाको अनिवार्यता हुन्छ । गाउँपालिकामा गरिने हरेक किसिमका क्रियाकलापहरू र समग्र वस्तुस्थितिलाई कतिपय अवस्थामा परिमाणमा प्रतिबिम्बित गर्न मिल्दछ । तसर्थ हरेक क्रियाकलापलाई परिमाणमा देखाउँदा विकास र समृद्धिको मापन गर्न सहज हुनुका साथै यथार्थमा गाउँपालिकाको स्थितिबारे थाहा पाउन सकिन्छ । यसका लागि हरेक सूचनालाई अद्यावधिक गर्ने, सूचना तथा तथ्याङ्क प्रणालीको आवश्यकता रहन्छ । अर्को तर्फ राजस्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थापन नियमित र वैज्ञानिक नहुँदा राज्यको श्रोत र साधनको दुरुपयोग हुन सक्ने जोखिम रहन्छ ।

### ८.४.२ समस्या तथा चुनौती

अद्यावधिक तथ्याङ्कको कमी, योजनाबद्ध अनुभवको कमी, दक्ष जनशक्तिको कमी, कमजोर संस्थागत पूर्वाधार, अन्तर सरकार र अन्तर निकाय बीच समन्वयको कमी आदि यस क्षेत्रका प्रमुख समस्या हुन । तथ्यमा आधारित योजना तर्जुमा र कार्यान्वयन गर्नु, आवधिक योजना र वार्षिक योजना बीच तादाम्यता कायम गर्नु, नतिजामुखी योजना तर्जुमा गर्नु, योजनाको कार्यान्वयन क्षमता बढाउनु, संस्थागत क्षमताको विकास गर्नु, निजी क्षेत्रको लगानी आकर्षित गर्नु, विकासमा सबै लिङ्ग, वर्ग र समुदायको समतामूलक पहुँच स्थापित गर्नु, वाल, महिला, अपाङ्गता एवम् वातावरण मैत्री विकास गर्नु, श्रोतको समुचित व्यवस्थापन गर्नु आदि प्रमुख चुनौती हुन ।

### ८.४.३ सोच

"वस्तुनिष्ठ सूचना र तथ्याङ्कको उपलब्धता: परिणाममूलक योजना तर्जुमाको सुनिश्चितता"

### ८.४.४ उद्देश्य

- योजना तर्जुमा पद्धतिलाई परिणाममूलक बनाउनु ।
- उपलब्ध स्रोत साधनको प्रभावकारी परिचालन गर्नु ।
- पालिकास्तरीय र वडा स्तरीय योजनाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।
- योजनाहरूलाई निश्चित समय सिमा भित्र सम्पन्न गर्ने वातावरण बनाउनु

### ८.४.५ रणनीति

- सुदृढ सूचना अभिलेख प्रणालीको विकास गर्ने,
- प्रमाणमा आधारित तथा नतिजामुखी योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने,
- पालिकास्तरमा गठन भएको अनुगमन समितिको प्रभावकारी परिचालन गर्ने ।
- विकास गतिविधिलाई दिगो रूपमा सञ्चालन गर्न संस्थागत व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्ने ।

### ८.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| तर्जुमा भएका दीर्घकालीन, मध्यमकालीन रणनीतिक तथा गुरुयोजना योजना | विषय | २ | २ | २ | ३ | ३ | ४ |

| सूचक | एकाइ | ०८०/८१ सम्मको वास्तविक उपलब्धि | चालू आ.व.को लक्ष्य | ०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| गाउँपालिकामा क्रियाशिल र साझेदार गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | ३ | ४ | ४ | ६ | ८ | १० |
| सबै तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास | प्रतिशत | ३३ | ३२ | ३१ | ३४ | ३६ | ३८ |
| समयमा सम्पन्न आयोजना तथा कार्यक्रम | प्रतिशत | ९५ | ९६ | ९५ | ९८ | ९९ | ९९.८० |

### ८.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालू | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ८२/८३ | ५३६०००० | ५३६०००० | ० | ० | ३३६००० | ५०२४००० | ० | ० |
| ८३/८४ | ६०६४०५२ | ६०६४०५२ | ० | ० | ३३६५२६ | ५७२७५२६ | ० | ० |
| ८४/८५ | ५६२३६२५ | ५६२३६२५ | ० | ० | ३३७०५२ | ५२८६५७३ | ० | ० |

### ८.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरू समाप्ति) | कुल लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन कार्यक्रम | गाउँपालिकाको योजना तथा विकास प्रक्रियालाई तथ्यमा आधारित, समावेशी, सहभागितामूलक तथा नतिजामूलक बनाउनु, | सालबसाली | १७०४८ | आवधिक योजना, विषय क्षेत्रगत गुरूयोजना, आयोजना बैङ्क, मध्यमकालीन खर्च संरचना तर्जमा तथा अद्यावधिक हुने र सो बमोजिम मध्यमकालीन खर्च संरचना तथा वार्षिक नीति कार्यक्रम तथा बजेट तर्जुमा हुनेछ । |

उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि सूचक र आ.व. २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेका छन् ।

| क्र.सं. | विषयगत उपक्षेत्र /कार्यक्रम/आयोजना | हालको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ व २०८१/८२ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| १ | तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन कार्यक्रम | आवधिक योजना, विषय क्षेत्रगत गुरूयोजना, आयोजना बैङ्क, मध्यमकालीन खर्च संरचना तर्जमा तथा अद्यावधिक हुने र सो बमोजिम मध्यमकालीन खर्च संरचना तथा वार्षिक नीति कार्यक्रम तथा बजेट तर्जुमा हुनेछ। | आवधिक योजना, वस्तुस्थिति विश्लेषण विवरण, वार्षिक नीति तथा कार्यक्रम तर्जुमा भइ कार्यान्वयन भइरहेको | आवधिक योजना, वस्तुस्थिति विश्लेषण विवरण, वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गाउँ पाश्वचित्र निर्माण भइ कार्यान्वयन |

### ८.४.९ जोखिम पक्ष तथा पूर्वानुमान

गाउँपालिकाले संघ तथा प्रदेशसँगको समन्वय र सहकार्यमा तथ्याङ्क व्यवस्थापन, दीर्घकालीन तथा अल्पकालीन योजना, नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्नेछ । संघ तथा प्रदेश सम्बन्धित निकायहरूबाट स्थानीय तहको अधिकार क्षेत्रका विषयमा तथ्याङ्क व्यवस्थापन, दीर्घकालीन तथा मध्यमकालीन योजना, वार्षिक नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन नीतिगत, क्षमता विकार र प्राविधिक सहयोग उपलब्ध हुनेछ । सो अनुसार सङ्घ तथा प्रदेशबाट सहयोग र सहजीकरण उपलब्ध नभएमा स्थानीय विकासलाई नतिजामूलक र प्रभावकारी नहुने जोखिम हुन सक्दछ ।

## अनुसूची १:
## मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी गाउँपालिकामा गठित कार्यदल

| क्र.सं. | समितिका पदाधिकारी | कार्यालय/शाखा | कार्यदल जिम्मेवारी |
|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | नौगाड गाउँ कार्यपालिकाको कार्यालय | सँयोजक |
| २. | शाखा प्रमुख | स्वास्थ्य सेवा तथा पोषण शाखा | सदस्य |
| ३. | सूचना प्रविधि अधिकृत | सूचना प्रविधि शाखा | सदस्य |
| ४. | शाखा प्रमुख | खानेपानी, सरसफाइ तथा स्वच्छता इकाइ | सदस्य |
| ५. | आर्थिक प्रशासन शाखा प्रमुख | आर्थिक प्रशासन शाखा | सदस्य |
| ६. | प्रशासन शाखा प्रमुख | प्रशासन शाखा | सदस्य |
| ७. | शाखा प्रमुख | रोजगार सेवा केन्द्र | सदस्य |
| ८. | शाखा प्रमुख | कृषि विकास शाखा | सदस्य |
| ९. | शाखा प्रमुख | उद्योग तथा व्यवसाय प्रवर्द्धन शाखा | सदस्य |
| १०. | पूर्वाधार विकास शाखा प्रमुख | भौतिक पूर्वाधार शाखा | सदस्य |
| ११. | शाखा प्रमुख | पशु सेवा शाखा | सदस्य |
| १२. | शाखा प्रमुख | महिला बालबालिका तथा लै.स. शाखा | सदस्य |
| १३. | शाखा प्रमुख | सामाजिक सुरक्षा तथा पञ्जिकरण ईकाई | सदस्य |
| १४. | शाखा प्रमुख | विपद् व्यवस्थापन शाखा | सदस्य |
| १५. | शाखा प्रमुख | शिक्षा युवा तथा खेलकूद शाखा | सदस्य |
| १६. | शाखा प्रमुख | कानुन मामिला तथा न्यायिक समिति | सदस्य |
| १७. | शाखा प्रमुख | वन वातावरण संरक्षण शाखा | सदस्य |
| १८. | राजस्व शाखा प्रमुख | राजस्व शाखा | सदस्य |
| १९. | योजना तथा अनुगमन शाखा प्रमुख | योजना तथा अनुगमन शाखा | सदस्य सचिव |

## अनुसूची २:

## मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट सीमा निर्धारण र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन, २०८२

### पृष्ठभूमि

नेपालको संविधानले परिकल्पनाको गरेको सङ्घीय लोकतान्त्रिक शासन व्यवस्था अन्तर्गत स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिले नीति, कानुन निर्माण एवम् व्यवस्थापकीय क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गर्दै पहिलो कार्यकाल पुरा गरी दोस्रो कार्यकालमा सेवा प्रवाह, विकास उपलब्धि र सुशासनमा तीव्रता प्रदान गर्न प्रयासरत छन् । राजनीतिक संक्रमण अन्त्यको सँघारमा वर्तमान अवस्था स्थानीय शासन सञ्चालन, सेवा प्रवाह र विकास उपलब्धि हासिल गर्ने गति तीव्र बनाउँदै जन अपेक्षालाई सम्बोधनका लागि अनुकूल वातावरण बन्दै गएको छ । संविधानले परिकल्पना अनुसार तीनै वटा तह बीचको सहकारीता, समन्वय र सहअस्तित्वको मर्मलाई आत्मसात् गर्ने प्रयास भइरहेको छ । स्थानीय सरकारले अन्तर सरकार, निजी क्षेत्र, सहकारी र समुदाय तथा नागरिक बीचको साझेदारी र सहकार्यलाई प्रभावकारी बनाउँदै लगेका छन् ।

यस सन्दर्भमा स्थानीय सरकारले जनताको सबैभन्दा नजिकको सरकारका रूपमा नागरिकको जीवनस्तरमा गुणस्तरीय परिवर्तनको वस्तुपरक मार्ग चित्र तयार गर्नु जरुरी देखिन्छ । संवैधानिक, नीतिगत तथा कानुनी व्यवस्था बमोजिम स्थानीय सरकारले स्थानीय धरातलीय विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहना प्रतिबिम्बित हुने आफ्ना प्रयास अगाडि बढाउनु पर्ने देखिन्छ । स्थानीय आवश्यकताको सम्बोधन गर्दै जन अपेक्षा बमोजिम राजनीतिक, सामाजिक, सांस्कृतिक तथा प्राविधिक परिस्थितिले सिर्जना गरेको अवसरहरूको पूर्ण सदुपयोग हुने गरी नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमालाई योजनाबद्ध, व्यवस्थित र नतिजामूलक बनाउन आवश्यक छ । स्थानीय सरकारले विकास प्रक्रियालाई निदृष्ट गन्तव्यतर्फ उन्मुख गराई अपेक्षित उपलब्धि हासिल गर्न नागरिक तथा सरोकारवाला समेतको सहभागितामा सहभागितामूलक तथा समावेशी विकासको अवधारणा बमोजिम नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रिया अवलम्बन गर्न आवश्यक हुन्छ । नीति तथा दीर्घकालीन, आवधिक र विषयगत रणनीतिक/गुरूयोजनाले दिशानिर्देश गरेअनुसारको सोच, लक्ष्य, उद्देश्य र प्राथमिकताको आधारमा वार्षिक नीति कार्यक्रम तथा बजेट तर्जुमा गरी स्थानीय समस्याको सम्बोधन गर्ने, जनताको मनोभावना बुझ्ने र चाहना सम्बोधन गर्ने गर्नु पर्दछ। नीति, योजना तथा कार्यक्रमले उपलब्ध हुन सक्ने सम्भाव्य श्रोत साधन परिचालन गरी अनुमानित र विनियोजन बजेट बीचको खाडलको पूर्तिलाई सुनिश्चित गर्न सक्नु पर्दछ ।

नेपालको संविधान तथा कानुन प्रदत्त अधिकार बमोजिम स्थानीय सरकारलाई योजना तर्जुमा तथा कार्यान्वयनको महत्वपूर्ण जिम्मेवारी रहेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (२१) को उपदफा (३) बमोजिम गाउँ कार्यपालिकाले प्रत्येक वर्षको असार १० गते भित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित स्थानीय सभामा पेश गर्नु पर्ने व्यवस्था गरेको छ । यसैगरी ऐनले राजस्व र व्ययको अनुमान नेपाल सरकारले तोकेको मापदण्ड अनुसार हुनुपर्ने व्यवस्था गरेको छ । यसै गरी ऐनको दफा १६ को उपदफा (१) ले स्थानीय तहले आफ्नो कार्य क्षेत्रभित्रका विषयमा सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने पनि व्यवस्था गरेको छ ।

यस मार्गदर्शनको उद्देश्य स्थानीय शासन सञ्चालन ऐन २०७४ स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन अनुसार मध्यमकालीन खर्च तथा वार्षिक विकास कार्यक्रम तर्जुमा गर्न अधिकतम प्रयास गर्नु रहेको छ । आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना समेत आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यपालिकाका पदाधिकारी, विषयगत शाखा, वडा समिति र स्थानीय सरोकारवालाहरूलाई उपलब्ध गराउन यो मार्गदर्शन तयार गरिएको छ । गाउँ कार्यपालिकाबाट प्राप्त बजेट सीमा तथा प्राथमिकता निर्धारणको आधार तथा प्रक्रिया बमोजिम यस मार्गदर्शन अनुसार आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च संरचनाको प्रस्ताव तयार गर्नु पर्नेछ ।

## कार्यक्रम तथा उपलब्धिको संक्षिप्त समीक्षा

चालू आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यक्रम, नीति, तरल राष्ट्रिय अर्थतन्त्र र विश्वव्यापी आर्थिक शिथिलताको परिवेशमा प्रदेश तथा सङ्घीय सरकार र विकास साझेदार निकायसँग समन्वय, साझेदारी र सहकार्य गरी लक्ष्य अनुसार कार्यान्वयन तर्फ उन्मुख गराउने प्रयास गरिएको छ । चालू आर्थिक वर्षका स्वीकृत केही कार्यक्रम तथा आयोजना सम्पन्न हुने अवस्थामा, केही कार्यान्वयन भइरहेका र केही शुरू हुने अवस्थामा रहेका छन् । स्वीकृत नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनमा समय तालिका पालना, प्रक्रिया तथा नतिजा अनुगमन गरी कार्यतालिका र निर्धारित मापदण्ड र अपेक्षित नतिजा अनुसार कार्यान्वयनलाई व्यवस्थित गर्न अनुभव, सीप तथा क्षमता, कार्यविधि तथा मापदण्डको कमी महसुस गरिएको छ । आगामी वर्षको बजेट तथा कार्यक्रम तर्जुमा देखी नै कार्यान्वयन कार्य योजना, खरिद योजना र अनुगमन तथा मूल्याङ्कन योजना बनाई यसलाई व्यवस्थित गर्ने सिकाई समेत भएको छ । विषयगत योजना, कार्यक्रम तथा आयोजनाको लक्ष्य तथा प्रगति र चालू आर्थिक वर्षको प्रमुख आयोजना तथा कार्यक्रमको कार्यान्वयनको अवस्था र हालसम्मको उपलब्धि समेतलाई मध्यनजर गरी आगामी तीन आर्थिक वर्षका लागि यथाशक्य आयोजना र कार्यक्रमगत रूपमा नभएमा उपक्षेत्रगत रूपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने प्रयास गरिएको छ।

### योजना तथा बजेट तर्जुमाका आधारहरू

मध्यमकालीन खर्च संरचनामा समेत आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा देहायअनुसारका नीतिगत तथा कानुनी व्यवस्थालाई आधारका रूपमा लिइनेछ :

१. नेपालको संविधानका सान्दर्भिक धाराहरू (भाग ३: मौलिक हक र कर्तव्य, भाग ४: राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्व, भाग ५: राज्यको संरचना र राज्य शक्तिको बाँडफाँट, भाग १७: धारा २१४ देखी २३०)

२. गाउँपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावली ।

३. प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद ४: प्राकृतिक श्रोतको परिचालन, राजस्व बाँडफाँट र अनुदान)

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को सान्दर्भिक दफाहरू (परिच्छेद ६: दफा २४ र २५, परिच्छेद ९: दफा ५४ देखी ६८ र परिच्छेद १०: दफा ६९ देखी ८०)

५. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद २: राजस्वको अधिकार, परिच्छेद ३: राजस्वको बाँडफाँट, परिच्छेद ४: अनुदानको अवस्था, परिच्छेदः वैदेशिक सहायता र आन्तरिक ऋण, परिच्छेद ६: सार्वजनिक खर्च व्यवस्था, परिच्छेद ७: राजस्व र व्ययको अनुमान, परिच्छेद ८: वित्तीय अनुशासन)

६. आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ का सान्दर्भिक दफा तथा नियमहरू (बजेट निर्माण, निकासा, खर्च, रकमान्तर र नियन्त्रण, बजेट र कार्यक्रम तर्जुमा, कार्यक्रम स्वीकृती र संशोधन, प्रगति समीक्षा)

७. सार्वजनिक खरिद ऐन, २०६३ र नियमावलीका सान्दर्भिक दफाहरू (ऐनको परिच्छेद २: खरिद कार्यको जिम्मेवारी र खरिद विधि सम्बन्धी व्यवस्था, नियमको परिच्छेद २: खरिद कारबाहीको तयारी, खरिद योजना र लागत अनुमान)

८. दिगो विकास लक्ष्य (लक्ष्य १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १५, १६ तथा १७)

९. दीर्घकालीन सोच तथा १६ औं योजनाको सान्दर्भिक बुँदाहरू

१०. गाउँपालिकाको प्रथम एकिकृत विकास आवधिक योजना, दीर्घकालीन नीति तथा कार्यक्रमको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता र विषयगत लक्ष्य, उद्देश्य, रणनीति, कार्य नीति र रणनीतिक कार्यक्रम तथा आयोजना

११. समपुरक तथा विशेष अनुदानसम्बन्धी कार्यविधि, २०८१

## बजेट सीमा

बजेट वर्ष आ.व. २०८२/८३ सहित ३ आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाको लागि आयोजना तथा उपक्षेत्रगत रूपमा बजेट सीमा देहायअनुसार निर्धारण गरिएको छ ।

| क्रस | विषयक्षेत्र/ उपक्षेत्र | आर्थिक बर्ष | बजेट सिमा (रु. हजारमा) | | | | बजेटको श्रोत रु हजारमा | | | | क्षेत्र/ उपक्षेत्र बाँडफाँट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण | |
| १ | आर्थिक विकास | ८२/८३ | ६०४१५ | १६१८१ | ४४२३४ | ० | ५३० | ५१३८५ | ८५०० | ० | १३.४७ |
| | | ८३/८४ | ६२४३७ | १७७४३ | ४४६९४ | ० | ५३१ | ५३३९३ | ८५१३ | ० | १३.९० |
| | | ८४/८५ | ६४५१४ | १८१३१ | ४६३८४ | ० | ५३२ | ५५४५६ | ८५२७ | ० | १४.३४ |
| क | कृषि, खाद्य सुरक्षा, जलस्रोत तथा सिँचाई | ८२/८३ | ३९९९० | ५६४० | ३४३५० | ० | ५० | ३४०४० | ५९०० | ० | ८.९२ |
| | | ८३/८४ | ४३२१२ | ८६२४ | ३४५८८ | ० | ५० | ३७२५३ | ५९०९ | ० | ९.६२ |
| | | ८४/८५ | ४४०८९ | ८९९८ | ३५०९१ | ० | ५० | ३८१२१ | ५९१८ | ० | ९.८० |
| ख | पशु सेवा | ८२/८३ | १२५० | १२५० | ० | ० | ० | १००० | २५० | ० | ०.२८ |
| | | ८३/८४ | ११६८ | ११२३ | ४५ | ० | ० | ९१७ | २५० | ० | ०.२६ |
| | | ८४/८५ | १२१५ | ११२५ | ९० | ० | ० | ९६४ | २५१ | ० | ०.२७ |
| ग | उद्योग ब्यापार ब्यवसाय | ८२/८३ | ७८८० | ३०० | ७५८० | ० | ० | ७५३० | ३५० | ० | १.७६ |
| | | ८३/८४ | ७८६१ | २२५ | ७६३६ | ० | ० | ७५१० | ३५१ | ० | १.७५ |
| | | ८४/८५ | ८५४८ | २२५ | ८३२३ | ० | ० | ८१९७ | ३५१ | ० | १.९० |
| घ | पर्यटन तथा संस्कृति | ८२/८३ | ३७८० | ३२८० | ५०० | ० | ० | २७८० | १००० | ० | ०.८४ |
| | | ८३/८४ | ३२३४ | २६९५ | ५३९ | ० | ० | २२३३ | १००२ | ० | ०.७२ |
| | | ८४/८५ | ३५९९ | २६९९ | ९०० | ० | ० | २५९६ | १००३ | ० | ०.८० |
| ङ | भूमि ब्यवस्था सहकारी तथा वित्तीय व्यवस्था | ८२/८३ | १४०० | २०० | १२०० | ० | ० | ४०० | १००० | ० | ०.३१ |
| | | ८३/८४ | १३९२ | १३५ | १२५८ | ० | ० | ३९१ | १००२ | ० | ०.३१ |
| | | ८४/८५ | १४८५ | १३५ | १३५० | ० | ० | ४८२ | १००३ | ० | ०.३३ |
| च | श्रम रोजगारी र गरिवि निवारण | ८२/८३ | ६११५ | ५५११ | ६०४ | ० | ४८० | ५६३५ | ० | ० | १.३६ |
| | | ८३/८४ | ५५७० | ४९४१ | ६२९ | ० | ४८१ | ५०८९ | ० | ० | १.२४ |
| | | ८४/८५ | ५५७९ | ४९४९ | ६३० | ० | ४८२ | ५०९७ | ० | ० | १.२४ |
| २ | सामाजिक विकास | ८२/८३ | २७९४३१ | २३१८२४ | ४७६०७ | ० | ६१४७ | २५५५६४ | १७७२१ | ० | ६२.३१ |
| | | ८३/८४ | २७८१३८ | २२८१८८ | ४९९५० | ० | ५८५० | २५४५४० | १७७४८ | ० | ६१.९२ |
| | | ८४/८५ | २८००५७ | २२८५४४ | ५१५१२ | ० | ५८०९ | २५६४७१ | १७७७६ | ० | ६२.२५ |
| क | शिक्षा कला भाषा तथा साहित्य | ८२/८३ | १९३६७९ | १६८५५६ | २५१२३ | ० | १६०७ | १७९८१२ | १२२६१ | ० | ४३.१९ |
| | | ८३/८४ | १९१३५५ | १६६२०० | २५१५५ | ० | १६०९ | १७७४६५ | १२२८० | ० | ४२.६० |
| | | ८४/८५ | १९२५५३ | १६६४५९ | २६०९४ | ० | १६१२ | १७८६४२ | १२२९९ | ० | ४२.८० |
| ख | स्वास्थ्य तथा पोषण | ८२/८३ | ६६८४५ | ४७२४५ | १९६०० | ० | ४४३० | ५८११५ | ४३०० | ० | १४.९० |
| | | ८३/८४ | ६४५९३ | ४४९१९ | १९६७४ | ० | ४१३३ | ५६१५४ | ४३०७ | ० | १४.३८ |
| | | ८४/८५ | ६५२३४ | ४४९८९ | २०२४५ | ० | ४०९४ | ५६८२७ | ४३१३ | ० | १४.५० |
| ग | खानेपानी तथा सरसफाई | ८२/८३ | २९३० | ३३६ | २५९५ | ० | ० | २९३० | ० | ० | ०.६५ |
| | | ८३/८४ | ५३९० | २६९५ | २६९५ | ० | ० | ५३९० | ० | ० | १.२० |
| | | ८४/८५ | ५३९९ | २६९९ | २६९९ | ० | ० | ५३९९ | ० | ० | १.२० |
| घ | महिला बालबालिका सामाजिक समावेशीकरण | ८२/८३ | १३२७७ | १३१९७ | ८० | ० | ११० | १२२०७ | ९६० | ० | २.९६ |
| | | ८३/८४ | १२७५७ | १२५७७ | १८० | ० | १०८ | ११६८८ | ९६२ | ० | २.८४ |
| | | ८४/८५ | १२८२२ | १२५९७ | २२५ | ० | १०३ | ११७५५ | ९६३ | ० | २.८५ |
| | | ८२/८३ | २७०० | २४९० | २१० | ० | ० | २५०० | २०० | ० | ०.६० |

| क्रस | विषयक्षेत्र/ उपक्षेत्र | आर्थिक बर्ष | बजेट सिमा (रु. हजारमा) | | | | बजेटको श्रोत रु हजारमा | | | | क्षेत्र/ उपक्षेत्र बाँडफाँट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण | |
| ङ | युवा खेलकुद तथा नवप्रवर्तन | ८३/८४ | ४०४३ | १७९७ | २२४६ | ० | ० | ३८४२ | २०० | ० | ०.९० |
| | | ८४/८५ | ४०४९ | १८०० | २२४९ | ० | ० | ३८४८ | २०१ | ० | ०.९० |
| **३** | **पूर्वाधार विकास क्षेत्र** | **८२/८३** | **२४०००** | **६०** | **२३९४०** | **०** | **०** | **२२६१५** | **१३८५** | **०** | **५.३५** |
| | | **८३/८४** | **२७४९०** | **४९४** | **२६९९६** | **०** | **०** | **२६१०३** | **१३८७** | **०** | **६.१२** |
| | | **८४/८५** | **२८४७८** | **५४०** | **२७९३८** | **०** | **०** | **२७०८९** | **१३८९** | **०** | **६.३३** |
| क | बस्ती विकास, आवास तथा भवन | ८२/८३ | १३१५ | ० | १३१५ | ० | ० | १३१५ | ० | ० | ०.२९ |
| | | ८३/८४ | ३१८९ | ४५ | ३१४४ | ० | ० | ३१८९ | ० | ० | ०.७१ |
| | | ८४/८५ | ३७७९ | १८० | ३५९९ | ० | ० | ३७७९ | ० | ० | ०.८४ |
| ख | सडक तथा यातायात | ८२/८३ | २०९८५ | ० | २०९८५ | ० | ० | २०१४० | ८४५ | ० | ४.६८ |
| | | ८३/८४ | २१६५१ | ९० | २१५६१ | ० | ० | २०८०५ | ८४६ | ० | ४.८२ |
| | | ८४/८५ | २२७१९ | २२५ | २२४९५ | ० | ० | २१८७२ | ८४८ | ० | ५.०५ |
| ग | जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | ८२/८३ | १६४० | ० | १६४० | ० | ० | ११४० | ५०० | ० | ०.३७ |
| | | ८३/८४ | २४७१ | २२५ | २२४६ | ० | ० | १९७० | ५०१ | ० | ०.५५ |
| | | ८४/८५ | १८४५ | ४५ | १८०० | ० | ० | १३४३ | ५०२ | ० | ०.४१ |
| घ | सूचना, सञ्चार तथा प्रविधि | ८२/८३ | ६० | ६० | ० | ० | ० | २० | ४० | ० | ०.०१ |
| | | ८३/८४ | १८० | १३५ | ४५ | ० | ० | १४० | ४० | ० | ०.०४ |
| | | ८४/८५ | १३५ | ९० | ४५ | ० | ० | ९५ | ४० | ० | ०.०३ |
| **४** | **वन तथा वातावरण क्षेत्र** | **८२/८३** | **११०५५** | **५६५५** | **५४००** | **०** | **२४५** | **९५००** | **१३१०** | **०** | **२.४६** |
| | | **८३/८४** | **१२०८३** | **५१२१** | **६९६२** | **०** | **२४५** | **१०५२६** | **१३१२** | **०** | **२.६९** |
| | | **८४/८५** | **१२९५७** | **५१७४** | **७७८३** | **०** | **२४६** | **११३९७** | **१३१४** | **०** | **२.८८** |
| क | वन, भूसंरक्षण र जैविक विविधता | ८२/८३ | ४५ | ४५ | ० | ० | ४५ | ० | ० | ० | ०.०१ |
| | | ८३/८४ | २७० | १८० | ९० | ० | ४५ | २२४ | ० | ० | ०.०६ |
| | | ८४/८५ | २२५ | १३५ | ९० | ० | ४५ | १८० | ० | ० | ०.०५ |
| ख | वातावरण तथा फाहोरमैला व्यवस्थापन | ८२/८३ | १००० | १००० | ० | ० | ० | १००० | ० | ० | ०.२२ |
| | | ८३/८४ | ५८४ | ४४९ | १३५ | ० | ० | ५८४ | ० | ० | ०.१३ |
| | | ८४/८५ | ५८५ | ५४० | ४५ | ० | ० | ५८५ | ० | ० | ०.१३ |
| ग | विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता | ८२/८३ | १००१० | ४६१० | ५४०० | ० | २०० | ८५०० | १३१० | ० | २.२३ |
| | | ८३/८४ | ११२३० | ४४९२ | ६७३८ | ० | २०० | ९७१७ | १३१२ | ० | २.५० |
| | | ८४/८५ | १२१४७ | ४४९९ | ७६४८ | ० | २०१ | १०६३२ | १३१४ | ० | २.७० |
| **५** | **संस्थागत विकास क्षेत्र** | **८२/८३** | **७३५८५** | **६८०८५** | **५५००** | **०** | **३१५८** | **६८५७३** | **१८५५** | **०** | **१६.४१** |
| | | **८३/८४** | **६९०४०** | **६२८८६** | **६१५४** | **०** | **३५८३** | **६३५८८** | **१८६९** | **०** | **१५.३७** |
| | | **८४/८५** | **६३८८४** | **५८०३६** | **५८४९** | **०** | **३७०३** | **५८३१२** | **१८६९** | **०** | **१४.२०** |
| क | नीति, कानून, न्याय तथा सुशासन | ८२/८३ | ८९९० | ८९९० | ० | ० | ० | ८६६६ | ३२५ | ० | २.०० |
| | | ८३/८४ | ८९८४ | ८९८४ | ० | ० | ० | ८६५९ | ३२५ | ० | २.०० |
| | | ८४/८५ | ८९९८ | ८९९८ | ० | ० | ० | ८६७२ | ३२६ | ० | २.०० |
| ख | संगठन, मानव संशाधन र क्षमता विकास | ८२/८३ | ५८५३५ | ५३०३५ | ५५०० | ० | २४२२ | ५४८८३ | १२३० | ० | १३.०५ |
| | | ८३/८४ | ५२६४५ | ४७१६५ | ५४८० | ० | २८४६ | ४८५५५ | १२४४ | ० | ११.७२ |
| | | ८४/८५ | ४८१३८ | ४२७४० | ५३९९ | ० | २९६५ | ४३९३१ | १२४३ | ० | १०.७० |
| | | ८२/८३ | ७०० | ७०० | ० | ० | ४०० | ० | ३०० | ० | ०.१६ |

| क्रस | विषयक्षेत्र/ उपक्षेत्र | आर्थिक बर्ष | बजेट सिमा (रु. हजारमा) | | | | बजेटको श्रोत रु हजारमा | | | | क्षेत्र/ उपक्षेत्र बाँडफाँट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण | |
| ग | राजस्व तथा श्रोत परिचालन | ८३/८४ | १३४८ | ६७४ | ६७४ | ० | ४०१ | ६४६ | ३०० | ० | ०.३० |
| | | ८४/८५ | ११२५ | ६७५ | ४५० | ० | ४०१ | ४२३ | ३०१ | ० | ०.२५ |
| घ | तथ्याङ्क, योजना तथा विकास परिचालन | ८२/८३ | ५३६० | ५३६० | ० | ० | ३३६ | ५०२४ | ० | ० | १.२० |
| | | ८३/८४ | ६०६४ | ६०६४ | ० | ० | ३३७ | ५७२८ | ० | ० | १.३५ |
| | | ८४/८५ | ५६२४ | ५६२४ | ० | ० | ३३७ | ५२८७ | ० | ० | १.२५ |
| | जम्मा | ८२/८३ | ४४८४८६ | ३२१८०५ | १२६६८१ | ० | १००८० | ४०७६३६ | ३०७७० | ० | १०० |
| | | ८३/८४ | ४४९१८९ | ३१४४३२ | १३४७५७ | ० | १०२०९ | ४०८१५० | ३०८३० | ० | १०० |
| | | ८४/८५ | ४४९८९० | ३१०४२४ | १३९४६६ | ० | १०२९० | ४०८७२५ | ३०८७५ | ० | १०० |

क्रमागत र प्राथमिकता क्षेत्रका देहायमा उल्लिखित कार्यक्रम तथा आयोजनामा स्रोतको सुनिश्चितता हुने गरी बजेटको सीमामा रही उपक्षेत्रगत रूपमा कार्यक्रम तथा आयोजना छनौट गर्नु हुन अनुरोध छः

रकम रू. हजारमा

| उपक्षेत्र | कार्यक्रम तथा आयोजना | कुल | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ |
|---|---|---|---|---|---|---|---|
| कृषि, खाद्य सुरक्षा, जलस्रोत तथा सिँचाई | आधुनिक कृषि उपकरण खरिद तथा वितरण कार्यक्रम | ५००० | ० | ० | २५०० | २५०० | ० |
| जलस्रोत तथा सिँचाई व्यवस्थापन | मसानघाट देखि काठावगड सम्म तटबन्ध वडा नं ६ | ५०००० | ७००० | १५००० | २८००० | ० | ० |
| सडक, पुल तथा यातायात | इयरकोट जामिर साङपाङ सडक | ५०००० | ० | १५०० | ५००० | ५००० | ५००० |
| पर्यटन तथा संस्कृति | तल्ला सुण्डमुण्ड देखि छिपुलथान डाइभर्सिटी पार्क सम्म पर्यटकीय पदमार्ग आयोजना | २०००० | ० | ० | ६५०० | ३५०० | १०००० |
| शिक्षा विज्ञान कला भाषा | विद्यालय भौतिक पूर्वाधार सुदृढिकरण तथा मर्मत सम्भार कार्यक्रम | ११७०० | ० | ० | ११७०० | १०००० | १०००० |
| शिक्षा विज्ञान कला भाषा | भवानी आ.वि. साङपाङ विद्यालय भवन निर्माण आयोजना | १२०० | ० | ० | १०७०० | ० | ० |
| शिक्षा विज्ञान कला भाषा | आधारभुत तह ०-५ शैक्षिक गुणस्तर सुधार कार्यक्रम | ५० | ० | ० | २५०० | २५०० | ० |

| उपक्षेत्र | कार्यक्रम तथा आयोजना | कुल | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ |
|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य सेवा तथा पोषण | स्वास्थ्य उपकरण खरिद तथा जडान कार्यक्रम | २५००० | ० | ० | १५५०० | ४५०० | ० |
| सडक पुल तथा यातायात | सुकेखोला पनढुङ्गा सडक निर्माण आयोजना | ३०००० | ० | ० | १९०० | २००० | २००० |
| सडक पुल तथा यातायात | धुलिगडा डाँडा सडक निर्माण आयोजना | २०००० | ० | ० | १००० | १५०० | १५०० |
| सडक पुल तथा यातायात | भरभगे रैचु सडक निर्माण आयोजना | १५००० | ० | ० | ९०० | २००० | २००० |
| सडक पुल तथा यातायात | सिप्टी भिड सडक निर्माण आयोजना | २०००० | ० | ० | १००० | १५०० | १५०० |
| सडक पुल तथा यातायात | दल्लेख गोधानी सडक निर्माण आयोजना | २०००० | ० | ० | १००० | २००० | २००० |
| जलस्रोत विद्युत तथा स्वच्छ उर्जा | लघुजलविद्युत आयोजना सुदृढिकरण कार्यक्रम | ५००० | ० | ० | ११०० | १५०० | १५०० |
| स्वास्थ्य सेवा तथा पोषण | आधारभूत स्वास्थ्य सेवा केन्द्र सुन्डमुन्ड स्वास्थ्य भवन निर्माण | ३००० | ० | १००० | १७०० | ० | ० |
| सडक पुल तथा यातायात | सडक सफाई तथा मर्मत संम्भार कार्यक्रम | १०००० | ० | १५०० | १३०० | ० | ० |
| | | २८०९५० | ७००० | १९००० | ८९८०० | ३६००० | ३५५०० |

## बजेट तर्जुमा मार्गदर्शन

आगामी आर्थिक वर्ष २०८२/८३ सहित आगामी दुई आर्थिक वर्षको लागि उपलब्ध बजेट सीमा भित्र रही गाउँपालिकाको विषयगत क्षेत्र रणनीतिक तथा गुरुयोजना, प्रस्तुत वार्षिक नीति तथा कार्यक्रमको आधारमा देहायमा उल्लिखित विषयहरूलाई मध्यनजर गरी आयोजना तथा कार्यक्रमहरूको छनौट, प्राथमिकता निर्धारण, बजेट अनुमान तथा साङ्केतिकरण र आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण समेत तयार गरी तोकिएको समय सीमाभित्र पेश गर्नु हुन अनुरोध छ :

१. नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व र अनुसुची ८ र ९ मा उल्लेखित अधिकारहरूसँग तालमेल हुने आयोजना तथा कार्यक्रम छनौट गर्नु पर्नेछ ।

२. मध्यमकालीन खर्च संरचना तथा सार्वजनिक खर्च विवरणमा उल्लिखित खर्चलाई ध्यान दिई आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र छनौट गर्नु पर्नेछ ।

३. गाउँपालिकाको तर्जुमा हुने आवधिक योजना, वार्षिक नीति कार्यक्रम, विषय क्षेत्र रणनीतिक गुरुयोजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, विषयगत लक्ष्य तथा उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रम अनुसार आयोजना तथा कार्यक्रम तर्जुमा गर्नु पर्नेछ ।

४. चालू आर्थिक वर्षमा सञ्चालित स्थानीय गौरव/स्वर्णिम, रुपान्तरणकारी, क्रमागत, बहु वर्षीय र अधुरा आयोजना तथा कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखी बजेट अनुमान गर्नु पर्नेछ ।

५. आयोजना तथा कार्यक्रम छनौट गर्दा साना, टुक्रे र संख्यात्मक रूपमा धेरै आयोजना छनौट भन्दा ठोस, उपलब्धिमूलक र कार्यान्वयन योग्य आयोजना तथा कार्यक्रमहरूको छनौट गर्नु पर्नेछ ।

६. गाउँपालिका स्तरीय योजना छनौट गर्दा आयोजना बैङ्क तथा मध्यमकालीन खर्च संरचना समावेश भएका वा कानुन अनुसार वातावरण प्रभाव अध्ययन लगायत सम्भाव्यता अध्ययन भई डिजाईन, लागत अनुमान तथा विस्तृत अध्ययन प्रतिवेदन तयार भएका तथा स्रोत सुनिश्चतता भएका आयोजना तथा कार्यक्रमलाई छनौट गर्नु पर्नेछ ।

७. आम नागरिकको आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसफाइ, सशक्तीकरण, रोजगारी र उद्यमशिलता विकास हुने तथा सामाजिक आर्थिक पुनर्लाभका कार्यक्रमलाई समावेश गर्नु पर्नेछ ।

८. स्थानीय तहमा राजस्व अभिवृद्धि गर्ने र आयमूलक आयोजना तथा कार्यक्रमलाई अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ।

९. कृषि, उद्योग, वन तथा पर्यटन उपजको उत्पादन, व्यावसायिकरण, विविधीकरण र औद्योगीकरणलाई सहयोग पुर्याउने कार्यक्रमहरू छनौट गर्नु पर्नेछ ।

१०. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा गाउँपालिकाको नीति, विषयगत रणनीतिक/गुरूयोजना तथा कानुनले निर्धारण गरेका दायित्वलाई अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ ।

११. विज्ञान, प्रविधि तथा खेलकुद लगायत युवाको सिर्जनशिलता, नवप्रर्वतनशिलता र उद्यमशिलता विकासमा सघाउ पुग्ने आयोजना तथा कार्यक्रमहरू छनौट गर्नु पर्नेछ ।

१३. योग, ज्ञान तथा सीप विकास, अध्ययन, खोज, अनुसन्धान र नव प्रवर्तनसँग सम्बन्धित आयोजना तथा कार्यक्रम तर्जुमा गरी समावेश गर्नु पर्नेछ ।

१२. भू-उपयोग योजना र क्षेत्र, बस्ती विकास तथा भौतिक विकास योजना तर्जुमा लगायत यस्ता योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रममा कार्यान्वयन गर्ने योजना छनौट गर्नु पर्नेछ ।

१३. बालबालिकालाई केन्द्र विन्दुमा राखी उनीहरूको बचाउ, संरक्षण, विकास र सहभागिता सम्बन्धी आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

१४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था अनुसार बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको लक्ष्य, उद्देश्य, समय सीमा प्रक्रियासँग अनुकूल हुने गरी दिगो विकासका लक्ष्य लगायत वातावरण, सुशासन, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम व्यवस्थापन, लैङ्गिक समानता र सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ ।

१५. विकास निर्माण आयोजनाको हकमा ठोस तथा उपलब्धिमूलक आयोजना तथा कार्यक्रम छनौट गर्नु पर्नेछ । महिला, पिछडिएको वर्ग, विस्थापित, अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रम महत्व र प्राथमिकता साथ छनौट गर्नु पर्नेछ ।

१६. आयोजना तथा कार्यक्रम तर्जुमा गर्दा वातावरणीय प्रभाव अध्ययन र सम्भाव्यता अध्ययन, सर्वेक्षण, ड्इङ्ग तथा डिजाइन समेत लागत अनुमान तयार भएका प्राविधिक, वातावरणीय, सामाजिक र सांस्कृतिक रूपमा सम्भाव्य देखिएका आयोजना तथा कार्यक्रम छनौट गर्नु पर्नेछ । आयोजना तथा कार्यक्रमको छनौट गर्दा बजेटको स्रोत समेत खुलाइ प्रस्ताव गर्नु पर्नेछ । यसबाट आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा समयमा सञ्चालन गर्न र बजेट अपुग हुन पाउँदैन ।

१७. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा चालू आर्थिक वर्षको खरिद गुरु योजनालाई समेत ध्यान दिनु पर्नेछ ।

१८. आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नु अगावै सो आयोजना तथा कार्यक्रमबाट लाभान्वित तथा प्रभावित वर्ग तथा समुदाय, साझेदार तथा सहयोगी निकाय र संघ/राय परामर्श गरी सहमति भएको अवस्थामा मात्र आयोजना तथा कार्यक्रम प्रस्ताव तथा छनौट गर्नु पर्नेछ ।

१९. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा उपलब्ध बजेट सीमा र मार्गदर्शन अनुसार आयोजना तथा कार्यक्रमगत र विषयगत उपक्षेत्र अनुसार छुट्टाछुट्टै रूपमा तर्जुमा गर्नु पर्नेछ ।

२०. उपभोक्ता समिति, नागरिक तथा सामुदायिक संस्था, गैर सरकारी संस्थासँग साझेदारी गर्न र सो मार्फत कार्यान्वयन गर्न सकिने आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

२१. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा उल्लेखित ढाँचा तथा फाराममा मध्यमकालीन खर्च संरचना, नतिजा खाका, आयोजना र कार्यक्रम तथा बजेट विवरण तयार गर्नु पर्नेछ ।

२२. योजना तथा बजेट तर्जुमा गर्दा गाउँपालिकाको स्थिति पत्र (प्रोफाइल), स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याङ्कन, कार्यसम्पादन मूल्याङ्कन, लैङ्गिक समानता सामाजिक समावेशीकरण परीक्षण, वित्तीय जोखिम तथा सुशासन कार्ययोजनाल आदिले लक्षित गरे अनुसारका क्षेत्र तथा सवाललाई सम्बोधन गर्नु पर्नेछ ।

२३. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्नेछ ।

आज्ञाले,
पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत
नौगाड गाउँपालिका

## अनुसूची ३:
## आगामी तीन आर्थिक वर्षको विषय उप–क्षेत्रगत/कार्यक्रम/आयोजना विवरण र बजेट विनियोजन

रकम रू. हजारमा

| क.सं. | विषयगत उपक्षेत्र/कार्यक्रम/ आयोजना | आ.व. २०८२/८३ को विनियोजन | | | | आ.व. २०८३/८४ को प्रक्षेपण | | | | आ.व. २०८४/८५ को प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालू | पूजिगत | वित्तीय व्यवस्था | कुल | चालू | पूजिगत | वित्तीय व्यवस्था | कुल | चालू | पूजिगत | वित्तीय व्यवस्था |
| क) | आर्थिक विकास क्षेत्र | | | | | | | | | | | | |
| १ | कृषि, खाद्य सुरक्षा, जलस्रोत तथा सिंचाइ | ३९९९० | ५६४० | ३४३५० | ० | ४३२१२ | ८६२४ | ३४५८८ | ० | ४४०८९ | ८९९८ | ३५०९१ | ० |
| २ | पशुपंक्षी सेवा | १२५० | १२५० | ० | ० | ११६८ | ११२३ | ४५ | ० | १२१५ | ११२५ | ९० | ० |
| ३ | पर्यटन तथा संस्कृति | ७८८० | ३२८० | ४६०० | ० | ३२३४ | २६९५ | ५३९ | ० | ३५९९ | २६९९ | ९०० | ० |
| ४ | उद्योग, व्यापार तथा व्यवसाय | ३७८० | ३०० | ३४८० | ० | ७८६१ | २२५ | ७६३६ | ० | ८५४८ | २२५ | ८३२३ | ० |
| ५ | भूमि व्यवस्था, बैङ्क, वित्तीय तथा सहकारी | १४०० | २०० | १२०० | ० | १३९२ | १३५ | १२५८ | ० | १४८५ | १३५ | १३५० | ० |
| ६ | श्रम, रोजगारी तथा गरिवी निवारण | ६११५ | ५५११ | ६०४ | ० | ५५७० | ४९४१ | ६२९ | ० | ५५७९ | ४९४९ | ६३० | ० |
| ख) | सामाजिक विकास | | | | | | | | | | | | |
| ७ | शिक्षा, विज्ञान, कला, भाषा तथा साहित्य | १९३६७९ | १६८५५६ | २५१२३ | ० | १९१३५५ | १६६२०० | २५१५५ | ० | १९२५५३ | १६६४५९ | २६०९४ | ० |
| ८ | स्वास्थ्य तथा पोषण | ६६८४५ | ४७२४५ | १९६०० | ० | ६४५९३ | ४४९१९ | १९६७४ | ० | ६५२३४ | ४४९८९ | २०२४५ | ० |
| ९ | खानेपानी, सरसरफाई तथा स्वच्छता | २९३० | ३३६ | २५९५ | ० | ५३९० | २६९५ | २६९५ | ० | ५३९९ | २६९९ | २६९९ | ० |
| १० | महिला, बालबालिका तथा लक्षित वर्ग | १३२७७ | १३१९७ | ८० | ० | १२७५७ | १२५७७ | १८० | ० | १२८२२ | १२५९७ | २२५ | ० |
| ११ | युवा तथा खेलकूद | | | | | | | | | | | | |
| ग) | पूर्वाधार विकास | | | | | | | | | | | | |

| क.सं. | विषयगत उपक्षेत्र/कार्यक्रम/आयोजना | आ.व. २०८२/८३ को विनियोजन | | | | आ.व. २०८३/८४ को प्रक्षेपण | | | | आ.व. २०८४/८५ को प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालू | पूजिगत | वित्तीय व्यवस्था | कुल | चालू | पूजिगत | वित्तीय व्यवस्था | कुल | चालू | पूजिगत | वित्तीय व्यवस्था |
| १२ | आवास, भवन तथा सहरी विकास | १३१५ | ० | १३१५ | ० | ३१८९ | ४५ | ३१४४ | ० | ३७७९ | १८० | ३५९९ | ० |
| १३ | सडक, पुल तथा यातायात | २०९८५ | ० | २०९८५ | ० | २१६५१ | ९० | २१५६१ | ० | २२७१९ | २२५ | २२४९५ | ० |
| १४ | जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा | १६४० | ० | १६४० | ० | २४७१ | २२५ | २२४६ | ० | १८४५ | ४५ | १८०० | ० |
| १५ | सूचना तथा सञ्चार प्रविधि | ६० | ६० | ० | ० | १८० | १३५ | ४५ | ० | १३५ | ९० | ४५ | ० |
| घ) | वन, वातावरण तथा विपद् व्यवस्थापन | | | | | | | | | | | | |
| १६ | वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण | ४५ | ४५ | ० | ० | २७० | १८० | ९० | ० | २२५ | १३५ | ९० | ० |
| १७ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | १००० | १००० | ० | ० | ५८४ | ४४९ | १३५ | ० | ५८५ | ५४० | ४५ | ० |
| १८ | विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन | १००१० | ४६१० | ५४०० | ० | ११२३० | ४४९२ | ६७३८ | ० | १२१४७ | ४४९९ | ७६४८ | ० |
| ङ) | संस्थागत विकास तथा सुशासन क्षेत्र | | | | | | | | | | | | |
| १९ | स्थानीय नीति, कानुन, न्याय तथा सुशासन | ८९९० | ८९९० | ० | ० | ८९८४ | ८९८४ | ० | ० | ८९९८ | ८९९८ | ० | ० |
| २० | संगठन, मानव संशाधन र सेवा प्रवाह | ५८५३५ | ५३०३५ | ५५०० | ० | ५२६४५ | ४७१६५ | ५४८० | ० | ४८१३८ | ४२७४० | ५३९९ | ० |
| २१ | राजस्व तथा स्रोत परिचालन | ७०० | ७०० | ० | ० | १३४८ | ६७४ | ६७४ | ० | ११२५ | ६७५ | ४५० | ० |
| २२ | तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन | ५३६० | ५३६० | ० | ० | ६०६४ | ६०६४ | ० | ० | ५६२४ | ५६२४ | ० | ० |
| कुल जम्मा | | ४४८४८६ | ३२११०५ | १२७३८१ | ० | ४४९१८९ | ३१४४३२ | १३४७५७ | ० | ४४९८९० | ३१०४२४ | १३९४६६ | ० |

www.naugadmun.gov.np

# नौगाड गाउँपालिका, मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८२/८३-२०८४/०८५)

{Cell No: 9858784584, E-mail: info@naugadmun.gov.np, naugaad@gmail.com}